सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ पुस २०७९, आइतबार (1 Jan 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक २५२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

आज
४० पृष्ठको विशेषांक

नयाँ पत्रिका
नयाँ यात्रा
अंग्रेजी नयाँ वर्ष २०२३ विशेषांक




नयाँ पत्रिकासँगै नि:शुल्क

संकटको घडीमा आशा र निराशाबीच सन्तुलन
● इस्थर डुफ्लो र अभिजित बनर्जी

सन् २०२२ विश्वका लागि कति अर्थपूर्ण ?

धेरैजसो पुरुषका घनिष्ठ साथी किन हुँदैनन् ?
● मेडलाइन होल्कोम्ब

अर्थतन्त्रमा देखिएका समस्या काबुबाहिर छैनन्



अन्तर्वार्ता
विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

जब अश्वेत युवतीहरूले सपना देख्ने साहस गर्छन्
● मो अबुदु





● खिमलाल देवकोटा
संघीयताको विकल्प होइन सबलीकरण आवश्यक

अन्तर्राष्ट्रिय राष्ट्रवादीहरूको उदय
● डेभिड साला



समृद्ध पर्यटन पाँच वर्ष, १० काम
● दीपकराज जोशी

■ सरकारी अस्पतालको भद्रगोल सेवा

बिरामी अहिले, शल्यक्रिया अर्को वर्ष

देशका तीन ठूला सरकारी अस्पताल वीर, टिचिङ र निजामतीका युरोलोजी विभागमा शल्यक्रियाका लागि बिरामीले चाहेका वेला मिति पाउनु दुर्लभजस्तै छ। शल्यक्रिया गर्न बिरामी ०८० को असोज-कात्तिकसम्मका मिति लिएर पालो कुरिरहेका छन्।

मञ्जु टेलर/नयाँ पत्रिका

पेट दुख्ने समस्या लिएर गत कात्तिकमा वीर अस्पताल पुगेकी गोरखा सिरानचोक गाउँपालिकाकी ५५ वर्षीया नितु दवाडीको मिर्गौंलामा पत्थरी देखियो। चिकित्सकले उनको शल्यक्रिया गर्नुपर्ने निश्चित गरिसकेका छन्। तर, शल्यक्रियाका लागि पालो नपाएकी उनले औषधिकै भरमा जीवन धानेकी छिन्। उनी नियमित फलोअपमा छिन्।

पत्थरीले मिर्गौंलाको अधिकांश भाग ढाकेको रिपोर्ट आएपछि पनि अस्पतालले उनलाई ११ महिनापछिको मात्रै पालो दिएको हो। १० भदौ ०८० मा मात्रै उनको शल्यक्रियाको मिति तोकिएको छ। हाल गोरखामै रहेकी उनले भनिन्, 'शल्यक्रियाका लागि लामो समय पालोमा बस्नुपर्ने भएपछि औषधि लिएर घर फर्किएकी हुँ। छिटो शल्यक्रिया गर्ने भए निजी अस्पतालमा जाँदा हुन्छ भन्छन् वीरका कर्मचारी।' तर, निजी अस्पतालमा उपचार गराउने खर्च नभएकाले पालो कुर्न बाध्य भएको उनी बताउँछिन्।

मिर्गौंलामै पत्थरी भएको समस्या लिएर रामेछाप मन्थली नगरपालिका-१३ बाट काठमाडौं आएका २६ वर्षीय राजकुमार सुनार पनि शल्यक्रियाका लागि झन्डै एक वर्षपछि आउने पालो कुरिरहेका छन्। लगातार पेट दुख्न थालेपछि वीर अस्पताल आएका उनको परीक्षण गर्दा मिर्गौंलामा पत्थरी पुष्टि भएको थियो। गत असोजको पहिलो साता चिकित्सकले शल्यक्रिया गर्नुपर्ने निश्चित गरे पनि बिरामीको चाप रहेको भन्दै ३२ साउन ०८० को मिति दिइएको छ।

'शल्यक्रियाको मिति अगाडि सार्न सकिन्छ कि भनेर अस्पताल गइरहेको छु, तर कहिले चिकित्सक नै भेटिँदैनन्, भेटिइहाले भने पनि तत्काल शल्यक्रिया गर्न सम्भव नभएको बताउँछन्। अहिले पेट दुख्न थाल्यो भने औषधि खान्छु,' उनले भने, 'निजी अस्पतालमा कम्तीमा डेढ-दुई लाख खर्च लाग्ने शल्यक्रिया वीरमा १५-१६ हजारमै गर्न सकिन्छ भनेर पालो कुरिरहेको छु।'

सुनसरीको इटहरी उपमहानगरपालिका- १ आदर्शटोलका ४३ वर्षीय बबिन दाहाल पनि वीरमै मिर्गौंलाको पत्थरीकै शल्यक्रिया गर्ने पालोमा छन्। उनको मिर्गौंलाबाट पत्थरी निकाल्नुपर्ने निष्कर्ष चिकित्सकले मंसिरमै गरेकामा अब शल्यक्रियाको पालो भने १२ भदौ ०८० का लागि तोकिएको छ। तर, बारम्बार स्वास्थ्य समस्या देखिएर फलोअपमा धाइरहेका बबिन बीचमै झन् जटिल समस्या आउने हो कि भन्नेमा चिन्तित छन्। 'निजीमा गएर पत्थरी निकाल्ने पैसा छैन, इन्स्योरेन्स पनि भएकाले वीरमा पालो कुरिरहेको छु,' उनले

» पृष्ठ ११ मा क्रमशः

■ वीर अस्पतालमा पालो कुर्दा झन्डै दुवै मिर्गौंला गुम्यो कञ्चनपुर बेलौरीकी भूमि नेपालीको



गत वैशाखमा मिर्गौंलामा जटिल समस्या देखिएपछि कञ्चनपुर बेलौरी नगरपालिकाकी २४ वर्षीया भूमि नेपालीलाई धनगढीबाट काठमाडौं रेफर गरियो। मिर्गौंलामा पत्थरी देखिएको र एउटा मिर्गौंला सानो भएकाले शल्यक्रियाका लागि काठमाडौं पठाइएको थियो। वीर अस्पतालमा परीक्षणपछि औषधिको माध्यमबाट निको हुने र थप समस्या देखिएमा फलोअपमा रहने भन्दै फर्काइएको थियो। तर, मंसिरमा हातगोडा सुन्निने र पेटको दुखाइ बढेपछि उनी अस्पताल भर्ना भइन्। परीक्षणका क्रममा मिर्गौंलामा संक्रमण फैलिएको देखियो। तत्काल शल्यक्रिया गर्नुपर्ने भयो, तर सरकारी अस्पतालमा पालो पाइनन्। त्यसपछि ललितपुरस्थित सुमेरु अस्पतालमा लगेर अप्रेसन गरिएको छ। 'वीरमा नियमित फलोअपमा रहे पनि शल्यक्रियाको पालो कुर्दा झन्डै दुईवटै मिर्गौंला फेल भएन। पहिले नै एउटा मिर्गौंला सानो भएको र पत्थरीका कारण समस्या देखिन सक्ने बताए पनि मिर्गौंला नै झिक्नुपर्ने अवस्थाबारे जानकारी नै भएन। वीरमा पालो कुर्दा एउटा मिर्गौंला झिक्नुपर्ने अवस्था आयो,' सुमेरुमा उपचाररत भूमिले भनिन्। उनका अनुसार शल्यक्रिया र त्यसपछिको उपचारमा अहिलेसम्म दुई लाख सकिएको छ। वीरमा सस्तोमा उपचार हुने आसमा पालो कुरे पनि मिर्गौंला नै फेल हुने अवस्था आएपछि ऋण काढेर निजीमा उपचार गराउनुपरेको उनको गुनासो छ।

■ काठमाडौंका तीन सरकारी अस्पताल कहाँ कति पालो कुर्दै ?

वीर अस्पताल : युरोलोजी विभागको तथ्यांकअनुसार साताको तीन दिन मात्रै सञ्चालनमा आउने विभागको ओपिडीमा पाँचदेखि ६ सयसम्म बिरामी उपचारका लागि पुग्छन्। तर, सातामा ४५ देखि ६० बिरामीको मात्रै शल्यक्रिया हुने गरेकाले बाँकीले पालो कुर्नुपर्ने हुन्छ। आगामी कात्तिकसम्म दुई सय १७ जनाले शल्यक्रियाका लागि पालो लिएको अस्पतालको तथ्यांक छ।



● **डा. रबिन बस्नेत**, युरोलोजी विभाग प्रमुख, वीर अस्पताल

निजी अस्पतालमा शल्यक्रिया गर्दा वीरको भन्दा १०-१५ गुणा बढी खर्च हुन्छ। त्यसैले यहाँको स्रोत-साधन र जनशक्तिभन्दा झन्डै १० गुणा बढी बिरामी शल्यक्रियाका लागि आउँछन्। ओपिडीमै भिड हुने र इमर्जेन्सी केसलाई प्राथमिकतामा राख्दा पालो स्वतः लम्बिन्छ।

त्रिवि शिक्षण अस्पताल : अस्पतालका दुई अप्रेसन थिएटरमा दैनिक २० वटा शल्यक्रिया गर्ने क्षमता छ, जसमध्ये तुरुन्तै गर्नुपर्ने शल्यक्रियाका लागि आठदेखि १० केस इमर्जेन्सीका लागि छुट्याइएको छ।



● **डा. पवनराज चालिसे**, युरोलोजी विभाग प्रमुख, टिचिङ अस्पताल

इमर्जेन्सीबाहेकका शल्यक्रियाका लागि लगत्तै पालो पाउने सुविधा नेपालमा मात्रै नभई विश्वभर नै छैन। शल्यक्रिया केही समय सार्दा स्वास्थ्यमा जटिल समस्या नहुने बिरामीलाई केही पछाडि पालोमा राख्नु स्वाभाविक हो। सबै शल्यक्रिया समयमै गर्नका लागि स्वास्थ्य प्रणाली नै प्राइभेट सिस्टममा जानुपर्छ।

सिभिल अस्पताल : बानेश्वरको निजामती कर्मचारी अस्पतालमा पनि मिर्गौंला र पिसाबसम्बन्धी समस्याको शल्यक्रियाका लागि आगामी २३ असोज ०८० सम्मका लागि पालो दिइएको छ। सातामा जटिल खालका पाँच र सामान्य पाँचवटासम्म शल्यक्रिया गर्दै आएको अस्पतालमा १५ पुसदेखि आगामी नौ महिनासम्मका लागि एक सय ९६ जना जटिल शल्यक्रियाका लागि पालोमा छन्।



● **डा. बिपेन्द्र डिके राई**, युरोलोजी विभाग प्रमुख, सिभिल अस्पताल

युरोलोजीको सर्जरीका लागि अहिले सातामा दुई दिन मात्रै पालो आउँछ। अप्रेसन थिएटरमा अन्य शल्यक्रिया पनि गरिने भएकाले जुनसुकै समयमा शल्यक्रिया गर्न मिल्दैन। सीमित जनशक्ति र उपकरणले नभ्याउने बिरामीको चापका कारण लामो लाइन देखिएको हो।

मापदण्डविपरीतका संरचना हटाउनबाट पन्छियो महानगर

'प्रधानमन्त्री कार्यालयदेखि गृह मन्त्रालयसम्मका भवनकै छैन नक्सापास'

शिवहरि घिमिरे/नयाँ पत्रिका

टुकुचा क्षेत्रबाट मापदण्ड र नक्सापास विपरीतका संरचना हटाउन थालेको काठमाडौं महानगरपालिका तीन महिनामै उक्त अभियानबाट पन्छिएको छ। ३० भदौमा जयनेपाल हलको कम्पाउन्डमा डोजर चलाएर अभियान थालेको महानगरले अहिले धोबीखोला क्षेत्रका सामान्य टहरा भत्काउन थाले पनि सहरभित्र बनेका मापदण्ड र नक्सापासविपरीतका ठूला संरचनामाथिको कारबाही भने रोकेको हो।

टुकुचा नभत्काउन पाटन उच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएपछि महानगरले डोजर चलाउन रोकेको थियो। त्यसअघि नर्भिक अस्पतालको संरचना पनि नभत्काउन सर्वोच्चले आदेश दिएको

» पृष्ठ ११ मा क्रमशः

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

सिंहदरबार र बाहिरका अधिकांश सरकारी भवनको नक्सापास छैन



वसन्त आचार्य, सूचना अधिकारी, काठमाडौं महानगर

थोरै मात्रै सरकारी भवनको नक्सापास होला, धेरैको नक्सापास नै छैन। सरकारी भवन हुन् भन्ने सोचले अधिकांशले नक्सापास गरेका छैनन्। व्यक्तिगत भवनका चाहिँ नक्सापास छन्। सिंहदरबारभित्र रहेका लगभग सबै भवनको नक्सापास छैन। अब उनीहरूलाई नक्सापासको दायरामा ल्याउनुपर्छ।

राज्यका ठुल्ठूला भवन र कार्यालयले मापदण्ड पालना गर्नुपर्छ



प्रदीप परियार, प्रवक्ता, सहरी विकास मन्त्रालय

पहिलेको ऐन-कानुनले नै सरकारी भवनलाई नक्सापासका लागि अनिवार्य गरेको थिएन। अब जुन-जुन कार्यालय वा भवनको नक्सापास छैन, सबैको नक्सापास गराउन हामी आह्वान गर्छौं। राज्यका ठुल्ठूला भवन र कार्यालयले भवन निर्माण मापदण्ड पालना गर्नुपर्छ।



देउवा आत्मसमीक्षामा

तत्कालका लागि सत्ता राजनीतिको मियो गुमाएपछि पार्टीभित्रैबाट आलोचना खेपेर रक्षात्मक अवस्थामा पुगेका देउवा नयाँ प्रधानमन्त्री नियुक्त भएको पाँच दिनसम्म पछिल्लो राजनीतिक घटनाक्रमबारे केही बोलेका छैनन्, बरु आत्मसमीक्षामा छन्



गठबन्धन जोगाउनुपर्थ्यो, सकिएन। विभिन्न कारणले बचाउन सकिएन। यसको समीक्षा गर्नौंला। अब संविधान र लोकतन्त्रको रक्षाका लागि कांग्रेसले भूमिका खेल्छ।

(निकट नेताहरूसँगको छलफलमा देउवा)

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

पाँचदलीय गठबन्धन बचाउन नसक्दा संसद्को ठूलो दल भएर पनि तत्कालका लागि सत्ता राजनीतिको मियो गुमाएपछि असहज देखिएका निवर्तमान प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा अहिले चुपचाप छन्। पार्टीभित्रैबाट आलोचना खेपेर रक्षात्मक अवस्थामा पुगेका देउवा नयाँ प्रधानमन्त्री नियुक्त भएको पाँच दिनसम्म पछिल्लो राजनीतिक घटनाक्रमबारे केही बोलेका छैनन्, बरु आत्मसमीक्षामा छन्। यतिसम्म कि देउवाले मेलमिलाप दिवसमा वक्तव्यसमेत निकालेनन्।

देउवा सरकारबाट बाहिरिएको ६ दिन पुगेको छ। र, धुम्बाराहीस्थित नयाँ निवासमा सरेको तीन दिन पूरा भयो। तर, यसबीचमा सोमबार नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको शपथमा देखिएका देउवा त्यसयता कुनै औपचारिक-अनौपचारिक कार्यक्रममा पनि सहभागी भएका छैनन्। अहिले उनी आफूनै निवासमा आउने पार्टीका सीमित नेतासँग राजनीतिक छलफल गरिरहेका छन्।

» पृष्ठ ११ मा क्रमशः

■ देउवालाई महामन्त्रीद्वयको दबाब : गम्भीर आत्मसमीक्षा गरेर नयाँ बाटो तय गरौं

कांग्रेस महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले पछिल्लो राजनीतिक घटनाक्रमलाई गम्भीर आत्मसमीक्षा गरेर नयाँ बाटो तय गर्नुपर्ने बताएका थिए। शनिबार ४७औं मेलमिलाप दिवसमा संयुक्त शुभकामना वक्तव्य जारी गर्दै महामन्त्रीद्वयले घुमाउरो रूपमा सभापति देउवामाथि जिम्मेवारी लिन दबाब दिएका छन्। वक्तव्यमा नेतृत्वले सावधानी पुऱ्याउन नसक्दा कांग्रेस प्रतिपक्षमा पुगेको र यस अवस्थाले पार्टीमा असन्तुष्टि बढेको उल्लेख गरिएको छ। 'निर्वाचनपश्चात् मुलुकमा भिन्न राजनीतिक परिस्थिति निर्माण भएको छ। प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल भएर पनि नेपाली कांग्रेस प्रतिपक्ष बन्न पुगेको छ। यस्तो नहुनुपर्थ्यो भनेर पार्टी पंक्तिमा गम्भीर असन्तुष्टि, आक्रोश र उदासी छाउनु अस्वाभाविक होइन,' वक्तव्यमा छ।



यससँगै अब कांग्रेसले परिवर्तित अवस्थाको गम्भीर आत्मसमीक्षा गरेर अबको बाटो तय गर्नुपर्ने महामन्त्रीद्वयको भनाइ छ। महामन्त्रीद्वयले अब कांग्रेसले राष्ट्रिय राजनीति र जनचासोका विषयमा नेतृत्वदायी अग्रसरता लिने, सरकारलाई गुण र दोषका आधारमा मूल्यांकन गर्ने र जिम्मेवार प्रतिपक्षका रूपमा सशक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्। 'यस क्षणमा हाम्रा दुईवटा दायित्व छन्- पहिलो, आग्रह र पूर्वाग्रहमुक्त भएर

» पृष्ठ ११ मा क्रमशः

आपराधिक क्रियाकलापमा संलग्न १५५ पक्राउ

काठमाडौं/ जिल्ला प्रहरी परिसर काठमाडौंले ६ महिनाको अवधिमा आपराधिक क्रियाकलापमा संलग्न एक सय ५५ जनालाई पक्राउ गरेको छ। काठमाडौं प्रहरीले चालू आव ०७९/८० को साउनदेखि पुससम्मको अवधिमा आपराधिक क्रियाकलापमा संलग्न अभियुक्तहरूलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले विभिन्न मितिमा अदालतले कैद र जरिवानाको फैसला सुनाएकामा फरार रहेका एक सय ५५ जनालाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि अदालतमा पेस गरिएको जानकारी दिए। पक्राउ परेकालाई अदालतले २९ वर्ष पाँच महिना ६ दिन कैद र दुई करोड ९४ लाख ४९ हजार सात सय ५६ जरिवाना असुल गरेको उनले बताए।

भ्रष्टाचार नियन्त्रणको माग

काठमाडौं/ ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) नेपालले नवगठित सरकारसँग भ्रष्टाचार नियन्त्रणको काम गर्न ध्यानाकर्षण गराएको छ। सुशासनको अभाव र भ्रष्टाचारले मुलुकको विकासमा अवरोध गरी लोकतन्त्रलाई सबल बन्न नदिएकाले भ्रष्टाचार नियन्त्रण गर्नुपर्नेमा ट्रान्सपरेन्सीले जोड दिएको छ।

ट्रान्सपरेन्सी नेपालकी अध्यक्ष पद्मिनी प्रधानांगले शनिबार जारी गरेको विज्ञप्तिमा हालै सम्पन्न आमनिर्वाचनमा भ्रष्टाचारविरोधी जनभावना सशक्त रूपमा जाहेर भएको र निर्वाचनपछि गठित नयाँ सरकारले भ्रष्टाचार नियन्त्रण एवं सदाचार प्रवर्द्धनका निम्ति कार्य गर्नुपर्ने उल्लेख छ। सरकारले देश र जनताको अपेक्षानुरूप भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखी सशक्त एवं प्रभावकारी रूपमा, स्पष्ट परिणाम देखिने गरी कार्य गर्न माग गरिएको छ।

त्रिविमा आइतबारदेखि बिदा

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयले जाडो बढेसँगै हिउँदे बिदा दिने भएको छ। त्रिविअन्तर्गतका आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा आइतबारदेखि हिउँदे बिदा दिने भएको हो। त्रिवि कार्यकारी परिषद्ले १७ पुसदेखि बढीमा २२ दिन हिउँदे बिदा गर्ने निर्णय गरेको त्रिविको सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिए। उनले उक्त समयमा पठनपाठन बन्द हुने र प्रशासनिक कार्य भने सञ्चालन हुने बताए। हिउँदे बिदाको समयमा तोकिएका परीक्षा भने नियमित सञ्चालन हुनेछन्। त्रिविमा ६२ आंगिक र एक हजार ४० सम्बन्धनप्राप्त क्याम्पस छन्।

राहदानी वितरण सहज बनाइने

काठमाडौं/ सेवाग्राहीको निरन्तर गुनासो आएपछि गृह मन्त्रालयले राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई थप सहज बनाउन पहल अगाडि बढाएको छ। सेवाग्राहीले घन्टौं लाइन बस्नुपर्ने, अनलाइन फाराम भर्न समस्या तथा प्रक्रिया झन्झटिलो हुनेबारेमा आएका गुनासालाई सकेसम्म समाधान गर्ने प्रयास भइरहेको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिए। उनका अनुसार सूचना प्रविधिमा ज्ञान भएका व्यक्तिको टोलीबाट सुझाव लिने काम भइरहेको छ।

टोलीको सुझावका आधारमा समस्याको समाधानतर्फ लाग्ने प्रवक्ता पोखरेलको भनाइ छ। गृहमन्त्री रवि लामिछानेले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि राहदानी, राष्ट्रिय परिचयपत्रलगायतलाई सहज बनाउने र लाइन बस्नुपर्ने बाध्यता हटाउने प्रतिबद्धता जनाएका थिए। विद्युतीय राहदानी बनाउन धेरैजसो प्रक्रिया अनलाइनबाटै गर्नुपर्छ, तर अनलाइनबाट आवेदन दिएर तोकिएको मितिमा कार्यालयमा उपस्थित हुँदा पनि नागरिकलाई रातिको १२ बजेदेखि लाइन लाग्नुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ।

चौधरी र ढकाल कारागार चलान

काठमाडौं/ रसिया हुँदै युक्रेनमा मानव तस्कर गरेको अभियोगमा पक्राउ परेका दाङ लमही नपा-६ का ४७ वर्षीय दिनेशकुमार चौधरी र सिन्धुपाल्चोक चौतारा नपा-१० का २३ वर्षीय रूपेश ढकाललाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ। जिल्ला अदालत काठमाडौंको आदेशपछि उनीहरूलाई सुन्धारा जगन्नाथ देवलस्थित केन्द्रीय कारागार पठाइएको हो। प्रहरीका अनुसार उनीहरूले युरोपियन मुलुक चेक रिपब्लिकमा सिपगार्डको कम लगाइदिने प्रलोभनमा पीडितसँग रकम उठाएका थिए। यसक्रममा पीडितलाई उनीहरूले भारतको नयाँदिल्ली हुँदै पहाडगन्ज लगेर अलपत्र छाडेका थिए।

१८ वर्षअघि घोषणा भएको बाहिरी चक्रपथको पूर्ण डिपिआर अझै बनेन

उपत्यका विकास प्राधिकरण भन्छ- १७.५२ किलोमिटर क्षेत्रको डिपिआर नबने आयोजना नबन्न पनि सक्छ

शान्ति तामाङ/नयाँ पत्रिका


बाहिरी चक्रपथ आयोजना निर्माणको घोषणा भएको १८ वर्ष बितिसकेको छ। सरकारले आर्थिक वर्ष ०६१/६२ मा घोषणा गरेको चक्रपथको विस्तृत परियोजना प्रतिवेदन पूर्ण नहुँदा आयोजना अन्योलमा परेको छ।

चक्रपथ आयोजनाको कुल ७१.९३ किलोमिटरमध्ये ०६५ मा ५४.४८ किलोमिटरको डिपिआर तयार भइसकेको थियो। तर, १७.५२ किलोमिटर क्षेत्रको डिपिआर अझै बन्न सकेको छैन। आयोजनाको डिपिआर उपत्यका विकास प्राधिकरणले निर्माण गर्ने भए पनि यसका लागि अहिलेसम्म कुनै पनि पहल हुन सकेको छैन।

प्राधिकरणका अनुसार बाहिरी चक्रपथको पहिलो खण्डको मुख्य सडकको फेरि अध्ययन सुरु गर्न लागेकाले सो अध्ययनभन्दा अगाडि पूर्ण डिपिआर बनाउन सम्भव छैन। 'चक्रपथमा हुने मुख्य सडकको फेरि अध्ययन गर्ने भन्ने भएकाले यसका लागि हामीले कार्यक्रम पनि राखेका छौं। त्यसैले डिपिआर मात्र बनाएर भएन, पहिला अध्ययन हुनुपर्‍यो। अध्ययनका लागि योजना बनाउँदै छौं,' प्राधिकरणका नायब विकास आयुक्त नवराज प्याकुरेलले भने।

बाहिरी चक्रपथको पहिलो खण्ड निर्माणका लागि ४ वैशाख ०७४ को मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार चोभार-सतुंगल खण्डको ६.६ किलोमिटर निर्माण गर्ने निर्णय भएको थियो। सो निर्णय २५ जेठ ०७४ मा राजपत्रमा सूचना प्रकाशन भएको थियो। सूचनाअनुसार सरकारले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ५ बमोजिम चार किल्लाभित्र प्रस्तावित बाहिरी चक्रपथ विकास आयोजनाको चोभार-सतुंगल खण्डको निर्माण कार्य जग्गा एकीकरणका माध्यमबाट गर्ने गरी भौतिक योजना स्वीकृत गरेकाले प्राधिकरणको नियमावली, २०६८ को नियम ३ को उपनियम २ बमोजिम राजपत्रमा प्रकाशन गरिएको थियो। तर, राजपत्रमा प्रकाशित भएको पाँच वर्षसम्म पनि पहिलो खण्डको काम अझै सुरु हुन सकेको छैन। योजना अगाडि बढाउन जग्गा प्राप्त गरी जग्गा एकीकरणका माध्यमबाट योजना अगाडि बढाउन हालसम्म जग्गा प्राप्ति गर्ने प्रक्रिया स्वीकृतिको चरणमै छ।

हाल बाहिरी चक्रपथको पहिलो खण्डमा एक सय स्थायी संरचना बनिसकेका छन्। २८ वटा स्थायी संरचना निर्माण भएका छन्। त्यसबापत क्षतिपूर्ति नै डेढ अर्ब दिनुपर्ने भएको छ। 'जग्गा एकीकरणका माध्यमबाट जानुपर्ने भए पनि त्यतिवेलै जग्गा रोक्काको काम भएन। कित्ताकाट अधिकतम भएको छ। पहिलो खण्डमै स्थायी र अस्थायी धेरै संरचना निर्माण भइसकेका छन्। जग्गा थपेर दिँदा हाइवे बनाउन निकालिएको जग्गा पनि ननिस्कने सम्भावना भयो। त्यसैले पहिला प्रस्ताव गरेको ठाउँमा सम्भव छ कि छैन, जग्गा एकीरकणबाट जाने कि अधिग्रहण गरेर जाने, फाइनल गर्न मुख्य सडकको अध्ययन गर्न आगामी वर्षका लागि ५० लाख छुट्याएका छौं। यो अध्ययनपछि सबै फाइनल होला,' उनले भने, 'आयोजना समयमै नबन्दा लागत अनुमान बढ्छ। कार्यान्वयन गर्न गाह्रो हुन्छ। सरकारले के गर्ने भनेर मोडालिटी बनाउनुपर्‍यो। नभए फिर्ता लिनुपर्‍यो।'



भएकै डिपिआर पनि संशोधन गर्नुपर्ने अवस्थामा पुग्यो आयोजना

प्राधिकरणका अनुसार बाहिरी चक्रपथको मुख्य सडक दायाँ-बायाँ २५०-२५० मिटर जग्गामा भौतिक निर्माण तथा कित्ताकाट रोक नलगाइएकाले एक सयभन्दा धेरै घर निर्माण भएका छन्। यस्ता संरचना हटाउन क्षतिपूर्ति रकम बढी लाग्ने हुँदा सम्भव भएसम्म मुख्य सडक नै पुनरावलोकन गर्ने विषयमा अध्ययनको तयारी भइरहेको छ। प्रस्तावित बाहिरी चक्रपथको योजना क्षेत्रभित्र जग्गा रोक्का नरहेको र स्थानीयले घर निर्माण गरिसकेको हुनाले मुख्य सडकमा पर्ने घरहरूका लागि थप क्षतिपूर्ति रकमको व्यवस्था गर्नुपर्ने देखिन्छ। जग्गा एकीकरणका लागि प्रस्ताव गरिएको दायाँ-बायाँको क्षेत्रमा पनि घरहरू निर्माण भइसकेको हुनाले साबिकमा तयार भएको ब्लक प्लानहरूमा समेत संशोधन गर्नुपर्ने देखिन्छ।

'जग्गा एकीकरणबाट प्राप्त हुने बिक्री प्लटबाट दायाँ-बायाँ प्रस्ताव गरिएको बस्ती विकासको ६ मिटर चौडा सडक, ढल र खुला क्षेत्रको विकास गर्न सम्भव भए पनि मूल सडक ५० मिटर जग्गा विकास कार्यक्रममा प्रस्ताव गरिएका ११ मिटर तथा ९ मिटरका सडक सरकारको लगानीमा निर्माण हुनुपर्ने प्रस्ताव गरिएको छ। यस सम्बन्धमा हालसम्म स्रोत सुनिश्चित भइसकेको छैन,' प्रवक्ता भण्डारीले भने, 'कतिपय नगरपालिकामा प्रदेश सरकार र आ-आफ्नै लगानीमा चक्रपथ तथा नगरपालिकाहरू जोड्ने सडक निर्माणाधीन छन्। यस्ता सडकलाई समेत समेट्ने गरी वैकल्पिक सडकको अध्ययन गर्नुपर्ने देखिन्छ।'

लागत बढेर एक खर्ब १० अर्ब

समय बढेसँगै आयोजनाको लागत पनि बढ्दै गएको छ। प्राधिकरणका अनुसार आयोजनाको लागत ७४ अर्बबाट बढेर एक खर्ब १० अर्बभन्दा माथि पुगेको छ। ७१ दशमलव ९३ किलोमिटर हुने चक्रपथ निर्माणका लागि तत्कालीन सहरी विकासमन्त्री अर्जुननरसिंह केसीले सबै अड्चन र कठिनाइलाई चिर्दै मन्त्रालयबाट १४ वैशाख ०७४ मा सम्पूर्ण निर्णय प्रक्रियालाई पूर्ण रूप दिइएको बताइएको थियो। ०७५ देखि चक्रपथ निर्माणको प्रथम चरणका रूपमा चोभार, गाम्चा र सतुंगल खण्डको ६ दशमलव ६ किलोमिटरमा निर्माण चक्रपथमा हुने मुख्य सडकको फेरि अध्ययन गर्ने भन्ने भएकाले यसका लागि हामीले कार्यक्रम पनि राखेका छौं। त्यसैले डिपिआर मात्र बनाएर भएन, पहिला अध्ययन हुनुपर्‍यो। अध्ययनका लागि योजना बनाउँदै छौं।



■ **नवराज प्याकुरेल**, नायब विकास आयुक्त, काठमाडौं उपत्यका विकास प्राधिकरण

सुरु गर्ने भनिएको थियो। पहिलो चरणको निर्माण खण्डमा पर्ने उक्त स्थानमा करिब आठ हजार रोपनी क्षेत्रफल र करिब १४ हजार जग्गाधनी छन्। चक्रपथको कुल लम्बाइमध्ये काठमाडौंमा ३५.०८ किलोमिटर, ललितपुरमा १५.८० किलोमिटर र भक्तपुरमा २१.०५ किलोमिटर हुनेछ।

बाहिरी चक्रपथको अवधारणा काठमाडौं उपत्यकाका तीनवटै सहर र अन्य नगरपालिकालाई एउटै सडक सञ्जालका माध्यमबाट आपसमा जोडेर व्यवस्थित सहरीकरण गर्ने दीर्घकालीन सोचअनुरूप तयार भएको थियो। चक्रपथ आयोजना निर्माण कार्य सुरु भए जग्गा विकास (ल्यान्ड पुलिङ) प्रविधि र प्रक्रिया अपनाएर निर्माण गर्न लागिएको नेपालकै पहिलो सडक हुनेछ।

यस्तो हुनेछ बाहिरी चक्रपथको रुट

बाहिरी चक्रपथको रुट बलम्बुलाई शून्य किलोमिटर मानेर सुरु हुनेछ। यो चक्रपथ नैकाप भञ्ज्याङ, थापागाउँआसपास, स्युचाटार, सीतापाइला, बाहिरी स्वयम्भू, वनस्थली, बालाजु औद्योगिक क्षेत्रको छेउ तथा बाइपास, गोंगबु, हिलेडोल, मनमैजु, बालुवाटारको छेउ, टोखा-सरस्वती क्षेत्र, चपली, चुनीखेल, दुसाल गाउँ, गोकर्णेश्वर, वामथली, नयाँपाटी हुँदै जानेछ। सीतापाइलाबाट हलचोक, गैरीगाउँ (इचंगुनारायण बाहिर), दौडिनेपानी, नेपालटार, फुटुङलाई चिर्दै १३ किलोमिटर क्षेत्रको टोखा-सरस्वती क्षेत्रमा मिलाउने गरी थप १५ किमि सडक निर्माण गर्ने योजना छ।

ललितपुरमा लुभु, विष्णुडोल, हरिसिद्धि, दशघर, धापाखेल, ठेचो, बुङमती, खोकना, कार्यविनायक, बागमती पुल (चोभार क्षेत्र), पुरानो सिमेन्ट कारखानाको छेउ, कीर्तिपुर क्षेत्र, गाम्चा, मच्छेगाउँ हुँदै, तीनथानाको दक्षिण हुँदै सतुंगलसम्म पुगेर चक्रपथ बनाइनेछ। भक्तपुर क्षेत्रमा थली-डाँछी, चाँगुनारायण क्षेत्र, फुँयालगाउँ, दुवाकोट, रोकागाउँ, हनुमानटार, लुकुन्डोल, पकाउने पाटी, खरीपाटी, सुडाल, यङडोल, जगाती (इँटा टायल कारखानाको छेउ), भक्तपुर नगरपालिका, हनुमन्ते खोलाको छेउ, अरनिको राजमार्ग, सिर्जनानगर, सल्लाघारी, त्रिभुवन विमानस्थलको बाहिरी क्षेत्र, दधिकोट, गाम्चा भएर निर्माण कार्य अगाडि बढाइनेछ।

Sharada Municipality
Office of Municipal Executive
Khalanga, Salyan
Karnali Province, Nepal

Invitation for Bids

Date of First Notice Publication: 2079/09/17

1. The Sharada Municipality, Khalanga, Salyan invites Electronic Sealed Quotations from National bidders for the construction of following project.

Contract ID	Description Of Goods	Bid Security amount (NRs.)	Bid Document Fee
SMO/NCB/GOODS /02/2079/080	Procurement of 4 WD Ambulance Category B type for Khalanga Health post Sharada Municipality, Salyan	63,000/-	3,000/-
SMO/NCB/GOODS /03/2079/080	Procurement of motor cycle piston displacement Min. 149 CC	65,000/-	3,000/-

2. Eligible Suppliers may obtain further information and Inspect the Sealed Quotation at the office of Sharada Municipality, Khalanga, Salyan, Nepal, 088520138, ito.shaaradamun@gmail.com & may visit PPMO Website: www.bolpatra.gov.np.
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpata.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Account.
   a. Name of the Bank: Nepal Bank Ltd.
   b. Name of Office: Sharada Municipality, Khalanga, Salyan
   c. Office Account No.: 07403000001001000001 (Rajashwokhata) (Code GA 1.1.0.1)
5. Sealed Bids must be submitted through e-GP system i.e www.bolpata.gov.np/egp. on or before 2079/10/17 12:00 PM. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of bidders' representatives who choose to attend at 2079/10/17 14:00 PM at the Office of Sharada Municipality, Khalanga, Salyan.
7. Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e {Refer Clause ITB 20.1}), if bidder wishes to submit the cash security, the cash should be deposited in Deposit Account No. [07403000003000000001] (Dharauti Khata) (Code GA 3.0.0.1) at [Nepal Bank Ltd. Salyan Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. if the last date of purchasing and /or submission falls on a goverment holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064 (including amendments) and other prevailling rules and regulation of Nepal.

Chief Administrative Officer

प्रदूषित काठमाडौं



कीर्तिपुरको चोभारबाट देखिएको काठमाडौंको धूमिल दृश्य। पछिल्ला केही दिनयता काठमाडौंमा वायु प्रदूषण बढ्दै गएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

नेपाल–चीन सम्बन्धबारे पूर्वराजदूत आचार्यको 'कूटनीतिक डायरी'

नयाँ पत्रिका
काठमाडौं, १६ पुस

चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्यद्वारा लिखित पुस्तक 'कूटनीतिक डायरी' सार्वजनिक भएको छ। पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापाले पुस्तक विमोचन गरेका छन्। ०५५ देखि ०५९ सम्म चीनका लागि राजदूत रहँदाका घटनाक्रम र व्यक्तिगत अनुभव समेटेर आचार्यले पुस्तक प्रकाशन गरेका हुन्।


पूर्वमन्त्री थापाले छिमेकी भारत र चीनबीच सन्तुलन कायम गर्दै नेपालको अवस्था सुदृढ गर्न सबै पक्ष सक्रिय हुनुपर्ने बताए। मुलुकको राष्ट्रिय आवश्यकता पूरा गर्न छिमेकीहरूबीच सन्तुलन आवश्यक रहेको उनको भनाइ थियो। उनले चिनियाँ तत्कालीन प्रधानमन्त्री चाउ एन लाईको सकारात्मक व्यवहारबाट आफू निकै प्रभावित भएको अनुभव सुनाएका थिए।

तत्कालीन राजा वीरेन्द्रका सचिव चिरनशमशेर थापाले चिनियाँ नेता माओत्से तुङका पालामा काठमाडौंमा चिनियाँ रेल ल्याउने सपना देखाइएको बताए। चीनले नेपाललाई सधैं सम्मान गर्ने गरेको अनुभव सुनाएका उनले राजा वीरेन्द्रको चीन भ्रमणमा ६ पटक सँगै जाँदा चिनियाँ नेताहरू नेपालप्रति सकारात्मक रहेको पाएको पनि बताए। राजदूत आचार्यले लेखेको पुस्तक कूटनीतिक डायरी विश्वसनीय र स्तरीय रहेको उनको भनाइ थियो।

पुस्तकमाथि वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी, सौरभ एवं पूर्वराजदूत हिरण्यलाल श्रेष्ठले टिप्पणी गरेका थिए। पूर्वराजदूत आचार्यले अहिलेसम्म नलेखिएका



र जनताले थाहा पाउनुपर्ने अनुभवजन्य विषय समेटेर पुस्तक लेखेको बताए। उनले चीनसँग सम्बन्धमा अहिले न्यानोपन नभएको बताए। 'चीनसँग हाम्रो सम्बन्ध समस्यारहित छ। तर, सन्देह वा शंकारहित सम्बन्ध अहिले छैन,' उनले भने।



Civil Aviation Authority of Nepal

Brief Introduction of Civil Aviation Authority of Nepal (CAAN)

Civil Aviation Authority of Nepal was established as an autonomous entity on 31st December 1998 under the Civil Aviation Authority of Nepal Act, 1996. CAAN has been set up with the objective of ensuring civil aviation safe, secure, efficient, regular and environmentally sustainable. It has dual functions: Regulator as well as Air Navigation Service Provider (ANSP) with Aerodrome Operator.

A. Regulatory Functions:
- To regulate air transportation by ensuring the compliance of the international standards promulgated by International Civil Aviation Organization (ICAO) and National Civil Aviation Requirements.
- To issue the Operating Certificate to airlines and other aviation business.
- To inspect, monitor and oversight the flight safety and Aviation Security.
- To issue competency based licence, rating and certificate, as prescribed, to Pilot, Engineer, ATS & Others Safety Sensitive as well as Technical Personnel.

B. Aerodrome Operations & Air Navigation Service Provider Functions:
- To conduct feasibility, consultation, construction, operation, management and maintenance of airports and other infrastructures along with passenger facilitation service.
- To provide ANS services for safe, reliable, standard, efficient and smooth air transportation.
- To provide standard trainings and perusals to human resources needed in civil aviation sector.
- To ensure proper sources and utilization of grants, loans, government's share for infrastructure development.
- To co- ordinate with different agencies and stakeholders for smooth airport operation and passenger facilitation.

C. International Responsibilities:
- To enforce guidelines and SARPs (Standard and Recommended Practices) of Convention on International Civil Aviation (Chicago Convention).
- To implement the Air Service Agreements & MOUs with respective countries.
- To co-ordinate with different national and international organizations for flight safety and aviation security.

Airports at a glance:

International Airports –
1. Tribhuvan International Airport
2. Gautam Buddha International Airport
3. Pokhara International Airport (From 2023-Jan-1st)

Hub Airports –
1. Biratnagar Airport
2. Nepalgunj Airport

Other Domestic Airports –
2. Baitadi
3. Bajhang
4. Bajura
5. Bharatpur
6. Bhojpur
7. Chandragadhi
8. Dang
9. Dhangadhi
10. Dolpa (Juphal)
11. Doti
12. Falgunanda Sukilumba (Ilam)
13. Janakpur
14. Jomsom
15. Jumla
16. Khanidanda
17. Phaplu
18. Rajbiraj
19. Ramechhap
20. Rara
21. Salle (Rukum)
22. Sanfebagar
23. Simara
24. Simikot
25. Surkhet
26. Taplejung
27. Tenzing-Hillari (Lukla)
28. Thamkharka
29. Tumlingtar

Domestic Airports (Not in Operation) –
2. Baglung
3. Chaurjahari (Rukum)
4. Darchula
5. Dhorpatan
6. Palungtar (Gorkha)
7. Gulmi Resunga
8. Jiri
9. Kamal Bazaar
10. Kangeldanda
11. Khiji Chandeswori
12. Langtang
13. Lamidanda
14. Mahendranagar
15. Manang
16. Masinechar (Dolpa)
17. Meghauli
18. Rolpa
19. Rumjatar
20. Syangboche
21. Tikapur

Domestic Airports Under Construction –
1. Argakhanchi
2. Kalikot

Airport with RFF Facilities - 17

Airports with Night Operation Facilities –
1. Tribhuvan International Airport
2. Gautam Buddha International Airport
3. Pokhara International Airport (From 2023-Jan-1st)
4. Biratnagar Airport
5. Chandragadhi Airport
6. Dhangadi Airport
7. Janakpur Airport
8. Nepalgunj Airport
9. Simara Airport

Domestic Airlines Operating in Nepal –

Fixed Wing-9		Rotor Wing-12	
Nepal Airlines Corporation	Tara Air Pvt. Ltd.	Shree Airlines Pvt. Ltd.	Manang Air Pvt. Ltd.
Buddha Air Pvt. Ltd.	Guna Airlines Pvt. Ltd.	Simrik Air Pvt. Ltd.	Altitude Air Pvt. Ltd.
Yeti Airlines Pvt. Ltd.	Sita Air Pvt. Ltd.	Fishtail Air Pvt. Ltd.	Heli Everest Pvt. Ltd.
Shree Airlines Pvt. Ltd.	Summit Air Pvt. Ltd.	Air Dynasty Heli Services Pvt. Ltd.	Kailash Helicopter Services Pvt. Ltd.
	Saurya Airlines Pvt. Ltd.	Mountain Helicopters Pvt. Ltd.	Mustang Helicopter Pvt. Ltd.
		Prabhu Helicopter Pvt. Ltd.	Annapurna Helicopters Pvt. Ltd.

International Airlines Operating in Nepal

S/N	Country	Airlines	Airlines
1	Nepal	Nepal Airlines	3
		Himalaya Airlines	
		Buddha Air	
2	India	Air India	3
		TATA SIA Airlines (Vistara)	
		Indigo Aviation	
3	Malaysia	Malindo Air	2
		Malaysia Airlines	
4	UAE	Air Arabia	3
		Air Arabia Abu Dhabi	
		Fly Dubai	
5	Oman	Salam Air	1
6	Qatar	Qatar Airways	1
7	Singapore	Singapore Airlines	1
8	South Korea	Korean Air	1
9	Turkey	Turkish Airlines	1
10	Kuwait	Jazeera Airways	2
		Kuwait Airways	
11	Sri Lanka	Sri Lankan Airlines	1
12	Bangladesh	Biman Bangladesh	1
13	China	Air China	4
		China Eastern Airlines	
		China Southern Airlines	
		Sichuan Airlines	
14	Hong Kong	Cathay Pacific Airways	1
15	Bhutan	Druk Air	2
		Tashi Air	
16	Thailand	Thai Smile Airways	2
		Thai Lion	
		Total	**29**

Bitumen Airports –

S. N.	Aerodromes	District	S.N.	Aerodromes	District
1	Baitadi Airport	Baitadi	21	Lamidanda Airport	Khotang
2	Balewa Airport	Baglung	22	Manang (Humde) Airport	Manang
3	Bajhang Airport	Bajhang	23	Nepalgunj Airport	Banke
4	Bajura Airport	Bajura	24	Phaplu Airport	Solukhumbu
5	Bharatpur Airport	Chitwan	25	Pokhara International Airport (From 2023-Jan-1st)	Kaski
6	Bhojpur Airport	Bhojpur	26	Rajbiraj Airport	Saptari
7	Biratnagar Airport	Morang	27	Ramechhap Airport	Ramechhap
8	Chandragadhi Airport	Jhapa	28	Rara Airport	Mugu
9	Dang Airport	Dang	29	Rukum Chaurjahari Airport	Western Rukum
10	Dolpa (Juphal) Airport	Dolpa	30	Rukum Salley Airport	Eastern Rukum
11	Dolpa (Masinechaur) Airport	Dolpa	31	Rumjatar Airport	Okhaldunga
12	Doti Airport	Doti	32	Sanfebagar Airport	Accham
13	Dhangadhi Airport	Dhangadhi	33	Simara Airport	Bara
14	Gautam Buddha International Airport	Rupandehi	34	Simikot Airport	Humla
15	Gulmi (Resunga) Airport	Gulmi	35	Surkhet Airport	Surkhet
16	Ilam (Sukilumba) Airport	Ilam	36	Taplejung Airport	Taplejung
17	Janakpur Airport	Janakpur	37	Tenzing Hillary (Lukla) Airport	Solukhumbu
18	Jomsom Airport	Mustang	38	Thamkharka Airport	Khotang
19	Jumla Airport	Jumla	39	Tumlingtar Airport	Sankhuwasabha
20	Khanidanda (Manamaya Rai) Airport	Khotang	40	Tribhuvan International Airport	Kathmandu

International Airports Activities:
- Tribhuvan International Airport:
  - Canopy Construction has been completed.
  - The expansion of International Apron, Parallel Taxiway and associated works are ongoing.
  - The extension of Sterile Hall of Domestic Terminal Building has been completed.
  - Extended gate lounge, office area for airlines and associated stakeholders below gate lounge and bus arrival area, vertical extension of baggage claim, etc. are going to be complete in International Terminal Building.
  - Rehabilitation of Bay No. 5 and construction of equipment yard adjacent to Bay No. 1 and 2 is undergoing.
  - Installation of New Baggage Handling System at Domestic Terminal is undergoing.
- Gautam Buddha International Airport has been in operation since May 16th, 2022 (Buddha Jayanti).
- Pokhara International Airport will be inaugurated on Jan 1st, 2023 and start its operation from same day.

Domestic Airports Activities:
- The expansion of Apron of Ramechhap Airport has been completed to accommodate 8 twin otters and the runway has been expanded by 90 meters. Ramechhap is serving as a base for Lukla flights.
- The runway, taxiway and apron blacktopped and Terminal Building constructed at Gulmi Resunga Airport.
- The overlay of runway, taxiway and apron of Surkhet Airport has increased the airport capacity to handle ATR72s.
- Constructors have been mobilized to build new terminal buildings for Nepalgunj Airport and Biratnagar Airport.
- Heliport construction has been completed in Tenzing-Hillary Aiport (Lukla).

ICAO Activities:
- The Effective Implementation of Nepal in the last USOAP audit conducted from 13-25 April, 2022 is 70.1% which is above the global average of 67.5% and APAC region average of 64.7%.

Other Activities:
- Common User Passenger Processing System (CUPPS) is in operation in TIA, GBIA and is undergoing in PIA.
- Integrated Financial and Operational Management System Project is undergoing.

एकीकृत समाजवादीमा सरकारमा नजाने मत बलियो

आफ्नो शक्तिमा विश्वास गरेर पार्टी निर्माणमा लाग्नुपर्ने, सरकारको न्यूनतम साझा कार्यक्रम हेरेर समर्थन वा विरोध गर्नुपर्ने सुझाव

प्रेम गौतम/नयाँ पत्रिका

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सहभागी हुने-नहुने भन्नेमा एकीकृत समाजवादीमा दुई धार देखिएको छ। शनिबारदेखि सुरु स्थायी कमिटी बैठकमा अधिकांश नेताले सरकारमा सहभागी नभई आफ्नो शक्तिमा विश्वास गरेर पार्टी निर्माणमा लाग्नुपर्नेमा जोड दिएका छन्। केही नेताले भने सरकारको न्यूनतम साझा कार्यक्रम हेरेर समर्थन वा विरोध गर्नुपर्ने सुझाव दिएका छन्।

बैठकमा सम्मानित नेता झलनाथ खनालसहित नेताहरू मुकुन्द न्यौपाने, केदार न्यौपाने, केशवलाल श्रेष्ठ, घनेन्द्र बस्नेत, धर्मनाथ साह, गरिमा शाह, जीवनराम श्रेष्ठ, नागेन्द्र चौधरी, राजेन्द्र राई, आलोक रायमाझी, उर्वादत्त पन्त, कल्याणी खड्का, गोविन्द कोइराला, चूडामणि जंगली, तुलबहादुर गुरुङ, देवसिंह महता र साध्यबहादुर भण्डारीले धारणा राखेका थिए।

पार्टी उपाध्यक्ष धर्मनाथप्रसाद साहले नेतृत्व वामपन्थीको भए पनि संघीयताविरोधी र राजावादी सम्मिलित सरकारलाई समर्थन गर्न नहुने सुझाव दिएका थिए। 'नेतृत्वमा वामपन्थीको सरकार भए पनि संघीयताविरोधी र राजावादीसमेत सम्मिलित खिचडी सरकारमा जानुहुँदैन। यस्तो सरकारलाई बाहिरबाट समर्थन गर्नु पनि हुँदैन। पार्टी निर्माणमा लाग्नुपर्छ,' उनको भनाइ थियो।

वामपन्थीको नेतृत्व भए पनि सरकारमा गैरवामपन्थी, संघीयताविरोधी, राजावादीहरू सहभागी रहेको भन्दै सरकार बाहिरै रहेर पार्टी निर्माणमा जुट्नुपर्ने अधिकांश नेताको सुझाव छ। स्थायी कमिटी सदस्य आलोक रायमाझीले अधिकांश सदस्यले आफ्नो शक्तिमा विश्वास गरेर पार्टीमा लाग्नुपर्नेमा जोड दिएको बताए। 'सरकारमा जानेभन्दा संगठन निर्माणमा रणनीति बनाएर जानुपर्छ भन्ने धारणा अधिकांशको रह्यो। केहीले भने सम्मानजक अवस्थामा सरकारमा जानुपर्छ भन्ने धारणा राख्नुभएको छ। धारणा राख्ने क्रम जारी छ। भोलि निष्कर्ष आउँछ,' उनले भने।

स्थायी कमिटी सदस्य साध्यबहादुर भण्डारीले सरकारलाई समर्थन गर्ने र वामपन्थीहरूको सरकार बनाउन पहल गर्नुपर्ने सुझाव दिएका थिए। 'फरक विचार र आस्थाका पार्टी सम्मिलित सरकार पटक-पटक गिर्ने हुन सक्छ। वामपन्थीहरूको सरकार बनाउने दिशामा हामी लाग्नुपर्छ। त्यसका लागि अहिले सरकारलाई समर्थन गरेर जानुपर्छ।' बैठकमा अध्यक्ष माधवकुमार नेपालले सम्बोधन गरेर अध्यक्षता गरेका थिए भने महासचिव डा. बेदुराम भुसालले संगठन निर्माण र पुनर्ताजगीका लागि प्रस्ताव राखेका थिए।



काठमाडौंको आलोकनगरस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको एकीकृत समाजवादीको स्थायी कमिटी बैठक। तस्बिर : नयाँ पत्रिका

■ नयाँ किसिमको चुनौती देखापऱ्यो : नेपाल



एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नयाँ किसिमको चुनौती देखापरेको बताएका छन्। शनिबारदेखि सुरु भएको स्थायी कमिटी बैठकलाई सम्बोधन गर्दै उनले समयमै विचार नगर्दा अप्रत्याशित घटना भएर गठबन्धन भंग हुन पुगेको बताएका छन्। कांग्रेस सभापति शेरबहादुर देउवाले वचन तोड्दा वाम-लोकतान्त्रिक गठबन्धन भंग भएको र नयाँ गठबन्धन बनेको नेपालको भनाइ उद्धृत गर्दै एक नेताले जानकारी दिए। नयाँ परिस्थितिको विश्लेषण गरेर अगाडि बढ्न नसक्दा अप्रत्याशित घटना भएको नेपलको भनाइ थियो।

'अप्रत्याशित घटनापछि गठबन्धन भंग भएको छ। नयाँ गठबन्धनले कस्तो नीति लिन्छ हेर्न बाँकी नै छ। विगतमा वामपन्थीलाई दिएको जनमतको सदुपयोग हुन नसकेको परिप्रेक्ष्यमा आगामी यात्राबारे ठोस निर्णय गर्नुपर्नेछ,' नेपालले भनेका थिए, 'पार्टीको शक्ति सुदृढीकरणका लागि सशक्त एजेन्डाका साथ अगाडि बढनुपर्छ। देशव्यापी अभियान अगाडि बढाउने गरी निर्णयमा पुग्नुपर्छ।'

सम्मानित नेता झलनाथ खनालले क्रान्तिकारी पार्टी निर्माण गर्न आवश्यक पर्ने राजनीतिक तथा वैचारिक हतियारलाई चुस्तदुरुस्त पार्नुपर्नेमा जोड दिए। उनले पार्टी सञ्चालनका समग्र विषयमा बृहत् समीक्षा आवश्यक भएको औंल्याए। 'पार्टीलाई चुस्तचुरुस्त बनाएर लैजानुपर्छ। स्थानीय, प्रदेश र संघको निर्वाचनको गम्भीर ढंगले समीक्षा गरेर आगामी रणनीति तयार गर्नुपर्छ,' उनले भने।

■ एकता हल्ला मात्रै, संगठन निर्माणमा जोड

ठोस निर्णय नभएको अवस्थामा पार्टी एकताको विषय उठाउने नहुने सुझाव नेताहरूको छ। संगठन निर्माणको योजना बनाएर पार्टीलाई बलियो बनाउनुपर्नेमा उनीहरूले जोड दिएका छन्। एमालेसँग एकता गर्नुपर्ने पक्षमा उभिएका नेता मुकुन्द न्यौपानेले पनि तत्काल एकताको वातावरण नबनेको बताएको एक नेताले जानकारी दिए। 'उहाँ पनि आजको बैठकमा फरक रूपमा प्रस्तुत हुनुभयो। उहाँको धारणा पनि विगतको भन्दा फरक थियो,' ती नेताले भने।

संगठनलाई सदृढ बनाएर जानुपर्नेमा नेताहरू एकमत छन्। बृहत् वाम एकताको आवश्यकता औंल्याएका नेताहरूले समेत एमाले वा माओवादीसँग एकता गर्न नहुने सुझाव दिएका छन्। 'कुनै पनि दलसँग एकताको कुरा भएको छैन। बृहत् वाम एकताको पक्षमा हो भने अगाडि बढ्न सकिन्छ। यथास्थितिमा एमाले वा माओवादीसँग एकता हुने सम्भावना छैन,' रायमाझीले भने। एमालेले अफवाह फैलाएकाले एकताको विषयमा छलफल गरेर समय खेर फाल्न नहुनेमा अधिकांश सदस्य एकमत देखिएका छन्। 'एकता हुन लाग्यो भनेर बजारमा हल्ला चलेको छ। तर, हामी नहुने एकताको विषयमा छलफल गरेर समय खेर फाल्ने पक्षमा छैनौं,' उपाध्यक्ष साहले भने।

भण्डारीले पनि एकताको विषयमा छलफल गर्न आवश्यक नठानिएको बताए। 'एकताको विषयमा एमालेले नै ढोका बन्द गरेकाले छलफल गर्न आवश्यक ठानिएन। साना कम्युनिस्ट पार्टीलाई एकत्रित गरेर अगाडि बढ्न सकिन्छ। बृहत् वाम एकता गर्न सकिन्छ। तर, माओवादी वा एमालेसँग तत्काल एकताको सम्भावना छैन,' उनले भने।

दुई दिनसम्म भूगोल र गैरभूगोलका नेता तथा कार्यकर्तासँग परामर्श गरेर निर्णय लिन एकीकृत समाजवादीले स्थायी कमिटी बैठक बोलाएको हो। बैठक आइतबार पनि बस्ने प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए। उनका अनुसार स्थायी कमिटी बैठपछि पोलिटब्युरो बैठक बस्नेछ। खतिवडाले एमालेले आधिकारिक रूपमा पार्टी एकता र राष्ट्रपति बन्ने प्रस्ताव नगरेको पनि स्पष्ट पारे। उनले पार्टी विलय वा एकीकरण गर्ने कुनै काम नगरेको र रुचि पनि नरहेको बताए।

अहिले भाषण होइन, काम धेरै गर्ने पक्षमा छु : प्रचण्ड

नयाँ पत्रिका
भरतपुर, १६ पुस



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूले हरेक दिन सुशासन र विकासको पक्षमा काम गर्दै जाने बताएका छन्। नारायणी नमुना माविं भरतपुरको हिरक महोत्सवमा शनिबार उनले नेपाल र नेपाली जनताको आवश्यकतालाई सम्बोधन गर्दै जाने प्रतिबद्धता लिएको बताएका हुन्।

प्रधानमन्त्री प्रचण्डले आफ्नो तेस्रो प्रधानमन्त्रीकालमा भाषण कम, काम धेरै गर्ने बताए। प्रधानमन्त्रीमा नियुक्त भएपछि पहिलोपटक गृहजिल्ला चितवन आएका उनले भरतपुरको नारायणी नमुना माध्यमिक विद्यालयको हिरक महोत्सव समारोहमा भने, 'म अहिले धेरै भाषण गर्ने मनस्थितिमा छैन, यो कार्यकालमा भाषण कम, काम धेरै र जनताको सेवा धेरै गरेर प्रस्तुत हुने प्रतिज्ञा गरेको छु।' बाँकी जीवन सुशासन र विकासका निम्ति समर्पित गरेको भन्दै प्रचण्डले हरेक दिन देश र जनताको पक्षमा काम गर्दै नेपाल र नेपाली जनताको आवश्यकतालाई सम्बोधन गर्दै जाने प्रतिबद्धता लिएको बताए।

प्रधानमन्त्रीको शपथग्रहण गरेलगतै पहिलो मन्त्रिपरिषद् बैठकबाटै देशलाई आर्थिक संकटबाट पार लगाउनुपर्ने, सुशासन कायम गर्नुपर्ने ऐतिहासिक आवश्यकतालाई ख्याल गर्दै भ्रष्टाचार र बेथितिं नियन्त्रण गर्ने आवश्यकता, जनताले विभिन्न क्षेत्रमा पाइराख्ने सास्तीबाट मुक्त गर्ने आवश्यकतालाई इंगित गरेर नै निर्णय गरेको उनले बताए।

'जनतालाई पीरमर्कामा पार्ने कुनै पनि निर्णयमाथि कठोर कदम चलाएर जनता र राष्ट्रको पक्षमा नै जाने संकल्प लिएको छु,' प्रचण्डले भने।

प्रधानमन्त्री प्रचण्डले देशको विकासको मुख्य पक्ष नै शिक्षा रहेको भन्दै शिक्षाको गुणस्तरले नै अनुशासित र सभ्य समाज बनाउन सकिनेमा जोड दिए। उनले विकासलाई दिगो बनाउँदै युगको आवश्यकताअनुसार आफूलाई रूपान्तरित गर्न शिक्षा अतिआवश्यक भएको बताए।

छुट्टाछुट्टै सवारी दुर्घटनामा दुईजनाको मृत्यु

सर्लाही/ छुट्टाछुट्टै सवारी दुर्घटनामा परेर सर्लाहीमा दुईजनाले ज्यान गुमाएका छन्। शुक्रबार राति हरिपुर र बाँके जंगलमा भएको सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको हो। हरिपुर नगरपालिका- ८ जगतपुरस्थित मलंगवा-नवलपुर सडकखण्डमा भएको दुर्घटनामा साइकल यात्री हरिपुर- २ बस्ने ३५ वर्षका चक्रेश्वर चौधरीको ज्यान गएको प्रहरीले जनाएको छ। प्रदेश २-०३-००१ च २३९६ नम्बरको बोलेरोको ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मलंगवामा सामान्य उपचारपछि थप उपचारका लागि वीरगन्ज लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो।

यस्तै, ईश्वरपुर नगरपालिका- १२ बाँके जंगलस्थित पूर्व-पश्चिम लोकमार्गमा भएको मोटरसाइकल दुर्घटनामा एक पुरुषको मृत्यु भएको छ। शुक्रबार राति ना.१ब २५५६ नम्बरको सरकारी मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा धनुषाधाम नगरपालिका- ३ बस्ने ३० वर्षका रोशन यादवको मृत्यु भएको हो। दुर्घटनामा परेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मलंगवामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Sunkoshi Marin Diversion Multipurpose Project (SMDMP)
Sindhuli

Notice for Bids

(Date of Publication: 1st January 2023)

Sunkoshi Marin Diversion Multipurpose Project invites electronic bids from eligible bidders for the construction of Lift Irrigation System given in the table below under National Competitive Bidding – Single Stage Bidding procedures. Bidders may obtain further detailed information from the PPMO web Portal: www.bolpatra.gov.np/egp.

S. N.	Contract ID	Description of Works	Estimated Amount Inclusive VAT and Provisional Sum	Bid Fee (NRs.)	Bid Security Amount
1	SMDMP/Works/ 079-80/NCB/Lift-03	Construction of Seleghat 01 Lift Irrigation System, Manthali 6, Ramechhap	NRs. 11,749,049.00	3,000.00	NRs. 306,000.00
2	SMDMP/Works/ 079-80/NCB/Lift-04	Construction of Seleghat 02 Lift Irrigation System, Manthali 6, Ramechhap	NRs. 10,046,578.00	3,000.00	NRs. 262,000.00

Project Director

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना

यस बैंकबाट तपसिलका ऋणीहरुले उपभोग गरेको क्रेडिटकार्ड होल्डरहरुले उपभोग गरेको क्रेडिटकार्ड बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौसिक तथा लिखित तरिकाले जारी समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका क्रेडिटकार्ड होल्डरहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको क्रेडिट कार्डको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला । अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने क्रेडिटकार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीहरुको विवरण

१) सबिता कुमारी इम्जन
ना.प्र.प.नं. : १७१०२९७/६७४
स्थायी ठेगाना : धनुषा जिल्ला, बैंगाडावर गा.वि.स वडा नं. ५
हालको ठेगाना : भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. २
बाबु : सुर्य बहादुर इम्जन
बाजे : बल बहादुर इम्जन
कर्जा शिर्षक : क्रेडिट कार्ड

२) धिरेन्द्र कुमार यादव
ना.प्र.प.नं. : ४८४८९/५०४८९
स्थायी ठेगाना : सुनसरी जिल्ला, बर्तिया गा.वि.स वडा नं. ४
हालको ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा वडा नं. ९
बाबु : सिताराम यादव
बाजे : छोटकीन यादवे
कर्जा शिर्षक : क्रेडिट कार्ड

३) गणेश प्रसाद बोहरा
ना.प्र.प.नं. : २२९७५६१३३
स्थायी ठेगाना : कंचनपुर जिल्ला, दैजी गा.वि.स वडा नं. ८
हालको ठेगाना : कंचनपुर जिल्ला, बेदकोट न.पा वडा नं. १
बाबु : हरि प्रसाद बोहरा
बाजे : धर्म राज बोहरा
कर्जा शिर्षक : क्रेडिट कार्ड

४) बोरिस गौतम
ना.प्र.प.नं. : ०५२०५२/३२५४
स्थायी ठेगाना : मोरङ जिल्ला, लेटाङ गा.वि.स. वडा नं. ७
हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९
बाबु : गणेश बहादुर गौतम
बाजे : डिल्ली बहादुर गौतम
कर्जा शिर्षक : क्रेडिट कार्ड

५) दिलप्रीत सिंह
ना.प्र.प.नं. : ६६३०१२/६४३
स्थायी ठेगाना : बाँके जिल्ला, नेपालगन्ज न.पा वडा नं. ४
हालको ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन न.पा वडा नं. ६
बाबु : चरनजीत सिंह
बाजे : प्रीतम सिहं
कर्जा शिर्षक : क्रेडिट कार्ड

६) दिपक लम्साल
ना.प्र.प.नं. : ११२८९
स्थायी ठेगाना : बर्दिया जिल्ला, घघवार गा.वि.स वडा नं. ४
हालको ठेगाना : बर्दिया जिल्ला, बारबर्दिया न.पा वडा नं. १०
बाबु : गंगाराम उपाध्याय
बाजे : मनिराम उपाध्याय
कर्जा शिर्षक : क्रेडिट कार्ड

७) प्रकाश थपलिया
ना.प्र.प.नं. : ३५-०१-७४-०२१०८
स्थायी ठेगाना : चितवन जिल्ला, राप्ती न.पा वडा नं. २
हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४
बाबु : मित्र लाल थपलिया
बाजे : खेम राज थपलिया कर्जा शिर्षक : क्रेडिट कार्ड

८) चम्पक खडका
ना.प्र.प.नं. : ५२/३४७६२
ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ७
हालको ठेगाना :काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १०, बानेश्वर
बाबु : ज्ञानेन्द्र राज खडका
बाजे : खडग बहादुर खडका
कर्जा शिर्षक : क्रेडिट कार्ड

९) एलना राई
ना.प्र.प.नं. : ६७२२०
स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ११
हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ८
बाबु : मन कुमार राई
बाजे : राज बहादुर राई
कर्जा शिर्षक : क्रेडिट कार्ड

१०) राजेश कुमार साह
ना.प्र.प.नं. : ४९२३३२४७
स्थायी ठेगाना: सिराहा जिल्ला, कल्याणपुरजब्डी गा.वि.स. वडा नं. ८
हालको ठेगाना : सिराहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५
बाबु : गणेश प्रसाद साह
बाजे : रित लाल साह
कर्जा शिर्षक : क्रेडिट कार्ड

११) गान्धी अर्याल
ना.प्र.प.नं. : ४४६३०/३७२
स्थायी ठेगाना : सुर्खेत जिल्ला, गुमी गा.वि.स वडा नं. २
हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा वडा नं. १३
बाबु : डिल्ली प्रसाद अर्याल
बाजे : हरि प्रसाद अर्याल
कर्जा शिर्षक : क्रेडिट कार्ड

१२) सुनिल पौडेल
ना.प्र.प.नं. : ६४१०३५/९६२९२
स्थायी ठेगाना: सुर्खेत जिल्ला, लेखफर्सा गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा वडा नं. ८
बाबु : शिव प्रसाद पौडेल
बाजे : चन्द्र लाल पौडेल
कर्जा शिर्षक : क्रेडिट कार्ड

नोट: ऋणी बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणीको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बान्नीगढी जयगढ गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०९/१७

यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई चालु आ.व. २०७९/८० का लागि आवश्यक औषधिहरू सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नु भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा आपूर्ति कर्ताहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू:

१. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरू तथा आपूर्ति कर्ताहरूले चालु आ.ब.को लागि नवीकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र आ.ब.२०७८/७९ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मु.अ.करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि, औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरूले दलभाउपत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत् सिलबन्दी दरभाउ पेश गर्नुपर्नेछ।

३. दरभाउपत्र फाराम खरिद सम्बन्धी दस्तुत तथा धरौटी बैंक दाखिला सम्बन्धी जानकारी
- **बैंकको नाम र ठेगाना :** सिभिल बैंक बान्नीगढी शाखा।
- **कार्यालयको नाम :** बान्नीगढी जयगढ गाउँपालिका जयगढ, अछाम (**कार्यालयको कोड नं. :** ८०७७२५०४००)
- **कार्यालयको खाता नं. :** ०७२१०२०२७१८०६७ (राजस्व खाता), ०७२१०२०२७१८०३५ (धरौटी खाता)

४. सिलबन्दि दरभाउ पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत् मिति २०७९/१०/०२ गते दिनको १२ बजेसम्म दर्ता गराई सक्नुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र मिति २०७९/१०/०२ गते दिनको १२:०० बजे दरभाउ पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. दरभाउपत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनुपर्नेछ। दरभाउपत्र दाताले जमानत बापतको रकम नगदै जम्मा गर्नुपर्ने भएमा बान्नीगढी जयगढ गाउँपालिकाको सिभिल बैंक शाखामा धरौटी खाता नं. ०७२१०२०२७१८०३५ मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको (दरभाउपत्र पेश गर्ने अन्तम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ।

७. पेश भएका दरभाउपत्र आंशिक, आइटम वाइज वा पूर्ण रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा १८ महिना बाँकी रहेको हुनुपर्नेछ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ।

९. दरभाउपत्रदाताले आपुर्ति गर्न चाहेको औषधिको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्नेछ।

१०. दरभाउपत्र दाताले आपुर्ति गर्ने औषधि Who-GMP Certified कम्पनीको हुनुपर्नेछ।

११. दरभाउपत्र दाताले आपुर्ति गर्ने प्रत्येक औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ। औषधि प्याकिङ्ग (स्ट्रि, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, व्याच नं., उत्पादक कम्पनिको नाम र नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि वा यो औषधि बिक्रिका लागि होइन भनी प्यकिङ्गमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ। सो नलेखिएका औषधिहरू कार्यालयले लिने छैन।

१२. आपुर्ति हुने सबै झोल तथा पाउडर औषधिहरू प्लाष्टिक बोतलमा प्यकिङ भएको हुनुपर्नेछ।

१३. दरभाउपत्र पेश गर्दा औषधि तथा सर्जिकल सामानहरूको Price Schedule अनिवार्य पेश गर्नुपर्नेछ। साथै उक्त Price Schedule र e-Bid मा पेश भएको BOQ को भ्याट बाहेकको रकमको आधारमा मूल्यांकन हुनेछ।

१४. दरभाउपत्र साथ पेश गर्ने कागजाताको प्रतिलिपिहरू प्रचलित कानून अनुसार प्रमाणित भएको हुनुपर्नेछ। साथै अपलोड गर्ने कागजातहरू PDF Format मा हुनुपर्नेछ।

१५. यसमा उल्लेख हुन छुट भएको अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।

ठेक्का सम्बन्धी विवरण:

क्र. सं.	ठेक्का नं.	विवरण	फारम दस्तुर रू.	दरभाउपत्र जमानत रकम र अवधि		लागत अनुमान रू (with out VAT)
				जमानत रकम रू.	अवधि	
१.	BJRM/HEALTH/SQ/G/2079-080/01	Procurement of Medicine	3000	75000	45 days	2916120

प्रमुख प्रशासकीय अधिकृत

‘नांगो गाउँ’मा दयाहाङ मुख्य भूमिकामा

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा बन्ने चलचित्र ‘नांगो गाउँ’मा दयाहाङ राई र मिरुना मगर मुख्य भूमिकामा देखिने भएका छन् । चैतमा छायांकन सुरु हुने चलचित्रका लागि अन्य कलाकारको चयन हुन बाँकी छ । जय श्रेष्ठको निर्माणमा बन्ने यस फिल्ममा हिमाल शर्मा प्रस्तुतकर्ता रहेका छन् ।

नयाँ वर्षको पूर्वसन्ध्यामा नेपथ्यको कन्सर्ट

नेपथ्यले मानवसेवा आश्रमको सहयोगार्थ देशव्यापी रूपमा कन्सर्ट गरेको छ । एक महिनाअघि नेपथ्यले विराटनगरबाट सुरु गरेको सांगीतिक प्रस्तुति धनगढी, सुर्खेत, पोखरालगायत मुख्य सहर हुँदै शनिबार काठमाडौंको भृकुटीमण्डपमा आएर टुंगिएको हो ।

नियमित व्यायाम गर्छु



मिरा राई, अल्ट्राधावक

शारीरिक फिटनेसका लागि व्यायाम एकदमै महत्वपूर्ण हुन्छ । तसर्थ, म हरेक दिन समय मिलाएर व्यायाम गर्ने गर्छु । व्यायामका लागि जिम सेन्टर नै जानुपर्छ भन्ने होइन । हामीले घरमै स्ट्रेचिङ मात्रै गर्‍यौं भने पनि फिट हुन सकिन्छ । धावक भएकाले दैनिक रनिङ हुने नै भयो । यसले शारीरिक मात्रै नभएर मानसिक रूपमा पनि आराम महसुस गराउँछ । तनाव कम हुन्छ ।

खानामा सधैं यही नै हुनुपर्छ भन्ने हुँदैन । तर, मात्रा मिलेको पौष्टिक आहार भने हुनुपर्छ । शारीरिक हिसाबले बढी परिश्रम गर्नुपर्ने अवस्थामा धेरै क्यालोरीयुक्त खाना आवश्यक हुन्छ । सामान्यतया खानामा दाल-भात-तरकारी, माछा-मासु, फलफूल खाने गर्छु । त्यस्तै, ब्रेकफास्टमा दूध, अन्डा, चना, मासु आदि सेवन गर्छु ।

दौडका क्रममा छिटो तिर्खा लाग्ने, घाँटी सुक्ने, आदि हुन्छ । तसर्थ, पर्याप्त मात्रामा पानी पिउन आवश्यक हुन्छ । खेलको अभ्यास गर्दा वा जुनसुकै समयमा पनि म प्रशस्त पानी पिउने गर्छु ।

किन हुन्छ महिनावारी अनियमित ?





डा. श्रेयषी अर्याल
स्त्रीरोग विशेषज्ञ, सहप्राध्यापक, काठमाडौं मेडिकल कलेज

सामान्यतः किशोरी अवस्थामा प्रवेश गरेपछि महिनावारी सुरु हुन्छ । प्रायः महिनावारी चक्र २८ दिनको फरकमा हुने हुन्छ । कहिलेकाहीं एक हप्ता पर पनि जान सक्छ । जुन नियमित महिनावारी हो । तर, कहिलेकाहीं स्वास्थ्य समस्या तथा हर्मोनमा आउने परिवर्तनले यो चक्रमा अनियमितता देखिन्छ । २१ दिनभन्दा अघि र ३५ दिनभन्दा ढिला गरी महिनावारी हुने, रगत धेरै वा थोरै बग्ने, महिनावारी नै नहुने जस्ता समस्या हुन्छ । यो समस्यालाई महिनावारीमा गडबडी अर्थात् अनियमित महिनावारी भनिन्छ ।

किन हुन्छ ?

शरीरमा हुने विभिन ग्रन्थिबाट उत्पादन हुने हर्मोनको तालमेलपछि महिनावारी सुरु हुन्छ । थाइराइड, हर्मोनको समस्या, परिवार नियोजनका साधनको प्रयोग, रगतसम्बन्धी रोग, अण्डाशय, पाठेघरसम्बन्धी समस्या, मोटोपन, तनाव, डाइटिङ गर्ने महिलामा महिनावारी अनियमित हुन सक्छ । त्यसैगरी, अस्वस्थकर जीवनशैलीले गर्दा पनि महिनावारी अनियमित हुन्छ । जंकफुड बढी खाँदा पनि शरीरमा तौल बढ्ने र महिनावारी अनियमित हुने गर्दछ ।

यस्ता जटिलता देखिन सक्छ

अनियमित महिनावारी भइरहँदा मानसिक तनाव बढ्ने हुन्छ । धेरै रगत बगिरहेमा शरीरमा रगतको कमी भई रक्तअल्पता हुन्छ । कतिपयलाई सन्तान जन्माउन पनि गाह्रो हुन सक्छ । यस्ता समस्यालाई बेवास्ता गरिरहे क्यान्सरसमेत हुन सक्ने जोखिम रहन्छ ।

के गर्ने ?

सबैभन्दा पहिला त स्वस्थकर जीवनशैली अपनाउनुपर्दछ । पोषिलो खानेकुरा खाने, प्रशस्त पानी पिउने, तौल नियन्त्रणमा राख्ने, नियमित व्यायाम गर्ने, सरसफाइमा ध्यान दिने, धेरै तनाव नलिने, चिकित्सकको सल्लाहविना औषधि प्रयोग नगर्ने र केही समस्या देखिएमा स्त्रीरोग विशेषज्ञसँग परामर्श लिई औषधि उपचार गर्नुपर्छ ।

के खाने, के नखाने ?

महिनावारीको समय अल्कोहलको सेवन गर्नुहुँदैन । यसले विभिन्न समस्या सिर्जना गर्न सक्छ । जस्तो, यसले शरीरमा इस्ट्रोजेनको लेभल बढाउने काम गर्छ । जसकारण महिनावारी अनियमित हुन सक्छ । चिया-कफीको सेवन पनि कम गर्नुपर्छ । किनकि, यसमा क्याफिनको मात्रा अधिक पाइन्छ, जसले महिनावारीमा हुने दुखाइलाई बढाउँछ र मुड स्विङ गराउँछ । राम्रो निद्रा नलाग्न सक्छ । अत्यधिक चिनीको सेवनबाट पनि बच्नुपर्छ । चिनीले पनि पेट दुखाउँछ । त्यसैले केक, कुकिज नखाँदा राम्रो हुन्छ । अत्यधिक चिल्लो खानेकुरा कम गर्नुपर्छ, जस्तो- बोसोयुक्त मासु । यस्ता खाद्यान्नको सेवनले पेट सुन्निन सक्छ । यसको साटो तपाईं चिल्लो कम भएका खानेकुरा लिन सक्नुहुन्छ । जंकफुड नखाने, यसले पेट गडबड गर्न सक्छ । फलफूल प्रशस्तै खानुपर्छ । केरामा पाइने पोटासियमले मुडलाई पनि राम्रो बनाउँछ । यसमा फाइबर अत्यधिक मात्रामा हुन्छ, जसले पाचनसम्बन्धी समस्यालाई कम गर्न सहयोग गर्छ । दहीमा क्याल्सियम हुन्छ र यसले मांसपेशीलाई आराम दिन सहयोग गर्छ । केही अध्ययनका अनुसार यसले ह्याप्पी हर्मोन उत्पादन गर्छ, जो महिनावारीका दौरान वाक्क भएका महिलाका लागि सहयोगी हुन सक्छ । डार्क चकलेटमा एन्टिअक्सिडेन्ट र म्याग्नेसियम हुन्छ । जसले मुड स्विङ गराउँछ र ह्याप्पी हर्मोन रिलिज गर्छ । त्यसैले डार्क चकलेट खाएर खुसी हुनुस् । बिहान नास्तामा आलस लिँदा राम्रो हुन्छ । ग्रिन टी सेवनले पनि तपाईंको शरीरलाई रिल्याक्स गराउँछ । एलोभेरा जुसमा एक चम्चा मह मिसाएर पिउँदा शरीर हाइड्रेट हुन्छ र अधिक रक्तस्रावबाट पनि राहत मिल्छ ।

यसरी सजाउनुस् बेडरुम





सिर्जन नेपाल
इन्टेरियर डिजाइनर
निको बिजनेस प्रालि, काठमाडौं

बेडरुम केवल सुत्ने ठाउँ मात्रै होइन । यो त शान्ति र आराम महसुस गर्ने स्थान हो । त्यसैले यसलाई आकर्षक र आरामदायी बनाउन जरुरी छ । बेडरुममा धेरै चम्किलो नभएर लाइट कलर प्रयोग गर्नु राम्रो हुन्छ । यसरी रङ छनोट गर्दा कोठा आकर्षक, उज्यालो र फराकिलो देखिन्छ । बेडरुममा हरियो, सिल्भर, ग्रे, क्रिम, गुलाबी रङ, सेतो र हल्का रङ, नीलो, हरियो र हल्का नीलो रङ प्रयोग गर्न सकिन्छ । गाढा रङको सेडमा हल्का रङको सेडजस्तै हरियोसँग सेतो, स्मोकी ग्रे, अफ ह्वाइट, बेजलगायतले पनि सजाउन मिल्छ । क्रिम कलरको रङ पनि बेडरुममा उपयुक्त हुन्छ । यसले शान्त महसुस गराउँछ । क्रिम कलरमा ग्रिन कलर पनि कम्बिनेसन गर्न सकिन्छ । यसले बेडरुमलाई आकर्षक र मनलाई शान्त बनाउँछ । बेडरुममा रातो रङको प्रयोग राम्रो मानिँदैन । कालो रङ पनि प्रयोग गरिँदैन । तपाईंले अर्को हल्का पहेँलो रङ रोज्न सकिन्छ, जसले आशा र सकारात्मकता दिन्छ । त्यसबाहेक कोठालाई फरक र आकर्षक बनाउँछ ।

कोठाको साइज ख्याल राख्नुस्

बेडरुमलाई धेरै फर्निचरले भर्नु राम्रो मानिदैन । तर, केही आवश्यक फर्निचर राख्दा तपाईंलाई अध्ययन गर्न वा केही काम गर्न सहज हुन्छ । यदि ठाउँ छ भने एक साइडमा टी टेबल, ड्रेसिङ टेबल वा स्टडी टेबल राख्न सकिन्छ । स्टडी टेबलमा राम्रो ल्याम्प राख्न सकिन्छ । ड्रेसिङ टेबल राख्ने स्पेस छैन भने दराजमै ऐना राख्न सकिन्छ । कोठाको कुना वा बेडसँगै आरामदायी कुर्सी राख्दा राम्रै हुन्छ ।

कस्तो लाइट जडान गर्ने ?

बेडरुममा धेरै चम्किलो प्रकाश दिने बत्ती नराख्दा राम्रो हुन्छ । पहेँलो कलर दिने लाइट जडान गर्नुपर्छ । जसले आँखालाई रिल्याक्स दिन्छ ।

बेडको छनोट

राम्री बुझेर बेड खरिद गर्नुपर्छ । त्यस्तो म्याट्रेस राख्नुपर्छ, जसमा तपाईंलाई आरामदायी र न्यानो महसुस होस् । धेरै नरम वा धेरै कडा म्याट्रेस नराख्नुस् ।

त्यस्तै, कपडा राख्नका लागि राम्रो दराज छनोट गर्नुस् । धेरै ठूलो र भद्दा नभएर आवश्यकताअनुसारको दराज खरिद गर्नु राम्रो हुन्छ ।

कस्तो पर्दा छनोट गर्ने ?

बेडरुमका लागि पर्दा छनोट गर्दा विचार पुऱ्याउनुपर्छ । बेडरुमको भित्तामा जुन रङ प्रयोग गरिएको छ, त्यसभन्दा फरक रङको पर्दा प्रयोग गर्नु राम्रो हुन्छ । भित्तामा हरियो रङ प्रयोग गरिएको छ भने क्रिम कलरको पर्दा छनोट गर्दा राम्रो हुन्छ ।

इन्डोर प्लान्ट्सको चयन

कोठाको सजावट र हावा शुद्ध राख्नका लागि तपाईंले इन्डोर प्लान्ट्स पनि रोप्न सक्नुहुन्छ । स्नेक प्लान्ट, हर्ट लिफ फिलेडेन्ड्रोन, गोल्डेन पोथोस, स्पाइडर प्लान्ट, रबर प्लान्ट, पिस लिली, गार्डेनियालगायत रोप्न सकिन्छ । स्नेक प्लान्टले रातमा अक्सिजन फाल्ने भएकाले तपाईंलाई आरामदायी निद्रा मिल्छ । जसकारण, तनावरहित र ऊर्जावान् बन्न सहयोग मिल्छ ।

२२ जुनदेखि नेपाल-अमेरिका चलचित्र महोत्सव

नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको छैटौं संस्करण-२०२३ जुन २२ देखि २५ सम्म वासिङटन डिसीमा आयोजना हुने भएको छ । गैरनाफामुलक संस्था नेपाल-अमेरिका फिल्म सोसाइटीले सन् २०१७ देखि प्रत्येक वर्ष यो महोत्सवको आयोजना गर्दै आएको छ ।

महोत्सवमा फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र, एनिमेशनका साथै सबै विधाका चलचित्रहरू प्रदर्शन गरिनेछन् । नेपाल बाहेक अमेरिका, दक्षिण एसियासहित विभिन्न देशका स्वतन्त्र सिनेमाहरू यस महोत्सवमा देखाइनेछन् । त्यसैगरी, वासिङ्गटन डीसी, मेरिल्याण्ड र भर्जिनियाका स्थानीय चलचित्रकर्मीलाई प्रोत्साहन गर्न ‘डीएमभी क्लोजअप’ अन्तर्गत चलचित्रहरू प्रदर्शन गरिने महोत्सवका निर्देशक युवाकर राजकर्णिकारले बताए ।

महोत्सव अवधिमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे ‘प्यानल’ छलफल तथा कार्यशालासमेत आयोजना हुनेछन् । चलचित्र प्रदर्शनपछि निर्देशक, निर्माता तथा कलाकारसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिने कर्णिकारले बताए ।

सफल मोडल बन्न बौद्धिकता आवश्यक





प्रशान्त ताम्राकार
फेसन कोरियोग्राफर/ अभिनेता

जीवनशैली प्रस्तुत गर्ने कला मोडलिङ हो । यो नयाँ पुस्तालाई बदलिँदो संसारसँग अपडेट गराइराख्ने विधा हो । पछिल्लो समय विश्वव्यापीकरणसँगै नेपालमा पनि मोडलिङ एउटा छुट्टै विधाका रूपमा विकसित भएको छ । विशेषगरी, युवापुस्ता यसप्रति आकर्षित छन् । सफल मोडल बन्न आकर्षक व्यक्तित्व आवश्यक छ । यसका लागि फिटनेसमा ध्यान दिनुपर्छ ।

मोडलिङमा ‘ब्रेन विथ ब्युटी’ सूत्र धेरै हदसम्म लागू हुने गर्छ । एउटा मोडल शारीरिक सौन्दर्यमा मात्र सीमित नभई उसमा आवश्यक ज्ञान पनि हुन आवश्यक छ । समाजमा भइरहेका देशको इतिहास, समाजको गति र परिवेशको ज्ञान हुनुपर्छ । यसबाहेक आफ्नो पेसाप्रतिको ज्ञान अत्यावश्यक छ । मिहिनेत, कडा अभ्यास र हँसिलो तथा मिलनसार स्वभाव सफल मोडलमा हुनुपर्ने गुण हुन् ।

यसरी बनाउनुस् पक्कु मटन





खेम भण्डारी
सेफ
दियालो फुडल्यान्ड

पक्कु मटन अर्थात् ड्राई मटनलाई प्रायःले रुचाउँछन् । एउटा पित्तल वा तामाको भाँडामा यसलाई पकाउन सकिन्छ ।

पकाउने विधि : एउटा तामा वा पित्तलको भाँडामा थोरै तेल राख्ने । जिरा, लसुन, प्याज फुराउने । सँगै मटन राखेर भुट्ने । त्यसमा पिसेको जिरा, धनियाँ राख्ने । बेसार, हरियो खुर्सानी पनि राख्ने । पिसेको अदुवा, लसुन, नुन राखेर नरम खालको बनाएर ड्राई मटन वा पक्कु मटन बनाउन सकिन्छ ।

म्वाइस कल दर परिवर्तन भएको सूचना ।

यस एनसेल आजियाटा लिमिटेडले यस एनसेल नेटवर्क भित्रका तथा अरु दूरसञ्चार सेवा प्रदायकहरुको नेटवर्कमा कल गर्दा देशभर लाग्दै आएको महशुल दर प्रति मिनेट रु. १.९९ (कर बाहेक) बाट परिवर्तन गरी प्रति मिनेट रु. १.६२ (कर बाहेक) कायम गरिएको व्यहोरा सबै ग्राहकवर्गहरुलाई यसै सूचना मार्फत जानकारी गराउँछौं । यो नयाँ दर यहि मिति २०७९/०९/१७ अर्थात १ जनवरी २०२३ देखि लागु हुने व्यहोरा अनुरोध गर्दछौं ।

एनसेल आजियाटा लिमिटेड
Ncell ICON भवन, लैनचौर-२६, काठमाडौं ।

Ncell an axiata company

खनियाबास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(ढुङ्गा, गिट्टी, बालुवा एवं रोडा संकलन र बिक्री शुल्क)

दोस्रो पटक सूचना प्रकाशित मितिः- २०७९/०९/१७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(घ) १(घ) र दफा ६(घ) समेतमा भएको व्यवस्था, बागमती प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८(१) र सोसंग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, खनियाबास गाउँकार्यपालिका बैठकको मिति २०७९/०५/२९ को निर्णय अनुसार आ.ब. २०७९/०८० को लागि खनियाबास गाउँपालिका क्षेत्राधिकार भित्र पर्ने आँखु, लिस्ने, किन्ताङ, थम्बु खोला क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा एवं रोडा संकलन र बिक्री शुल्क ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएको हुँदा ईच्छुक दर्तावाला (अनिवार्य रुपमा मु.अ.करमा दर्ता भएका) फर्म/कम्पनीहरुलाई शिलबन्दी बोलपत्र पेश गर्न ३० दिने सूचना आह्वान गरिएकोमा तोकिएको समयभित्र कुनैपनि फर्म/कम्पनीहरुबाट शिलबन्दी प्रस्ताव पेश हुन नआएकाले पुनः मिति २०७९/०९/१४ गते कार्यपालिका बैठकबाट निर्णय भई कायम भएको न्यूनतम शुल्क समेत घटाई दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । यस सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र (शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट वा लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारी कार्यालयको वेभसाईट www.khaniyabasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

ठेक्का नं.	आयको विवरण	आ.व. २०७९/०८० का लागि कायम न्यूनतम शुल्क (मु.अ.कर बाहेक)	बिक्री तथा निकासी दर (प्रति घन मिटर)	बोलपत्र फारम दस्तुर	धरौटी जमानत रकम
खनियाबास/ ०७/२०७९-८०	खनियाबास गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखु, लिस्ने, किन्ताङ, थम्बु खोला क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा एवं रोडा संकलन र बिक्री शुल्क संकलन	रु. २१,००,०००।- (रुपैयाँ एक्काइस लाख मात्र)	निकासी कर बिक्री शुल्क प्रति घन मिटर ९(नौ) रुपैयाँ	रु.३,०००/- (रुपैयाँ तिन हजार मात्र)	मु.अ.क. सहित कुल कबोल अंकको ५(पाँच) प्रतिशत नगद, बैक जम्मा वा कम्तिमा १२० दिन म्याद भएको बैक जमानत पत्र

नि. प्रमुख प्रशासकीय अधिकृत

बंगलादेशको विकासमा दर्शक बनेको नेपाल

बंगलादेशले आफ्ना तमाम विसंगतिबीच गरिरहेको विकासको दर्शक बनेका भए पनि हामीले त्यसबाट कत्ति पनि सिकेका छैनौं



● पामिर गौतम

अग्रलेख

गत बुधबार बंगलादेशले राजधानी ढाकामा आफ्नो पहिलो मेट्रो रेल सेवा सुरु गरेको छ, जसमा प्रतिघन्टा करिब ६० हजार मानिसले आवतजावत गर्ने आकलन गरिएको छ। ७५ प्रतिशत जापानी लगानीमा निर्माण भइरहेको मेट्रो रेल सेवाको पहिलो चरणको मेट्रो लाइनको उद्घाटन गर्दै प्रधानमन्त्री शेख हसिनाले यो परियोजना बंगलादेशको विकासमा कोसेढुंगा भएको बताइन्। मेट्रो रेल सेवाले राजधानी ढाकाको सामाजिक र आर्थिक जीवन थला पारेको ट्राफिक जामको समस्यालाई कम गर्न सक्छ। सन् २०३० सम्ममा ढाकाका सबै मेट्रो लाइनहरू सञ्चालनमा आउने र हरेक दिन पचास लाखभन्दा बढी मानिसले मेट्रोसेवा प्रयोग गर्ने अनुमान गरिएको छ। त्यस्तै, यस परियोजनाले वार्षिक २.४ बिलियन अमेरिकी डलर वा देशको जिडिपीको १.५ प्रतिशत बचत हुने अपेक्षा गरिएको छ। ६ महिनाअघि मात्र प्रधानमन्त्री हसिनाले पद्मा नदीमा निर्मित बंगलादेशको सबैभन्दा लामो पुलको उद्घाटन गरेकी थिइन्। लगभग तीन खर्ब दुई अर्ब बंगलादेशी टका लागतमा निर्मित ६.१५ किलोमिटर लामो यस पुलले बंगलादेशका कम विकसित दक्षिण र दक्षिणपश्चिम क्षेत्रका २१ जिल्ला, मोङ्ला र पायरा बन्दरगाह र देशको पूर्वी क्षेत्रलाई राजधानी ढाकासँग जोड्छ। पद्मा बहुउद्देश्यीय पुलले देशको वार्षिक कुल गार्हस्थ्य उत्पादन १.२३ प्रतिशतले बढाउने अनुमान गरिएको छ। कुनै समय पूर्वाधार अभावमा पछि परेको बंगलादेश आज द्रुत गतिमा पूर्वाधार विकासमा लागेको छ।

विश्वका ठूला सहरलाई अपठ्यारोमा पार्ने सबै कारणमध्ये ट्राफिक सबैभन्दा बढी खराबमा पर्छ। सन् २०१६ मा न्युयोर्क टाइम्समा ढाकामा विद्यमान ट्राफिक समस्याबारे वर्णन गर्दै जोडी रोजनले त्यहाँको ट्राफिक समस्या चरम अवस्थामा रहेको उल्लेख गरेका थिए। उनका अनुसार अन्य मेगा सिटीभन्दा ढाकाको ट्राफिक यति अराजक, व्यापक र स्थायी छ कि यो सहरको संगठनात्मक सिद्धान्त बनिसकेको छ। क्षेत्रफलको हिसाबले लगभग नेपालजत्रै बंगलादेशको जनसंख्या भने सत्र करोडभन्दा बढी छ। संसारकै छैटौं बढी जनसंख्या भएको सहरका रूपमा रहेको राजधानी ढाकामा दुई करोडभन्दा बढी मानिस बस्छन्। सन् १९९५ र २००५ बीच ढाकाको सहरी केन्द्रमा सडकको लम्बाइ पाँच प्रतिशतले मात्र बढ्दा जनसंख्या ५० प्रतिशतले र ट्राफिक १३४ प्रतिशतले बढेको थियो। बढ्दो जनसंख्या र समृद्धिसँग पूर्वाधार विकासको तालमेल नमिल्दा ढाकाको ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुनु स्वाभाविक हो। यसले दैनिक जीवन कष्टकर मात्र बनाएन, देशको अर्थतन्त्रमा पनि ठूलो क्षति पुऱ्याएको थियो। विश्व बैंकको २०१७ को प्रतिवेदनअनुसार ढाकामा ट्राफिक जामका कारण त्यहाँ दैनिक ३८ लाख काम गर्ने घन्टा बर्बाद भइरहेको थियो। त्यस्तै २०१८ को बंगलादेश युनिभर्सिटी अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीको एक अध्ययनअनुसार ढाकाको ट्राफिकका कारण देशले प्रतिवर्ष लगभग ४.४ अर्ब अमेरिकी डलर क्षति व्यहोरिरहेको थियो।

पछिल्लो उपलब्ध सरकारी तथ्यांकअनुसार आर्थिक वर्ष २०२१-२२ मा बंगलादेशको आर्थिक वृद्धिदर ७.२५ प्रतिशत र प्रतिव्यक्ति आय दुई हजार ८२४ अमेरिकी डलर पुगेको छ। बंगलादेश सरकारले आफ्नो भिजन- २०४१ रणनीति अघि सारेको छ, जसले सन् २०३१ सम्ममा चरम गरिबी उन्मूलन गर्दै उच्च मध्यम आय भएको देश बनाउने र सन् २०४१ सम्ममा उच्च आय भएको मुलुकको दर्जा हासिल गर्ने लक्ष्य राखेको छ। बंगलादेश २०२६ मा अति कम विकसित राष्ट्रबाट स्तरोन्नति हुँदै छ। यससँगै प्रमुख बजारहरूमा बंगलादेशी निर्यातले पाउँदै आएका धेरै प्राथमिकता र छुटहरू क्रमशः समाप्त हुँदै जानेछन्। एक अनुमानअनुसार यसले बंगलादेशको वार्षिक कुल निर्यातमा ११ प्रतिशतले कमी हुन सक्छ। यस्तो अवस्थामा यी घाटाहरू सामना गर्न देशले आगामी केही वर्षमा आफूलाई तयार गर्नुपर्ने चुनौती बंगलादेशलाई छ।

आर्थिक वृद्धिलाई दिगो बनाउन राम्रो पूर्वाधार र किफायती ऊर्जाको पहुँच सुनिश्चित गर्न अति आवश्यक छ। चीन र भारतजस्ता विकासशील देशले पनि आफ्नो आर्थिक वृद्धिका लागि पूर्वाधार र ऊर्जा क्षेत्रको विकासमा ठूलो जोड दिएका छन्। यो महत्त्वलाई बुझेर बंगलादेशी नीति-निर्माताले आवास, यातायात, बन्दरगाह, ऊर्जा, सूचना तथा सञ्चार प्रविधि, खानेपानी तथा सरसफाइ, भवन, तटबन्धजस्ता परियोजनामा महत्त्वसाथ लगानी बढाउन थालेका छन्। पद्मा बहुउद्देश्यीय पुल, रूपपुर आणविक ऊर्जा केन्द्र, बंगबन्धु शेख मुजिबुर रहमान सुरुङमार्ग, माटरबारी पावर प्लान्ट,



रामपाल पावर प्लान्ट, पायरा पावर प्लान्ट, ढाका मेट्रो रेल परियोजना र पायरा समुद्री बंदरगाह बंगलादेशको इतिहासकै ठूला निर्माणाधीन पूर्वाधार परियोजना हुन्।

सरकारी तथ्यांकअनुसार सन् २००९-२०२० को अवधिमा बंगलादेश सरकारले ग्रामीण सञ्चार पूर्वाधार विकास आयोजनाअन्तर्गत विभिन्न ग्रामीण क्षेत्रमा करिब तीन लाख २१ हजार तीन सय २२ मिटर पुल र कल्भर्ट निर्माण गरेको छ। त्यस्तै, सोही अवधिमा सरकारको दिगो सहरी विकास पहलअन्तर्गत सहरी क्षेत्रमा करिब १३ हजार आठ सय ३३ मिटर पुल र कल्भर्ट निर्माण भएका छन्। २००९ देखि २०२० सम्मको अवधिमा बंगलादेशले १४२ नयाँ रेल सञ्चालन गर्नुका साथै ४३९ रेलवे पुल र ४६२ किलोमिटर नयाँ रेलवे लाइन निर्माण गरेको छ। यस अवधिमा बंगलादेशले २० वटा बहुयुनिट ट्रेन खरिद गरेको छ र त्यस्तै ७९३ वटा मालगाडी र ९८० यात्री कोच सञ्चालन गरेको छ। बंगलादेशले रेलवे प्रणालीलाई सुधार गर्न रेलवे मास्टर प्लान २०१६-२०४५ बनाएको छ, जसअन्तर्गत जुलाई २०१६ र जुन २०४५ को अवधिमा ६ चरणमा ५८.४२ बिलियन अमेरिकी डलर मूल्यका २३० परियोजना कार्यान्वयन गर्ने लक्ष्य राखेको छ।

> देशको आकारदेखि धेरै पक्षमा लगभग सामञ्जस्य हुँदाहुँदै पनि नेपाल र बंगलादेशको आर्थिक उपलब्धि र विकासप्रति नेतृत्वको चासोमा भने निकै अन्तर छ। नेपालको कुल गार्हस्थ्य उत्पादन ३६.२९ बिलियन अमेरिकी डलर छ भने बंगलादेशको ४१६.२६ बिलियन अमेरिकी डलर छ।

बंगलादेशले उद्योगको विविधीकरण र रोजगारी, उत्पादन र निर्यातमा वृद्धि गरी द्रुत आर्थिक विकासलाई प्रोत्साहन गर्न देशभरका महत्त्वपूर्ण आर्थिक बिन्दुहरूमा विदेशी र स्वदेशी दुवै लगानीकर्ताका लागि सयवटा विशेष आर्थिक क्षेत्र (सेज) वा औद्योगिक पार्क विकास गर्दै छ। यसले देशमा सञ्चालनमा आउने उद्योगका लागि हुन सक्ने जग्गाको समस्या पनि समाधान गर्नेछ। बंगलादेशमा अहिले ८८ सेज छन्, जसमध्ये ५९ सरकारी र २९ निजी पक्षको स्वामित्वमा छन्। यी सेजमा ३८ देशले लगानी गरेका छन्। विगत एक दशकमा बंगलादेशको ऊर्जा क्षेत्रमा उल्लेख्य वृद्धि भएको छ। २०१० मा ५० प्रतिशतभन्दा कम जनसंख्याको बिजुलीमा पहुँच थियो, तर २०२२ सम्म आइपुग्दा बंगलादेशले पूर्ण विद्युतीकरण दरको कोसेढुंगा हासिल गरेको छ। २०१० र २०२२ को अवधिमा बिजुली उत्पादन क्षमता लगभग पाँच हजार मेगावाटबाट २५ हजार मेगावाट पुगेको छ। सन् २००९ मा चार हजार ९४२ मेगावाट क्षमताका २७ पावर प्लान्ट मात्र थिए, तर २०२२ मा १५२ पावर प्लान्ट रहेका छन्, जसको ऊर्जा उत्पादन क्षमता २५ हजार पाँच सय ६६ मेगावाट छ। बंगलादेशले २०३० सम्म ४० हजार मेगावाट र २०४१ सम्ममा ६० हजार मेगावाट उत्पादन गर्ने लक्ष्य राखेको छ।

दक्षिण एसियामा नेपालले विकासको मापन गर्दा बंगलादेशलाई नजिक सम्झेर तुलना गर्ने परम्पराजस्तै छ। यसो हुनुमा दुई देशबीचको राजनीतिक संस्कार र परम्पराको समानता पनि हो। नेपाल र बंगलादेश दुवैले संसदीय लोकतन्त्र अपनाएका छन्, विकृत लोकतान्त्रिक संस्कृतिले यी दुवै देशको समग्र राजनीतिक प्रणालीलाई असर गरेको छ। दुवै देशका राजनीतिक दलहरूमा विचारधारालाई कुनै मूल्य नदिने कार्यकर्ता र नेताको हालीमुहाली छ। बढ्दो भ्रष्टाचार, कमजोर विधिको शासन र दण्डहीनताले दुवै देशको सुशासन कमजोर बनाएको छ। राजनीतिक अराजकता र राजनीतिक प्रभुत्व सुनिश्चित गर्न प्रशासनिक तन्त्रको राजनीतीकरण, संविधानसँगको खेलबाड र न्याय प्रणालीमा हस्तक्षेपले लोकतान्त्रिक मूल्य र मान्यतामाथि नै प्रहार भएको छ। राजनीतिक हिंसाको मामिलामा बंगलादेशको अवस्था नेपालको भन्दा पनि खराब छ। बंगालादेशमा २००१ देखि २०१८ को अवधिमा राजनीतिक दलबीच भएको हिंसाका कारण चार हजार नौ सय २९ ले ज्यान गुमाएका छन् भने दुई लाखभन्दा बढी घाइते भएका छन्। समान राजनीतिक संस्कृतिले मात्र होइन, यी दुई देश क्षेत्रफलका हिसाबले पनि लगभग समान छन् र दुवै अतिकम विकसित राष्ट्रहरू हुन्, जो २०२६ मा यस श्रेणीबाट उक्लने अपेक्षा गरिएको छ।

यति भइरहँदा पनि दुई देशको आर्थिक उपलब्धि र आर्थिक विकासप्रति नेतृत्वको चासोमा भने निकै अन्तर छ। नेपालको कुल गार्हस्थ उत्पादन ३६.२९ बिलियन अमेरिकी डलर छ भने बंगलादेशको ४१६.२६ बिलियन अमेरिकी डलर छ। अल्पविकसित देशबाट स्नातक हुने पूर्वसन्ध्यामा बंगलादेशले आफ्ना प्रमुख विकास साझेदारहरूसँग व्यापार र लगानी साझेदारीलाई गति दिएको छ र ठूला पूर्वाधार परियोजनाको विकास गर्न अघि बढेको छ, जसले दीर्घकालीन बजार अवसर सिर्जना गर्न मद्दत पुऱ्याउनेछ। नेपालमा भने आर्थिक विषय अझ बहसको विषय हुन सकेको छैन। देशलाई समृद्धिमा लैजाने पटक-पटक वाचा गर्नेहरू नै सत्तामा पटक-पटक पुगेका छन्। तैपनि, हामीकहाँ गएका दशकमा भएका प्रगतिमा देखाउन लायक विकास पचास प्रतिशत पनि चौडा नभएको चक्रपथबाहेक अरू केही छैन। बरु दश वर्षअगाडि काठमाडौं छाडेकाहरूले अहिले फर्किंदा यातायातको सास्ती झन् धेरै खप्नुपरेको छ। शिक्षा दिने विश्वविद्यालयहरू पूरै दलीयकरण भइसकेका छन्, रोजगारीका नयाँ अवसरबारे पत्रपत्रिकामा नछापिएको जुग भएको छ। हामी बंगलादेशले आफ्ना तमाम विसंगतिबीच गरिरहेको विकासको दर्शक बनेका छौं, तर त्यसबाट हामीले कत्ति पनि सिकेका छैनौं।

३ प्रश्न

नेपाल प्रहरीका पूर्वीडिआइजी **हेमन्त मल्ल ठकुरी**लाई



नयाँ गृहमन्त्रीबाट प्रहरी प्रशासनमा सुधार हुन सक्ने सम्भावना कति देख्नुहुन्छ ?

उहाँमा राजनीतिक इच्छाशक्ति र इमानदारी भयो भने जति पनि सम्भावना छन्। पुराना मान्छेबाट काम भएन भन्ने आवाज उठिरहेको समयमा नयाँ अनुहारले गृह मन्त्रालय सम्हाल्नुभएको छ। नयाँ भएर अनुभव नभए पनि इमानदार भएमा काम धेरै हुन सक्छ। तर, अहिले उहाँ सुरुमै अनावश्यक ससाना विषयमा बढी अल्झिनुभएको जस्तो देखिन्छ। यसतर्फ सचेत भने हुनुपर्छ।

प्रहरी संगठनलाई बलियो बनाउन नयाँ गृहमन्त्रीले के के काम गर्नुपर्छ ?

उहाँले सबैभन्दा पहिले नीतिगत तहमा भएका समस्या सम्बोधन गर्नुपर्छ। उदाहरणका लागि एसपीसम्मको सरुवा गर्ने अधिकार आइजिपीलाई दिइएको छ। तर, व्यवहारमा भने जवानको सरुवालाई पनि बालुवाटार पुऱ्याउनुपर्ने बाध्यता छ। यसलाई हटाउनुपऱ्यो। जसको जे जिम्मेवारी छ, उसलाई त्यो पूरा गर्ने पूर्ण स्वायत्तता दिनुपऱ्यो। अवकाशसम्बन्धी उमेर हदको विषयमा पनि राजनीति हाबी हुने गरेको छ। यसलाई ऐनमै प्रस्ट व्यवस्था गर्नुपर्छ। नियममा राखिँदा राजनीतिक नेतृत्वले चलखेल गर्ने मौका पाउँछ। प्रहरीमा स्रोत साधनको पनि व्यापक अभाव छ। प्रविधिको उपयोगमा पनि प्रहरी पछि नै छ। यसलाई पनि सम्बोधन गर्न सक्नुपर्छ।

गृहमन्त्रीले सुधार गर्न चाहेमा प्रहरी संगठनभित्रबाट कति सहयोग होला ?

बिल्कुलै सहयोग हुन्छ। प्रहरीमा हाम्रो पछाडि पनि कोही छ भन्ने पऱ्यो भने उनीहरूले सहयोग नगर्ने कुरै छैन।


प्रेरक प्रसंग

सुकरात र परीक्षण

एकपटक सुकरातका एक परिचित छिमेकी उनीकहाँ आए। उनले निकै उत्साहसाथ भने- मैले हजुरका मित्रबारे एउटा अनौठो कुरा सुनेको छु। उनको कुरा सुन्नासाथ सुकरातले भने- तपाईंले सुनेको कुरा म अवश्यै सुन्नेछु। तर, त्यो सुन्नुअघि एउटा सानो परीक्षण गरौं।

सुकरातका छिमेकीले अचम्म मान्दै सोधे- कस्तो परीक्षण ?

सुकरातले जवाफ दिए- कुनै त्यस्तो अनौठो परीक्षण होइन, सामान्य तीन तहको परीक्षण मात्र हो। छिमेकीले सोधे- के-के हुन् त ती तीन तह ? पहिलो, सत्यताको तह। तपाईंले जसको कुरा सुन्नुभएको छ, के उनको कुरा पूर्णतः सत्य छ ? छिमेकीले भने- छैन, मैले यो कुरा कतै सुनेको मात्र हुँ। सुकरातले भने- केही छैन, ठिकै छ। दोस्रो, सकारात्मकताको तह। तपाईंले जे सुन्नुभएको छ, के त्यो सकारात्मक छ ? छिमेकीले भने- अहँ, यो त यसको ठिक उल्टो पो छ। सुकरातले भने- तेस्रो, उपयोगिताको तह।



अब तपाईं मलाई बताउनुहोस् कि, यहाँ तपाईंले मलाई बताउन लागेको कुरा के मेरा लागि उपयोगी छ ? छिमेकीले जवाफ दिए- अहँ, त्यस्तो उपयोगी त छैन। छिमेकीको जवाफ सुनेपछि गम्भीर हुँदै सुकरातले भने- मेरा प्रिय मित्र, जे कुरा तपाईं मलाई सुनाउन खोज्दै हुनुहुन्छ, त्यो न सत्य हो, न सकारात्मक छ र न त उपयोगी नै छ। यस्तो अवस्थामा त्यो कुरा मलाई बताउनुको औचित्य के छ ?

सुकरातका छिमेकीलाई आफ्नो गल्तीको महसुस भयो र उनी सुकरातसित माफी मागेर घरतिर लागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सचेत बनौं, सुरक्षित बनौं

विश्वमा कोभिडको नयाँ लहर फैलिएको छ। हाम्रो छिमेको मुलुक भारतमा कोभिड संक्रमितको संख्या निकै वृद्धि भएको छ। हामीजस्तो खुला सिमाना भएको मुलुकका लागि यो खतराको संकेत पनि हो। यसर्थ भारतसँग सीमा जोडिएका जिल्लामा आवतजातमा सतर्कता अपनाउनु जरुरी भइसकेको छ।

हिजोआज बजारमा जहाँतहीं भिड बढेको छ। घरबाहिर निस्किँदा मास्क लगाउन हामीले बिर्सिसकेका छौं। मानिसहरू मास्क नलगाई खुलेआम निर्धक्क भिडभाडमा निस्किसकेका छन्। सायद उनीहरूले विगतमा कोभिडको भयावह स्थिति बिर्सिसकेजस्तै लाग्छ। मानिसले कोरोनाविरुद्धको खोप लगाएका भए पनि सबैले ढुक्क हुन सक्ने अवस्था छैन। त्यसैले, समयमै सचेत बनौं, सुरक्षित रहौं।

● **अच्युतमानसिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

चिसोपीडितलाई राहत खोइ ?

सरकारको कोषमा चिसोबाट प्रभावित हुनेलाई राहत दिन पैसा भए पनि राहत वितरण गर्नेतर्फ भने कुनै तत्परता नदेखिनु दुःखको विषय हो। के चिसोबाट बच्न संघर्ष गरिरहेका गरिब नेपाली जनताले ज्यान गुमाइसकेपछि मात्र त्यसका पीडितलाई राहत वितरण गर्ने हो कि के हो सरकार ? नत्र, राहत कोषमा पैसा थुपारेर चिसोबाट कट्याग्रिएर जीवन-मृत्युको दोसाँधमा रहेका गरिब नेपालीको पीडा किन देख्दैनन् तीनै तहका सरकारले ?

● **भूमिका विक**
चितवन

समयमै सावधान बनौं

देशभर चिसो बढेसँगै यसबाट जोगिन अनेकौं उपाय गर्ने क्रम पनि बढेको छ। यस क्रममा सबैभन्दा बढी नेपालीले गर्ने भनेको कोठामा मकल या हिटर बालेर सुत्ने हो। हरेक वर्ष धेरैले यही हिटर या मकलका कारण ज्यान गुमाउने गरेका छन्। त्यसैगरी नुहाउन बाथरुममा प्रयोग गरिने गिजरका कारण पनि धेरैको अकालमा ज्यान जाने गरेको देखिन्छ। त्यसैले, यस्ता उपकरण प्रयाग गर्दा सचेत बनौं।

● **गोविन्द महर्जन**
कीर्तिपुर, काठमाडौं

संयमित बन्नुहोस् गृहमन्त्रीज्यू

गृहमन्त्रीज्यू, हिजो तपाईं मिडियाकर्मी हुँदा गृहप्रशासनभित्रका धेरै विकृति देख्नुभएको छ र आज कार्यान्वयन गर्ने ठाउँमा पुग्नुभएको छ। गृह मन्त्रालयभित्र 'सिस्टम' बसाल्नुहोस्। व्यक्तिको सोच या सनकले होइन, सिस्टमले मन्त्रालय चलाउनुहोस्। कामप्रति समर्पण भाव देखाउनुहोस्। हिजो बोल्दा के बोलेँ भनेर सोच्नु पर्दैनथ्यो, तर आज बोल्दा विचार गरेर बोल्नुपर्ने ठाउँ र जिम्मेवारीमा पुग्नुभएको छ। बोल्नका लागि मात्र बोलेर हुँदैन, काम गरेर देखाउनुपऱ्यो। गृह मन्त्रालयभित्र अनेक विकृति छन्। हिजोका गृहमन्त्रीले बोलेजस्तै सरुवा बढुवाका लागि नआउनुहोस्, काम गरेर देखाउनुहोस् भनेर प्रचारबाजी नगर्नुहोस्। गृहमा एउटा सिस्टम बसाल्नुहोस् र आउने गृहमन्त्रीहरूले पनि त्यही सिस्टम अनुसरण गरून्। जनताको विश्वासमा घात पर्ने काम नगर्नुहोस्। प्रहरी प्रशासनभित्र काम होइन, चाकडी प्रथा मौलाएको छ, यसको अन्त्य गर्नुहोस्।

कतिपयले स्वतन्त्र पार्टी सरकार जान हुँदैनथ्यो भनिरहेका छन्। तपाईंहरू सरकारमा गएर बस्ने मात्र होइन, काम गरेर देखाउनुहोस्। हिजो ललिता निवासको जग्गाका विषयमा मिडियामा छँदा के बोल्नुभएको थियो, अब आज कार्यान्वयन गर्ने ठाउँमा हुनुहुन्छ, गरेर देखाउनुहोस्। त्यति मात्र होइन, निर्मला हत्याकण्ड पत्ता लगाउँछु भन्नुभएको छ। त्यसलाई टुंगोमा पुऱ्याएर देखाउनुहोस्। प्रहरीलाई डनहरूसँग होइन, जनतासँग मिलेर अघि बढ्ने बाटो देखाइदिनुहोस्। यत्ति भए तपाईंको कार्यकाल सफल भएको मानिनेछ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

पेले : फुटबलमा महानताको मानक स्थापना गर्ने व्यक्ति

पेले ब्राजिलियन फुटबल खेलाडीमा मात्र सीमित नभई सिंगो फुटबल संस्कृति नै बने र पहिलो वैश्विक फुटबल सेलेब्रिटी पनि



देश / विदेश

● डेभिड गोल्डब्लेट

सन् १९५८ को विश्वकप फाइनलमा ब्राजिल ४-२ ले अगाडि रहेका वेला १७ वर्षका पेलेले स्विडेनको पेनाल्टी क्षेत्रनजिकै लामो दूरीबाट आएको बललाई नियन्त्रणमा लिएका थिए। उनले निमेषभरमै बललाई छातीमा नियन्त्रण गर्दै आफ्नो खुट्टामा अड्याएका थिए। अड्याएको बललाई टोलीको अर्को खेलाडीलाई पास गरेका थिए। दर्शक यो दृश्य हेर्दै उत्साहसाथ ताली बजाई के रहेका थिए बल पेलेतर्फ नै फर्कियो र हेडिङ गर्दै पेलेले नै गोल गरे। ब्राजिलको पहिलो विश्वकप जितले देशको नयाँ पहिचान बनाइदियो, अर्थात् केही मिनेटअगाडिसम्म कफीका लागि चिनिने ब्राजिल फुटबलको पर्यायवाची बन्यो। मैदानमा खुसीका आँसुको भल नै बग्यो र पेले ब्राजिलियन फुटबलका प्रतीक बने।

विश्वकप विजयको दिनअगाडिका समयमा ब्राजिलले गरेको संघर्ष एवं अनुभव उल्लेखनीय थियो। सन् १९३८ मा ब्राजिलका अफ्रिकी मूलका जाज्वल्यमान प्रतिभा भएका खेलाडी विशेषतः लियोनिडासले विश्वको ध्यान खिचेका थिए। टिप्पणीकारका अनुसार देशको वर्णशंकर जनसंख्या अर्थात् अफ्रिकन-इन्डियन–(अमेरिकी क्षेत्रका आदिवासी) युरोपेली समुदायबाट जन्मेका समुदायलाई ब्राजिलियन फुटबल एवं संस्कृतिको प्रमुख शक्ति भनिएको थियो। ब्राजिलमा भएको सन् १९५० को विश्वकपले यसलाई बलियो बनाउने मानिएको थियो, तर माराकानाजो भनेर चिनिने विश्वकप फाइनलमा ब्राजिल उरुग्वेसँग पराजित भयो। यस हारलाई राष्ट्रको आधुनिकीकरणको असफलता र विभिन्न नश्लबीचको सम्बन्धबाट जन्मेका वर्णशंकर मानिसलाई असफल आधुनिकीकरणका लागि दोषी ठहऱ्याइयो। अश्वेत खेलाडीलाई हारको कारण मानियो र यो समुदायविरुद्ध नश्लभेदी रुढीबद्ध धारणा पुनर्विकसित हुन थाल्यो। तर, सन् १९५८ मा ब्राजिल यो अभिशापबाट मुक्त भयो। ब्राजिलको अत्यधिक विविध टोली आफ्नै अनौठो लयमा खेल्दै विश्व च्याम्पियन बनेको थियो, जहाँ पेले स्टार बने र सारा विश्वको ध्यान पेलेतर्फ मोडियो।

निःसन्देह पेले अविश्वसनीय रूपमा प्रतिभाशाली खेलाडी थिए, जो जुनसुकै युगमा चम्कने थिए। उनको खेलजीवन ब्राजिलियन फुटबलको लोकप्रियता सर्वोच्चस्तरमा हुँदा फस्टाएको थियो, अर्थात् उनी खेलले राष्ट्रको सांस्कृतिक जीवनको केन्द्रमा कब्जा गरेका वेला र टेलिभिजन प्रसारण विस्फोटक वृद्धिको समयमा उदाएका थिए। नतिजा फुटबलमा उनको माग ह्वात्तै बढ्यो। अन्ततः पेले ब्राजिलियन फुटबल खेलाडीमा सीमित नभई सिंगो संस्कृति नै बने र पहिलो वैश्विक फुटबल सेलिब्रेटी बने। यसलाई पुष्टि गर्ने दुई परिघटना सम्झिऊँ :

पहिलो, पेलेको एक हजारौं गोलसँग सम्बन्धित मिडियाबाजीसित जोडिएको छ। सन् १९६९ मा पेलेले एक हजार गोल पुऱ्याउन एक गोल गर्न बाँकी थियो र ब्राजिलका मिडिया उनका हरेक पाइलालाई पछ्याउँथे अर्थात् उनी पत्रकार र क्यामेराले घेरिएका हुन्थे। अन्ततः पेलेले एक हजारौं गोल गरे र सो पललाई टेलिभिजनको प्रत्यक्ष प्रसारणबाट ब्राजिलियन जनतामाझ पुऱ्याइयो। पेलेको उपलब्धिलाई ब्राजिलको एपोलो-११ (एपोलो-११ मा मानिसले पहिलोपटक चन्द्रमामा पाइला टेकेको थियो र अमेरिकी जनता यसलाई अमेरिकाको सबैभन्दा ठूलो परिघटना मान्छन्) जस्तै परिघटनाका रूपमा लिइयो।

दोस्रो, सन् १९७० को विश्वकप फाइनल, जहाँ पेलेको ब्राजिलले इटालीलाई ४-१ ले पराजित गरेको घटनासँग सम्बन्धित छ। सो विजयलाई टोलीको इतिहासकै सबैभन्दा उत्कृष्ट प्रदर्शन मानियो। यसलाई स्वयं पेलेले 'एक सुन्दर खेल'को संज्ञा दिएका थिए। वास्तवमा यो विश्वकपको फाइनल खेलले विश्वमा



तस्बिर : पिए इमेजेस/अलामी

एक नयाँ काल्पनिकीको निर्माण गरेको थियो अर्थात् यो विश्वकप विश्वभरि सेटेलाइट टिभीबाट देखाइएको पहिलो रंगीन खेल थियो। मेक्सिकोको झिलिमिलीमा ब्राजिलको पहेँलो जर्सी विश्वभरका दर्शकले पहिलोपटक देखेका थिए।

पेले टिभी मात्र नभई, पहिलो पूर्णतया बहुमुखी मञ्चका फुटबल स्टार थिए। चिको बुवार्क र ज्याक्सन डो पान्डेइरोलगायत ब्राजिलका धेरै शीर्ष पप कलाकारले उनको सम्मानमा गीत लेखेका थिए। ब्राजिलका सबैभन्दा प्रतिष्ठित लेखक जु काब्राल मेलो नेटोले पनि पेलेबारे शब्द कोरेका थिए। उनी आफ्नै रेडियो कार्यक्रम सञ्चालन गर्ने पहिलो खेलाडी बने, जहाँ कैयौं रेकर्डिङ चर्चित बने, टेलिभिजनमा धारावाहिक आउन थाले र पाँच जीवनी फिल्ममा देखा परे। उनको अभिनय जीवनमा आफ्नै भूमिका निभाउँदै चर्चित 'कल्ट' चलचित्र 'एस्केप टु भिक्टरी' फिल्म खेले र 'ओस ट्रोम्बाधिनास'मा निजी जासुस र सामाजिक कार्यकर्ताको चरित्रमा उत्रिए।

खेलबाट सनन्यास लिनुअघि पेलेले न्युयोर्क कोसमोसबाट अमेरिकामा फुटबल पुनः सुरु गरेका थिए। सेवानिवृत्तिपछि उनले राष्ट्रपति फर्नान्डो हेनरिक कार्डोसोको मन्त्रीमण्डलमा छोटो समयका लागि खेलकुदमन्त्रीको पद ग्रहण गरेका थिए। उपनाम नै ट्रेडमार्क बनेको उनी पहिलो फुटबल खेलाडी थिए अर्थात् पेले पेप्सीदेखि भियाग्रासम्मका विश्वव्यापी ब्रान्डका अनुहार बनेका थिए।

उनी सर्वकालीन महान् र सबैभन्दा चर्चित फुटबलर थिए कि थिएनन् अथवा सन् १९८० को दशकमा अर्जेन्टिना र म्याराडोनाले लिएको भनिएको पेलेको ताज अहिले लियोनेल मेस्सीको शिरमा गएको छ वा छैन भन्ने विषयमा स्वभावतः चर्चा-बहस हुने नै छ। सम्भवतः मेस्सी सर्वकालिक महान् खेलाडी बने भन्ने विषय गलत होइन कि ? एक खेलाडी उसले बाँच्ने ऐतिहासिक कालखण्डअनुसार नै उत्कृष्ट हुन सक्छ। आजका खेलाडीले पेलेकालको तुलनामा धेरै राम्रो प्रशिक्षण, फिटनेस र चिकित्सा हेरचाह पाउँछन्। पोषणमा अत्यधिक सुधार भएको छ, जुत्ता तिखारिएका छन् र उपकरण हल्का एवं सहज भएका छन्। यति भन्दै गर्दा अभूतपूर्व मिडिया विश्वव्यापीकरणका समयमा धमाकेदार प्रदर्शन गरेका म्याराडोना र मेस्सी पेलेले नै मार्गप्रशस्त गरेको बाटोमा हिँडेका हुन्।

(गोल्डब्लेट 'द बल इज राउन्ड : अ ग्लोबल हिस्ट्री अफ फुटबल एन्ड द गेम अफ आवर लाइभ्स' पुस्तकका लेखक हुन्)
द गार्डियनबाट

अस्ताए पोपबाट राजीनामा दिएर विश्वलाई चकित बनाएका बेनेडिक्ट सोह्रौं

एजेन्सी



दिवंगत पोप बेनेडिक्ट सोह्रौं । तस्बिर : अलेसान्द्र टारान्टिनो/एपी

बेनेडिक्टले ११ फेब्रुअरी २०१३ मा 'बढ्दो उमेर'को कारण देखाउँदै पोपको पदबाट राजीनामा दिने घोषणा गरेर विश्वभरका क्याथोलिक विश्वासी र धार्मिक विज्ञहरूलाई चकित पारेका थिए

वास्तविक नाम जोसेफ अलोइस च्याटजिङगर रहेका अवकाशप्राप्त पोप बेनेडिक्ट सोह्रौंको ९५ वर्षको उमेरमा निधन भएको भ्याटिकनले घोषणा गरेको छ । वर्तमान पोप फ्रान्सिसले आफ्ना पूर्ववर्ती 'निकै बिरामी' भएकाले उनका लागि प्रार्थना गर्न आग्रह गरेको केही दिनपछि शनिबार बेनेडिक्टको मृत्यु भएको हो । उनको स्वास्थ्य केही समयदेखि खस्किरहेको थियो । भ्याटिकन सिटी प्रेस कार्यालयले बेनेडिक्टको मृत्यु उनले अवकाश जीवन बिताइरहेको 'मेटर इक्लेसिया' मठमा भएको जानकारी दिएको छ । सन् २०१३ मा पोपबाट राजीनामा दिएपछि उनी सो निवासमा बस्दै आएका थिए ।

बेनेडिक्टले सन् २०१३ फेब्रुअरी ११ 'बढ्दो उमेर'का कारण देखाउँदै पोपको पदबाट राजीनामा दिने घोषणा गरेर विश्वभरका क्याथोलिक विश्वासी र धार्मिक विज्ञहरूलाई चकित पारेका थिए । त्यसवेला निवर्तमान पोपले संसारबाट 'लुकेर' रहने वाचा गरे पनि पछिका वर्षमा उनले केही धार्मिक मामिलामा बोल्दा क्याथोलिक चर्चभित्र तनाव देखिएको थियो ।

भ्याटिकनले पोप इमेरेटस बेनेडिक्ट सोह्रौंको अन्त्येष्टि बिहीबार भ्याटिकन सिटीको सेन्ट पिटर स्क्वायरमा स्थानीय समयअनुसार बिहान साढे नौ बजे हुने जानकारी दिएको छ । अन्त्येष्टि समारोहलाई पोप फ्रान्सिस स्वयंले नेतृत्व गर्नेछन् । पूर्वपोपको पार्थिव शरीर सोमबारदेखि भ्याटिकनको सेन्ट पिटर बासिलिकामा श्रद्धालुहरूको दर्शनका लागि राखिने पनि भ्याटिकन न्युजले जनाएको छ ।

स्थानीय पादरीदेखि पोपसम्मको यात्रा

दोस्रो विश्वयुद्धपछि, सन् १९५१ मा म्युनिखको स्थानीय पादरी बनेपछि बेनेडिक्टले धर्मशास्त्र र दर्शनको अध्ययन सुरु गरेका थिए । पछि उनले धार्मिक प्राज्ञको रूपमा नाम कमाए । धर्मशास्त्रको विषयबाट डक्टरेट सकाई बोन विश्वविद्यालयमा अध्यापन गर्न थाले । उनको शैक्षिक क्यारियर सन् १९६६ मा टुबिन्जेन विश्वविद्यालयमा 'कट्टर धर्मशास्त्र' संकायको प्रमुखसम्म पुग्यो । तर, उनको धर्मप्रतिको भक्ति विश्वविद्यालयहरूमा समाप्त भएन ।

उनले आफ्नो लेखकीय पहिचानको प्रयोग गरेर भ्याटिकनसँग सम्पर्क कायम गर्न थाले । 'उनले भ्याटिकनमा पहिले पोप पल छैटौंसँग नजिकको सम्बन्ध बनाए । पोप पलले उनलाई कार्डिनल बनाए । जोन पल द्वितीयसँग उनको सम्बन्ध झनै घनिष्ट बन्यो, जसले उनलाई २५ वर्षसम्म आफ्नो सबैभन्दा महत्त्वपूर्ण सल्लाहकार बनाएका थिए,' भिल्लानोभा विश्वविद्यालयका ऐतिहासिक धर्मशास्त्रका प्राध्यापक मासिमो फागियोलीले भने ।

सन् १९७७ मार्च २४ मा ५० वर्षको उमेरमा उनलाई म्युनिख-फ्रेजिङको आर्कबिसप नियुक्त गरियो । सोही वर्ष जुन २७ मा पोप पल छटौंले उनलाई 'सान्ता मारिया कन्सोलट्रिस अल टिबुर्टिनो'को कार्डिनल प्रिस्ट बनाए । चार वर्षपछि, सन् १९८१ मा नयाँ आएका पोप जोन पल द्वितीयले बेनेडिक्टलाई रोम बोलाए र उनलाई पवित्र मण्डली को प्रिफेक्ट बनाए । त्यसपछिका समयमा उनी पोप जोन पल द्वितीयका दाहिने हात बने । पोपका घोषणामा रेट्जिङरको प्रभाव देखिन थाल्यो ।

पोप जोन पल द्वितीयको निधनपछि रेट्जिङगरले भ्याटिकनमा झन्डै २५ वर्षको समयमा निर्माण गरेका सम्बन्धहरू उनको पोप चयनमा महत्त्वपूर्ण ठहरियो । बेनेडिक्टले आफ्नो पोपको कार्यकालमा केही महत्त्वपूर्ण परिवर्तन ल्याएका थिए । तथापि उनले आफ्नो कार्यकालमा चर्चभित्र हुने यौनशोषणको विषयमा उलेख्य काम नगरेको आलोचना हुने गर्छ । त्यसबाहेक भ्याटिकनभित्रको भ्रष्टाचार मुद्दालाई बेवास्ता गरेको पनि आरोप लाग्ने गरेको थियो । साथै पकोप बेनेडिक्ट उनका उत्तराधिकरी पोप फ्रान्सिससभन्दा बढी रुढिवादी थिए । उनले गर्भपतन र समलैंगिकतासम्बन्धी भ्याटिकनको अडानलाई बलियोसँग कायम राखेका थिए ।

फर्केर हेर्दा सन् २०२२

सन् २०२२ विश्वका लागि स्मरणीय वर्ष रह्यो । मुख्यतः वर्षभर नै युक्रेनमाथिको रुसी हमला चर्चाको विषय रह्यो । इलोन मस्क ट्विटरको 'चिफ ट्विट' भए । युद्धको मैदानमा युक्रेनको कडा प्रतिरोधका बाबजुद पुटिन युद्धमा दृढ देखिए । रुसको भयानक हमलाका बाबजुद युक्रेनले झुक्ने छनक देखाएन, बरु पश्चिमा मुलुकको सैन्य सहयोगमा रुसी हमलाको डटेर सामना गऱ्यो । बेलायतले आन्तरिक राजनीतिमा केही महिनाको अन्तरालमा तीन प्रधानमन्त्रीसँगै उथलपुथल साक्षात्कार गऱ्यो भने इरानले २२ वर्षीया युवती महसा अमिनीको मृत्युपछि अभूतपूर्व प्रदर्शन सामना गऱ्यो, जुन अहिले पनि जारी छ । त्यस्तै, छिमेकी भारतले पहिलो आदिवासी महिला राष्ट्रपति पायो । श्रीलंका पहिलोपटक ठूलो आर्थिक संकटबाट गुज्रियो ।

अर्कोतर्फ छिमेकी पाकिस्तानमा इमरान खान अविश्वासको प्रस्तावमार्फत सत्ताच्युत भए । प्रधानमन्त्रीलाई अविश्वासको प्रस्तावमार्फत हटाइएको पाकिस्तानको इतिहासमै पहिलो रेकर्ड बन्यो । उता हलिउड अभिनेता जोनी डेप र उनकी पूर्वपत्नी एम्बर हर्डबीचको आरोप-प्रत्यारोप र मानहानिको मुद्दाले पनि निकै चर्चा पायो । सन् २०२२ मा समाचारको केन्द्र बनेका केही विषय :



■ भ्लोदोमिर जेलेन्स्की

युक्रेनी राष्ट्रपति भ्लोदोमिर जेलेन्स्की रुसी आक्रमणविरुद्ध सशक्त रूपमा उभिएर बहादुरीपूर्वक आफ्नो देशबाट रुसी सेनालाई पछाडि हट्न बाध्य पारे । रुसले युक्रेनमा हमला सुरु गरेयता उनले प्रायः दिनहुँ रुसी ज्यादतीबारे सामाजिक सञ्जालमा ब्रिफिङ गर्दै आएका छन् । रुसी हमलाविरुद्ध ऐक्यबद्धता जारी गर्दै अन्तर्राष्ट्रिय समुदायले जेलेन्स्कीलाई ठूलो आर्थिक तथा सैन्य सहयोग प्रदान गरिरहेका छन् । युद्धपछिको पहिलो विदेश भ्रमणको क्रममा उनी वर्षको अन्ततिर अमेरिका पुगे, जहाँ उनले अमेरिकी संसद्लाई सम्बोधन गर्दै रुससामु कहिल्यै नझुक्ने उद्घोष गरेका थिए ।

■ भ्लादिमिर पुटिन

युक्रेनमाथि हमला गर्ने सुविचारित योजनाअनुसार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२२ को फेब्रुअरी २४ बाट युक्रेनमा आक्रमण सुरु गरे । उनले सुरुमा युद्ध सजिलै जितिने अपेक्षा गरेका थिए । तर, युक्रेनी जनताको हिम्मत र विश्वव्यापी समर्थनले उनको आकलनलाई फेल गरिदियो । यो आक्रमणपश्चात् मस्को र पश्चिमबीचको संघर्ष बहुआयामिक बन्दै दोस्रो विश्वयुद्धपछिकै ठूलो टकराव सुरु भएको छ । युक्रेन हमलामा ठूलो क्षतिका बाबजुद रुसले युद्ध रोक्ने कुनै छनक देखिएको छैन । यद्यपि, युक्रेनी सेनाको कडा प्रतिकारपछि कब्जा गरिएका क्षेत्र भने रुसी सेनाले गुमाएको छ ।

> सन् २०२२ मा छिमेकी भारतले पहिलो आदिवासी महिला राष्ट्रपति पायो । श्रीलंका पहिलोपटक ठूलो आर्थिक संकटबाट गुज्रियो । पाकिस्तानमा इमरान खान अविश्वासको प्रस्तावमार्फत सत्ताच्युत भए ।

■ इलोन मस्क

ट्विटरका नयाँ मालिक मस्क सन् २०२२ भर नै चर्चामा रहे । कर नतिरेको र कोभिड-१९लाई हल्का रूपमा लिएको भन्दै अर्बपति मस्कले वर्षको सुरुवातमा आलोचना खेपे । विद्युतीय सवारी निर्माता टेस्लाका सिइओसमेत रहेका मस्कले वर्षको उत्तरार्द्धमा ४४ अर्ब डलरमा ट्विटरको स्वामित्व खरिद गरेर आफूलाई 'चिफ ट्विट' भनेर नामकरण पनि गरे । ट्विटरको भेरिफिकेसन प्रक्रियामा व्यापक परिवर्तन गर्ने संकेत गरे । ट्विटरका आधा कर्मचारीलाई बर्खास्त गरे । वर्षको अन्त्यमा ट्विटर प्रयोगकर्ताले मस्कले ट्विटरको सिइओबाट हट्नुपर्ने पक्षमा मतदान गरेपछि उनी अहिले अन्योलमा छन् । मस्क वर्षभरि नै विवादित मात्र रहेनन्, उनलाई वर्ष व्यक्ति घोषित गर्ने टाइम म्यागेजिन पनि आलोचनामा तानियो । म्यागेजिनको छनोट अहिलेसम्मकै खराब भएको टिप्पणी भयो ।

■ ऋषि सुनक

बेलायतमा ऋषि सुनकले पहिलो अश्वेत प्रधानमन्त्री र भारतीय मूलका पहिलो नेताको रूपमा इतिहास रचे । उनी बेलायका ५७औं प्रधानमन्त्री भए । संकटबीच पूर्वप्रधानमन्त्री लिज ट्रसले दुई महिना नपुग्दै पदबाट राजीनामा दिएपछि अक्टोबरमा सुनकले प्रधानमन्त्रीको पदभार ग्रहण गरेका थिए । पार्टी नेताको दौडमा सुनकलाई हराएर बेलायतको प्रधानमन्त्री बनेकी ट्रस बेलायती इतिहासमा सबैभन्दा छोटो समय पदासीन प्रधानमन्त्री बनेकी थिइन् । बेलायतको राजनीतिमा निकै छिटो उदाएका सुनकले ३५ वर्षको उमेरमा सन् २०१५ मा पहिलोपटक संसद्को निर्वाचन जितेका थिए । भारतीय सफ्टवेयर कम्पनी इन्फोसिसका सह-संस्थापक नारायण मूर्तिका ज्वाइँ सुनक बेलायतका शीर्ष धनाढ्यको सूचीभित्र पर्छन् ।

■ द्रौपदी मुर्मु

द्रौपदी मुर्मु भारतको राष्ट्रपति बन्ने पहिलो आदिवासी र दोस्रो महिला हुन् । उनको जन्म सन् १९५८ को जुन २० मा उडिसा राज्यको मयूरभञ्ज जिल्लाको बैदापोसी गाउँमा सन्थाल आदिवासी समुदायमा भएको हो । यो भारतको सबैभन्दा पुरानो आदिवासी समुदाय हो । राजनीतिमा प्रवेश गर्नुअघि मुर्मु सन् १९७९ मा सिँचाइ विभागमा सरकारको सामान्य कर्मचारी थिइन् । सन् २०१५ मा सक्रिय राजनीति त्यागेर छिमेकी राज्य झारखण्डको पहिलो महिला राज्यपाल बनेकी थिइन् ।

■ जोनी डेप र एम्बर हर्ड

सन् २०२२ मा हलिउड अभिनेता जोनी डेप र उनकी पूर्वपत्नी एम्बर हर्डबीचको घरेलु दुर्व्यवहारको आरोप-प्रत्यारोपसहितको मानहानि मुद्दाले पनि निकै चर्चा पायो । जोनी र एम्बरबीच सन् २०१६ को मेमा सम्बन्ध विच्छेद भएको थियो । सम्बन्ध विच्छेदपछि एम्बरले वासिंगटन पोस्टमा आफूमाथि घरेलु हिंसा भएको भन्दै अन्तर्वार्ता दिएकी थिइन् । उनले डेपलाई घरेलु दुर्व्यव्यवहारको प्रतिनिधित्व गर्ने सार्वजनिक व्यक्तित्व' भनेर वर्णन गरेकी थिइन् ।

सन् २०१८ मा जोनीले आफ्नो मानहानि भएको भन्दै पूर्वपत्नीविरुद्ध पाँच करोड अमेरिकी डलरको मानहानि मुद्दा दायर गरेका थिए । त्यसको बदलामा हर्डले डेपका वकिल एडम वाल्डम्यानले बदनाम गरेको भन्दै अदालतमा १० करोड डलर क्षतिपूर्ति मागेकी थिइन् । एक अमेरिकी अदालतको जुरीले डेप र एम्बर हर्ड दुवैले एकअर्कालाई बदनाम गरेको ठहर गऱ्यो । तर पनि जुरी 'पाइरेट्स अफ द क्यारिबियन' डेपको पक्षमा उभियो ।

जुनको पहिलो साता भएको एक फैसलामा ५८ वर्षीय डेपले आफ्नी ३६ वर्षीया पूर्वपत्नी एम्बर हर्डविरुद्ध मानहानिको मुद्दा जितेका थिए । डेपविरुद्ध हर्डले तीनवटा मुद्दा लगाएकी थिइन् । जुरीले जोनी डेपले आफ्नो मानहानि भएकोमा क्षतिपूर्तिका लागि एक करोड ५० लाख डलर रकम पाउने आदेश दिएको थियो । त्यसमध्ये दुईवटामा अदालतले डेपलाई सफाइ दिएको थियो । तेस्रो मुद्दामा भने पूर्वपत्नीको मानहानि गरेको ठहर गर्दै हर्डलाई २० लाख डलर क्षतिपूर्ति दिनुपर्ने आदेश दियो । सेलेब टट्लरका अनुसार एम्बर हर्ड सन् २०२२ मा सबैभन्दा धेरै गुगल सर्च गरिएका महत्त्वपूर्ण व्यक्तिहरूको सूचीमा शीर्ष स्थानमा थिइन् । उनको नाम अमेरिकामा प्रतिमहिना औसतमा ५६ लाखपटक सर्च गरिएको थियो ।

■ महारानीको मृत्यु र बेलायतमा नयाँ राजा

सेप्टेम्बर ८ मा बेलायतकी सबैभन्दा लामो समयसम्म गद्दीमा रहेकी महारानी एलिजाबेथ द्वितीयको निधन भयो । उनका जेठा छोरा चार्ल्स तृतीय संयुक्त अधिराज्य र अन्य १४ क्षेत्रका राजा बने । ७३ वर्षीय चार्ल्स रानी एलिजाबेथ द्वितीय र प्रिन्स फिलिपका जेठा छोराका रूपमा ब्रिटिस सिंहासनको उत्तराधिकारी थिए । चार्ल्सले महारानी एलिजाबेथ द्वितीयको उत्तराधिकारी हुनका लागि लगभग आफ्नो सम्पूर्ण जीवन बिताउनुपऱ्यो । उनका हजुरबुबा राजा जर्ज छैटौंको ६ फेब्रुअरी १९५२ मा मृत्युपछि एलिजाबेथ महारानी बनेकी थिइन् भने चार्ल्स उनका उत्तराधिकारी बनेका थिए ।

■ महसा अमिनी

२२ वर्षीया इरानी युवती महसा अमिनीलाई सेप्टेम्बर १३ मा सार्वजनिक स्थलमा हिजाब नलगाएको आरोपमा तेहरानमा पक्राउ गरिएको थियो । उनी तीन दिन हिरासतमा रहिन् । सेप्टेम्बर १६ मा इरानी अधिकारीले उनको प्रहरी हिरासतमा हृदयाघातका कारण मृत्यु भएको बताएका थिए । उनलाई पुलिसले कुटपिट गरेपछि उनी कोमामा गएको प्रदर्शनकारीले दाबी गर्दै आएका छन् । उनको मृत्युले देशभर विरोध प्रदर्शनको उभार आयो । उनको मृत्युपछि जारी प्रदर्शन सन् १९९७ को इस्लामिक क्रान्तिपछिकै शक्तिशाली आन्दोलनका रूपमा देखापरेको छ ।

(एजेन्सीहरूको सहयोगमा सुभाष शर्मा)

इतिहासमा आज

१ जनवरी

सन् १९९९ : युरोपका ११ देशमा साझा मुद्रा युरो प्रचलनमा । सुरुवाती दिनमा युरोले बैंक ट्रान्सफरमा वैधता पाए पनि सन् २००२ को १ जनवरीदेखि नोट तथा सिक्कामा प्रयोग ।

सन् १९९२ : सोभियत युनियनको विघटनपछि सोभियत महासंघ गठन ।

सन् १९९२ : गणतन्त्र चीनको स्थापना । जनगणतन्त्र चीन नाम सन् १९४९ मा राखिएको थियो ।

सन् १९५९ : क्युबामा तत्कालीन जनरल फुलजेन्सियो बाटिस्टा भागेपछि फिडेल क्यास्ट्रोद्वारा क्युबाको सत्ता कब्जा ।

सन् १९९३ : चेकोस्लोभाकिया विघटन, चेक रिपब्लिक र स्लोभाक गणतन्त्र स्थापना ।

ब्राजिलका राष्ट्रपति विदेश पलायन

ब्रासिलिया/ ब्राजिलका निवर्तमान राष्ट्रपति जयर बोल्सोनारो नयाँ राष्ट्रपतिले शपथ लिनुभन्दा दुई दिनअघि शुक्रबार अमेरिका पलायन भएका छन् । उनले सार्वजनिक रूपमा आफ्नो चुनावी हार स्वीकार गरेका छैनन् । उनी स्थानीय समयअनुसार अपराहन २:०० बजे वायुसेनाको विमानबाट अमेरिकाको फ्लोरिडाका लागि प्रस्थान गरेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् । सिएनएन ब्राजिलले बोल्सोनारोलाई उद्धृत गर्दै भनेको छ, 'म उडिरहेको छु, म चाँडै फर्कनेछु ।' एभिएसन ट्र्याकिङ वेबसाइट फ्लाइटअवेयरका अनुसार उनको विमान स्थानीय समयअनुसार शनिबार राति ९ बजे ओर्लान्डोमा अवतरण गरेको थियो । यसको अर्थ उनले आइतबारको शपथग्रहण समारोहमा भाग लिने र नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डिसिल्भालाई पदभार हस्तान्तरण गर्ने छैनन् । यद्यपि, यसले सिल्भाको पदभार ग्रहणमा कुनै समस्या हुनेछैन । मुलुक छाडेर बिदेसिए पनि बोल्सोनारो प्राविधिक रूपमा आइतबारसम्म राष्ट्रपति भने रहिरहनेछन् ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

विलम्ब शुल्क छुट गरिएको बारे सुचना

यस कम्पनीका बीमितहरूले भुक्तानी गर्नुपर्ने नविकरण बीमाशुल्क भुक्तानी नगरि व्यतित भएका बीमालेखहरूमा **मिति २०७९ पौष १७ गते देखि २०७९ माघ २९** गते भित्र नविकरण बीमाशुल्क भुक्तानी गरि सुचारू गरेमा बीमालेख नविकरण गर्दा लाग्ने विलम्ब शुल्कमा "जीवन बीमालेख सम्बन्धि निर्देशिका २०७८" अनुसार विलम्ब शुल्ककको ३५ प्रतिशत छुट प्रदान गरिने व्यहोरा जानकारी गराउँदछौं ।

रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
प्रधान कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ५७७-१-५५७०५७१ , फ्याक्स नं. ५७७-१-४१६५०७५
इमेलः info@nepallife.com.np वेबसाइटः www.nepallife.com.np
किनकि जीवन अमूल्य छ...

मन्दाकिनी हाइड्रोपावर लिमिटेड
सिनामंगल, काठमाडौं
सम्पर्क नं. ०१४५६१५७४ इमेल : mandakini.hydropower@gmail.com

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/०९/१७

मिति २०७९/०९/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडको नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको लागि यो सूचना प्रकासित गरिएको छ ।

मितिः २०७९ पौष ३० गते (१४, जनवरी, २०२३)
स्थानः अनुपम फुडल्याण्ड एण्ड ब्याडक्वेट, वत्तिसपुतली
समयः विहान ११:०० बजे
छलफलका विषयहरु:

क) सामान्य प्रस्तावहरु,

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,
२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,
३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,
४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशतका दरले हुन आउने रु. २,९४,०१,८४५/- नगद लाभांश (लाभाशं कर समेत) विवरण स्वीकृत गर्ने बारे,
५) संचालकहरुको बैठक भत्ता बारे,
६) संस्थापक समुहबाट ४, सर्व साधारण समुहबाट २ तथा स्वतन्त्र संचालक १ गरी ७ सदस्सीय संचालकहरुको निर्वाचन गर्ने बारे,

(नोटः- विस्तृत जानकारीको लागी प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०९/०८ को नयाँ पत्रिका दैनिक हेर्न सक्नुहुने छ ।

धन्यवाद ।

अध्यक्षको आज्ञाले
कम्पनी सचिव

लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल (लि.) को विशेष साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति २०७९/०९/१७ को नयाँ पत्रिका दैनिक

श्री शेयरधनी महानुभावहरू,

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०७९/०९/०८ को संचालक समितिको निर्णय अनुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरी पारित गर्नका लागि यस कम्पनीको विशेष साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) सभा हुने मिति, स्थान र समय :

मिति : २०७९ साल माघ ३ गते मंगलवार (तदअनुसार १७ जनवरी, २०२३)
समय : विहान ११.०० बजेबाट शुरु ।
रजिष्ट्रेशन : विहान १०.०० बाट शुरु ।
स्थान : लिसारा रिसेप्सन (Lisara Receptions) भगवती बहाल नक्साल, काठमाडौं ।

छलफलका विषयहरू :

(क) विशेष प्रस्तावहरु :

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम भएको चुक्ता पूँजी रू २,६५,३२,००,०००/- (रू. दुई अर्ब पैसट्ठी करोड बत्तिस लाख) को ८८.४५१६८% (प्रतिशत) ले हुने अर्थात १: ०.८८४५१६८ को अनुपातले हुने रू. २,३४,६८,००,०००/- (रू. दुई अर्ब चौंतिस करोड अठ्सट्ठी लाख) बराबरको हकप्रद शेयर (नेपाल बीमा प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति प्राप्त हुन बाँकी) जारी गर्ने प्रस्ताव पारित गर्ने ।
(२) विशेष प्रस्ताव नं. १ बमोजिम हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।
(३) कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायतका अन्य विभिन्न नियमनकारी निकायहरू आदि) ले आवश्यक संसोधन, परिमार्जन, थपघट तथा भाषिक संसोधन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संसोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ख) विविध ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१. यस विशेष साधारण सभामा प्रयोजनका लागि बीमकको शेयरधनी दर्ता पूस्तिका मिति २०७९ पौष २५ गते एक दिन बन्द रहनेछ । मिति २०७९ पौष २४ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई नियमानुसारको अवधि भित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङ्ग लि.ले प्राप्त शेयर नामसारीको लिखत विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र विशेष साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
२. नाबालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।
६. विशेष साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बीमकको कर्पोरेट कार्यालय, स्टार मल, पुतलीसडकमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ । बीमकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अधिल्लो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वत: बदर भएको मानिनेछ ।
८. यस बीमकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस बीमकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।
९. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।
१०. शभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नंबर) साथमा लिई आउनु हुन अनुरोध छ ।
११. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

पुनश्चः विशेष साधारण सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बीमकको वेभसाइट www.licnepal.com.np कम्पनी सचिवको कार्यालय स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

स्थानीय तहमार्फत मेट्रो चल्ने सम्भावना कति ?

स्थानीय तहको प्राविधिक र वित्तीय क्षमताले मेट्रो बन्न सक्दैन, संघीय सरकारमार्फत मेट्रो प्राधिकरण बनाउनुपर्ने हुन्छ



अर्थ संवाद

● आशिष गजुरेल
यातायातविज्ञ

हालसालै ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले मेट्रो विकासको बहस सुरु गरे । यो बहसले सार्वजनिक यातायातमा सास्ती खेपेका यात्रुलाई खुसी बनाएको छ । करिब ५० लाख जनसंख्या भएको काठमाडौं उपत्यकामा भरपर्दो सार्वजनिक यातायात प्रणालीको माग भएको धेरै वर्ष भयो । पछिल्ला वर्षहरूमा मेट्रो रेल सञ्चालन गर्न सकिन्छ भन्ने बहसले चर्चा पाउन पनि थालेको छ । तर, देशको राजधानीसमेत रहेको यो उपत्यकामा सार्वजनिक यातायात सुधार्न न मेट्रो रेल सञ्चालन गर्न प्रक्रिया अगाडि बढेको छ, न धेरै यात्रु बोक्न ठूला बसमार्फत सेवा सञ्चालन गर्ने एकीकृत प्रणालीको विकास गर्न सकिएको छ । ढिलै र सीमित मात्रामा भए पनि साझा यातायात र महानगर यातायातले सञ्चालन गरेका सार्वजनिक बस सेवाले केही राहत दिए पनि यो पर्याप्त छैन ।

हुन त यसअघि नेपाल सरकारलाई राजधानीमा मेट्रो विकास गर्न सन् २०१२ मा कोरियन कम्पनी चुम्सुङ इन्जिनियरिङले विस्तृत सम्भाव्यता अध्ययन विवरण (डिपिआर) समेत पेस गरेको थियो । उक्त अध्ययनमा मेट्रो विकासका वित्तीय, प्रविधिक, वातावरणीय तथा सामाजिक पक्षलाई विस्तृत रूपमा उल्लेख गरिएको थियो ।

उक्त अध्ययनले ७८ किमि लामो मेट्रो प्रणालीअन्तर्गत पाँचवटा रुटको कल्पना गरेको थियो, जसका लागि करिब पाँच खर्ब ५० अर्ब लाग्ने आकलन गरिएको थियो । यदि सार्वजनिक-निजी साझेदारीमा (पिपिपी)मा विकास गर्ने हो भने नेपाल सरकारले कुल परियोजना लागतको ६० देखि ७० प्रतिशत रकम न्यून परिपूर्ति कोष (भिजेएफ)का रूपमा विकासकर्तालाई प्रदान गर्नुपर्ने पनि अध्ययनको निष्कर्ष छ । मेट्रो परियोजनाअन्तर्गत एउटा रुट विकास गर्न ६ वर्ष लाग्ने तथा सम्पूर्ण परियोजना पूरा हुन १४ वर्ष लाग्ने अनुमान गरेको छ ।

भरपर्दो सार्वजनिक यातायात नहुँदा राजधानीवासीले निजी क्षेत्रले सञ्चालन गरेका सानातिना सवारीसाधनमा कठिन र जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ भने उपत्यकामा निजी सवारीसाधनको चाप थेग्न नसक्ने गरी बढेको छ । यातायातको यो दूरवस्थालाई कम गर्न सडक चौडा गर्ने प्रयास अगाडि बढेको त छ, तर यो नै दीर्घकालीन समाधानको उपाय भने होइन ।

उपत्यकाको बिग्रँदो ट्राफिक समस्या समाधान गर्ने उत्तम उपाय भनेको धेरै यात्रु एकसाथ बोक्न सक्ने सार्वजनिक यातायात प्रणालीको विकास नै हो । राजधानी सहरमा द्रुतगतिमा बढ्दै गएको सहरीकरणसँगै ह्वात्तै बढेको जनसंख्यालाई मनन गरी यहाँ मेट्रो रेल विकासको प्रक्रिया अगाडि बढाउन ढिला गर्नुहुँदैन । यसका लागि लगानीको जोहो ठूलो कुरा होइन, तर आवश्यक आधुनिक प्रविधि तथा जनशक्ति भने हामीसँग छैन । त्यसैले विदेशी लगानी र प्रविधि आकर्षित गरी मेट्रो प्रणालीको विकासमा ध्यान जानु जरुरी छ ।

मेट्रो रेल कसरी ? : सर्वप्रथम सरकारले यो प्रणालीको कुन अवधारणामा विकास गर्ने हो त्यो स्पष्ट हुनु जरुरी छ । कुन अवधारणामा विकास गर्ने भन्ने स्पष्टता नहुँदा उपत्यकामा मेट्रो सञ्चालन गर्ने योजनामा अन्योल सिर्जना भएको छ । राजधानीलाई तराईसँग जोड्ने तथा देशकै समग्र विकासमा उल्लेख्य योगदान दिने अपेक्षा गरिएको यो द्रुतमार्गको विकास सार्वजनिक-निजी साझेदारी (पिपिपी) अवधारणामा गर्ने भनी सन् २००८ मा नेपाल सरकारले प्रक्रिया अगाडि बढाएर तीनपटक ग्लोबल टेन्डर प्रक्रियासमेत अगाडि बढायो । तर, सन् २०१६ मा आएर यो परियोजना नेपाल सरकारले नै विकास गर्ने निर्णय गऱ्यो । यसरी यो परियोजना आठ वर्षसम्म अन्योलमा रह्यो । अहिले यो परियोजना नेपाली सेनामार्फत निर्माण भइरहेको छ । फास्ट ट्र्याककै जस्तो नियति मेट्रो परियोजनामा दोहोरिनु हुँदैन । यसैले विकास गर्ने संस्था र मोडालिटीबारे स्पष्ट नभई यो परियोजना अगाडि बढाउनु हुन्न ।

दिल्ली मेट्रोबाट सिक्ने पाठ : अन्य देशको अनुभवभन्दा बिल्कुल फरक रूपमा दिल्ली मेट्रो परियोजना तोकिएको समयअगावै सम्पन्न भई विश्वलाई नै उदाहरणीय बनेको छ । यो परियोजना विकासका लागि दिल्ली मेट्रो रेल कर्पोरेसन भारतको कम्पनी ऐनअन्तर्गत स्थापना गरिएको हो । मेट्रो विकास तथा सञ्चालनको प्रमुख उद्देश्यका साथ स्थापित यो कर्पोरेसनले चार सय २० किमिलाई चार चरणमा विकास गर्ने गुरुयोजनासहित परियोजना अगाडि बढाएको थियो । पहिलो चरण सन् १९९८ मा सुरु भएर सन् २००५ मा सकिएको थियो, जसअन्तर्गत कुल ६५ किमि निर्माण भयो । तोकिएको समयभन्दा दुई वर्ष नौ महिनाअगाडि नै सकिएको यस चरणको निर्माण लागत दुई अर्ब ५० करोड अमेरिकन डलर अर्थात् करिब दुई खर्ब ५० अर्ब नेपाली रुपैयाँ थियो । प्रतिकिमि निर्माण लागत नेपाली रुपैयाँ चार अर्ब हाराहारीमा छ । लागतमध्ये २० प्रतिशत संघीय सरकार, २० प्रतिशत राज्य सरकार तथा ५५ प्रतिशत जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)को ऋण सहयोग र बाँकी पाँच प्रतिशत सम्पत्ति विकासबाट जोहो गरिएको थियो । यो परियोजना सञ्चालन भएकै दिनबाट मुनाफामा छ । परियोजनाको पहिलो चरणको आर्थिक प्रतिफल २० प्रतिशत थियो । यस परियोजना सफल हुनुमा यो छुट्टै स्वतन्त्र कर्पोरेसनमार्फत विकास गरिएकाले हो जसलाई दिल्ली मेट्रो ऐन, २००२ अन्तर्गत अगाडि बढाइएको थियो । यसरी छुट्टै ऐनमार्फत स्वतन्त्र निकायले काम अगाडि बढाउँदा परियोजनाका लागि कर्मचारी भर्ना तथा अन्य काममा कुनै निकायबाट पनि हस्तक्षेप नभएपछि काम विनाअवरोध अगाडि बढेको थियो ।

अर्को सफल उदाहरणका रूपमा दुबईको मेट्रोलाई पनि धेरैले लिने गरेका छन् । सन् २००५ मा सुरु भई सन् २००९ मा सकिएको यो परियोजनाको पहिलो चरणको ३५ किमि लामो भागका लागि कुल सात अर्ब ८० करोड अमेरिकी डलर अर्थात् करिब आठ खर्ब नेपाली रुपैयाँ लागेको थियो । यसमा प्रतिकिमि लागत नेपाली रुपैयाँ २२ अर्बको हाराहारीमा परेको छ । दुबई मेट्रो बनाउने लागत सरकारकै भए पनि कन्ट्र्याक्टर, निर्माण कम्पनी र आयोजना व्यवस्थापक जापानी तथा फ्रान्सेली कम्पनी थिए । परियोजना विकासमा यसको लागत ठूलो कुरा होइन । देशको भौगोलिक अवस्था, माटोको अवस्था, कच्चा पदार्थको उपलब्धता, जनशक्तिको उपलब्धतालगायत कारण देशैपिच्छे लागत फरक पर्ने गरेको पाइन्छ । उदाहरणका लागि स्पेनको म्याड्रिडमा हालसालै विकास गरिएको मेट्रोको लागत प्रतिकिमि नेपाली रुपैयाँ ६ अर्ब छ भने बर्लिन र पेरिसमा हालको रुट विस्तार गर्दा लागत प्रतिकिमि नेपाली रुपैयाँ २५ अर्ब पुगेको छ । त्यसैले हामीले पनि अन्य देशको अनुभवबाट सिकेर मेट्रो निर्माणमा दृढ संकल्पित भई बढाउन सकिँदैन । १० वर्ष पुरानो यो अध्ययनलाई अद्यावधिक गर्न नयाँ रुटको पहिचान, प्रविधिक, वित्तीय, सामाजिक तथा वातावरणीय पक्षको नयाँ अध्ययन गर्नुपर्ने हुन्छ । विस्तृत सम्भाव्यता अध्ययन भइसकेकाले त्यसमा समावेश कुनै रुटको विस्तृत परियोजना विवरण (डिपिआर) तयार गर्ने काम अगाडि बढाउनु उचित हुन्छ ।

साथै, काठमाडौं उपत्यकामा बाक्लो बस्ती भएकाले रूट तय गर्न निकै कठिन हुन सक्छ । यस्तोमा सर्वप्रथम छोटो तथा सजिलो रुटको विकास पहिलो चरणमा गर्नुपर्छ । एउटा रुट बनेपछि अरू विस्तार गर्न सजिलो हुन्छ । उदाहरणका लागि उपत्यकाको अवस्था हेर्दा कोटेश्वरदेखि धुलिखेलसम्मको रुट पहिलो चरणमा गर्न सकिन्छ । किनकि यो रूटमा आवश्यक जग्गा सजिलै उपलब्ध हुन सक्छ । अहिले पूर्व जाने सवारीसाधन यो रुट भएर जाने भएकाले धुलिखेलमा बसपार्क बनाएर पूर्व जाने सार्वजनिक सवारीसाधनलाई काठमाडौं भित्रन दिनुहुन्न । काठमाडौंभित्र मेट्रो बनाउनुपर्छ । भूमिगत या पुल बनाएर रेल सञ्चालन गर्न सकिन्छ । ठूलो योजना बनाएर निर्माण अलपत्र पार्नुभन्दा छोटो रुटबाट काम सुरु गरेर समयमै सम्पन्न गर्नु बुद्धिमानी हुन्छ । वित्तीय व्यवस्थापनका लागि दिल्ली मेट्रोको मोडेल अनुसरण गर्दै अन्तर्राष्ट्रिय दातृ निकायबाट सुलभ ब्याजदरमा ऋण लिन सकिन्छ । बाँकी नेपाल सरकारको बजेटबाट जोहो गर्न सकिन्छ । सार्वजनिक-निजी साझेदारीमा रेल परियोजना संसारभर नै सफल भएको उदाहरण पाइँदैन । सम्भाव्यता अध्ययनले पनि काठमाडौं मेट्रो रेल पिपिपीमा विकास गर्ने हो भने यसका लागि कुल लागतको ६० देखि ७० प्रतिशत भिजेएफ आवश्यक रहेको देखाएको छ । त्यसैले यो परियोजनाका लागि पिपिपी अवधारणामा निर्माण गर्न सकिन्न । निर्माणपछि सञ्चालन तथा व्यवस्थापनका लागि भने निजी क्षेत्रलाई पिपिपी अवधारणाअन्तर्गत समावेश गर्नु उपयुक्त हुन्छ ।

त्यसैले परियोजनाका नितान्त प्राविधिक पक्षहरू जस्तै सुरुङको गहिराइ कति हुने, व्यास कति हुने, माटोलाई कसरी स्थिर बनाउने, भूकम्प प्रतिरोधात्मक संरचना कसरी निर्माण गर्नेलगायत विषयमा प्राविधिक विशेषज्ञहरूको सल्लाहअनुसार निर्क्योल गर्न सकिन्छ । त्यस्तै, वित्तीय व्यवस्थापनका लागि नेपाल सरकार, दातृ निकाय तथा निजी क्षेत्रबाट लगानी जुटाउन सकिन्छ । हामीमा केवल दृढ इच्छाशक्ति र स्पष्ट सोचको आवश्यकता छ । यो भएमा हाम्रो देशमा मेट्रो रेलको विकास असम्भव छैन । स्थानीय तहको प्राविधिक र वित्तीय क्षमताले मेट्रो बन्न सक्दैन, संघीय सरकारमार्फत मेट्रो प्राधिकरण बनाउनुपर्ने हुन्छ ।

> वित्तीय व्यवस्थापनका लागि दिल्ली मेट्रोको मोडेल अनुसरण गर्दै अन्तर्राष्ट्रिय दातृ निकायबाट सुलभ ब्याजदरमा ऋण लिन सकिन्छ । बाँकी नेपाल सरकारको बजेटबाट जोहो गर्न सकिन्छ । सार्वजनिक-निजी साझेदारीमा रेल परियोजना संसारभर नै सफल भएको उदाहरण पाइँदैन ।

हाम्रो बाटो : हाम्रो राजधानीमा मेट्रो प्रणालीका लागि सन् २०१२ को सम्भाव्यता अध्ययनका आधारमा विकास प्रक्रिया अगाडि

जानी राखौं

पर्यटक प्रहरी एकाइ कहाँ-कहाँ छन् ?

पर्यटकको सुरक्षाका लागि 'पर्यटक प्रहरी' नारासहित पर्यटकको नेपाल बसाइ सुखद र सुरक्षित बनाउन उपत्यकासहित देशका विभिन्न ठाउँमा पर्यटक प्रहरी एकाइ रहेका छन् । उपत्यकाअन्तर्गत प्रधान कार्यालय भृकुटीमण्डपसहित ठमेल, वसन्तपुर, पशुपति, स्वयम्भू, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र बौद्धमा छन् । यस्तै, पाटन, भक्तपुर तथा नगरकोटमा पनि पर्यटक प्रहरी एकाइ छन् ।

यसैगरी, उपत्यकाबाहिर प्रदेश नम्बर १ मा झापाको काँकडभिट्टा र सोलुखुम्बुको लुक्कामा छन् । साथै, मधेस प्रदेशमा जानकी मन्दिर धनुषा र वीरगन्जको पर्सामा पर्यटक प्रहरी एकाइ छन् ।

यस्तै, बागमती प्रदेशमा चितवनको सौराहा, पटिहानी र रसुवाको स्याफ्रुबेसीमा एकाइ छन् । सबैभन्दा धेरै पर्यटक प्रहरी कार्यालय गण्डकी प्रदेशमा छन् । यहाँ पोखरा, धम्पुस, धान्द्रुक, बिरेठाँटी, चामे, धारापानी (मनाङ) मुस्ताङको जोमसोम, म्याग्दीको घोरेपानी र तनहुँको बन्दीपुरमा गरी नौवटा कार्यालय छन् । यस्तै, लुम्बिनी प्रदेशमा बेलहिया र लुम्बिनी गरी दुईओटा पर्यटक प्रहरी एकाइ रहेका छन् ।

- पर्यटन मन्त्रालय

बिजनेस @

बहुगुणी जैतुन



जैतनु (ओलिभ)लाई घरपालुवा बनाएको सात हजार वर्ष भएछ । यो अत्यन्त स्वस्थकर फल हो । तेल असाध्यै महँगो पर्छ र अति स्वस्थकर हुन्छ । फललाई काँचै, गलाएर, पकाएर, बफाएर, सलादमा मिसाएर जसरी खाए पनि हुन्छ । अचार झन गज्जबको हुन्छ । तरकारी, मासुमा मिसाए पनि खास्सा हुन्छ । जाँडको सितन पनि बनाउने रैछन् । साँधेर खाए पनि झन् मीठो हुन्छ । क्यान्सरविरुद्ध लड्छ, अनुहार चम्काउँछ, स्मरणशक्ति बढाउँछ, हड्डी बलियो पार्छ । तौल घटाउन पनि काम गर्छ । यो वर्षको खडेरीले स्पेन र पोर्चुगलमा यसको खेती धेरै घटेको छ । फ्रान्समा पनि घटेको छ । युरोपमा सबैभन्दा बढी स्पेन र पोर्चुगलमा हुन्छ यसको खेती । माग उच्च छ । खेती करिब ३० प्रतिशतले कमी छ । नेपालको मध्य पहाडी भाग (बाजुरा उदाहरणका लागि) यसको खेतीका लागि गज्जब हुनुपर्ने हो । इटालीको एउटा विश्वविद्यालयका अनुसन्धानकर्मी प्राध्यापकले बाजुरामा उहिल्यै जैतुन खेती गरेका थिए, सिकाएका थिए । त्यो पनि रामपुर कृषि फार्म भर्नै हरायो कि होला ?



ददी सापकोटा
जीवजन्तुविज्ञ

अर्थ जानकारी

खरिद गरिएको वस्तु फिर्ता गर्न सकिन्छ ?



कसैले विक्रेताबाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र विक्रेतासमक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्यबराबरको अर्को वस्तु वा आफूले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्नेछ । यसरी वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दा विक्रेताले दिएको बिल वा रसिद देखाउनुपर्नेछ । तर, देहायको अवस्थामा वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिनेछैन :

- खरिद भइसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाण परिवर्तन गरेमा ।
- निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतीत भइसकेको वस्तु भएमा ।
- दूध, फलफूल, तरकारी, माछा, मासुजस्ता तुरुन्त उपभोग नगरेमा सडी, गली जाने प्रकृतिका वस्तु भएमा ।
- खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा ।
- सिलबन्दी गरिएको वस्तु भए सिलबन्दी तोडिएको भएमा ।
- सिलबन्दी गरेको वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु १५ दिनभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्यबराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ ।

-उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

जलवायुका लागि महँगो बन्दै बिटक्वाइन

एक बिटक्वाइनको जति मूल्य पर्छ, त्योभन्दा बढी क्षति प्रतिबिटक्वाइनको माइनिङले जलवायुलाई पुऱ्याउँछ

एजेन्सी

बिटक्वाइन आफ्नो बजारमूल्यको करिब ३५ प्रतिशत जलवायु क्षतिका लागि जिम्मेवार छ । एक बिटक्वाइनको जति मूल्य पर्छ, त्योभन्दा बढी क्षति प्रत्येक बिटक्वाइनको माइनिङले जलवायुलाई पुऱ्याउँछ । बिटक्वाइन एक्सचेन्ज एफटिएक्स टाट पल्टिएसँगै क्रिप्टो बजार खस्किँदै गइरहेको छ । आम क्रिप्टो लगानीकर्ताको ६०-७० प्रतिशत पुँजी चौपट भएको छ । बजार यो अवस्थाबाट गुज्रिरहँदा लगानीकर्तामा क्रिप्टोकरेन्सीप्रति भयको वातावरण सिर्जना भएको छ ।

क्रिप्टोकरेन्सीबारे पछिल्लो समय भएको एउटा अध्ययनअनुसार एकातिर बिटक्वाइन सस्तो मूल्यमा पाइएको छ भने अर्कातिर जलवायुका लागि यो महँगो साबितसमेत भइरहेको छ । नेचर नामक पत्रिकामा प्रकाशित रिसर्चलाई आधार मान्ने हो भने बिटक्वाइनको माइनिङ प्रक्रिया चल्दा प्रतिबिटक्वाइनको मूल्यभन्दा बढी क्षति भइरहेको छ ।

दिनप्रतिदिनको बिटक्वाइन माइनिङ हाम्रो जलवायुका लागि घातक बन्दै गइरहेको छ । खासमा बिटक्वाइन मानइनिडमा प्रुफ अफ वर्कको सिद्धान्तको मुख्य भूमिका छ । अझै स्पष्ट रूपमा भन्नुपर्दा यो सिद्धान्तअन्तर्गत डिजिटल लक्ड या एनक्रिप्टेड प्रमाणमार्फत एउटा पक्षले दोस्रो पक्षलाई आफ्नो विश्वसनीयता साबित गर्छ । डिजिटल एनक्रिप्सन-डिक्रिप्सन र लकिङ वा अनलकिङ प्रक्रियामा र माइनिङको विश्वसनीयता सिद्ध गर्न राम्रैसँग विद्युत् प्रयोग हुन्छ । विद्युत् अर्थात् उत्सर्जन ।

न्यु मेक्सिको विश्वविद्यालयका शोधकर्ताद्वारा लेखिएको रिपोर्टअनुसार उत्पादनका रूपमा कुरा गर्दा बिटक्वाइनको जलवायु प्रभाव तेल उत्पादनभन्दा बढी हुन्छ ।

'इकोनोमिक इस्टिमेसन अफ बिटक्वाइन माइनिंग्स क्लाइमेट इयामेजेज डेमोन्स्ट्रेट्स क्लोजर रिजेम्ब्लेन्स टु डिजिटल क्रुड देन डिजिटल गोल्ड'को रिपोर्टमा भनिएको छ, 'बिटक्वाइन माइनिङ समयसँगै दीर्घकालीन पनि छ भनेर सिद्ध गर्ने अहिलेसम्म कुनै पनि प्रमाण हात लागेको छैन । हाम्रो शोधको नतिजाले ठीक उल्टो संकेत दिइरहेको छ । वास्तविकतामा बिटक्वाइन माइनिङ समयसँगै जलवायुका लागि बढी हानिकार हुँदै छ । सीधा भाषामा भन्दा बिटक्वाइनको वातावरणीय पदचिह्न गलत दिशामा अगाडि बढिरहेको छ ।'



> बिटक्वाइन माइनिङ समयसँगै दीर्घकालीन पनि छ भनेर सिद्ध गर्ने अहिलेसम्म कुनै पनि प्रमाण हात लागेको छैन । हाम्रो शोधको नतिजाले ठीक उल्टो संकेत दिइरहेको छ । वास्तविकतामा बिटक्वाइन माइनिङ समयसँगै जलवायुका लागि बढी हानिकारक हुँदै छ ।

जोन्स तथा उनका सहयोगी रोबर्ट बेरेन्स र एन्ड्रयु गुडकाइन्डले सन् २०१६ जनवरी र डिसेम्बर २०२१ बीच बिटक्वाइन माइनिङबाट जलवायु क्षतिको आर्थिक अनुमानमा नजर लगाउँदा सन् २०२० मा बिटक्वाइनका लागि ७५.४ टेरावाट प्रतिघन्टा विद्युत् प्रयोग गरेको पाए । यो तथ्यांकलाई गम्भीर रूपमा बुझ्न वैज्ञानिकहरू अस्ट्रिया र पोर्चुगलको कुल विद्युत् खपतको उदाहरण दिन्छन्, जहाँ पूरै अस्ट्रियामा सोही वर्ष ६९.९ टेरावाट विद्युत् खपत भयो । यस्तै, पोर्चुगलमा भने ४८.४ टेरावाट खपत भयो ।

जोन्स भन्छन्, 'वैश्विक रूपमा बिटक्वाइनले माइनिङ होस् वा उत्पादन, विद्युत्को भरपूर प्रयोग गरेको छ । धेरैजसो फोसिल फ्युल (जीवाश्म इन्धन) कोइला र प्राकृतिक ग्यासबाट उत्पन्न भएको विद्युत् हो । यसले ठूलो मात्रामा वायु प्रदूषण र कार्बन उत्सर्जन गरिरहेको छ भने हाम्रो वैश्विक जलवायु र हाम्रो स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पारिरहेको छ ।'

जोन्सका अनुसार सन् २०१६-२०२१ बीच बिटक्वाइन माइनिङ बिटक्वाइनको मूल्यको तुलनामा जलवायुका लागि मौद्रिक रूपमा अधिक हानिकारक छ । उनले दीर्घकालीन नीतिका तीन मापदण्ड रहेको औंल्याउँदै बिटक्वाइनको जलवायु क्षति आकलन गरे । उक्त तीन मापदण्ड, अनुमानित जलवायु क्षति समयक्रमसँगै अगाडि बढिरहेको, यसको क्षति बजारमूल्यभन्दा बढी रहेको र वस्तुको तुलनामा बजारमूल्यको हिस्साका रूपमा जलवायुलाई कसरी हानि पुऱ्याउँछ भन्ने हुन् ।

वैज्ञानिकहरूले बिटक्वाइन माइनिङका लागि प्रयोग भएको विद्युत्मार्फत हुने उत्सर्जन सन् २०१६ देखि २०२१ बीच आश्चर्यजनक वृद्धि भएको पाए । सन् २०१६ मा प्रतिबिटक्वाइन ०.९ टन कार्बन उत्सर्जन थियो । तर, सन् २०२१ मा बढेर प्रतिबिटक्वाइन ११३ टन पुग्यो ।

जलवायुमा यसको मूल्यको कुा गर्दा सन् २०२१ मा एक बिटक्वाइनको खोजमा जलवायुलाई औसत ११ हजार डलर क्षति पुगेको वैज्ञानिकले पाए ।

वैश्विक रूपमा यो क्षति १२ अर्ब डलरको थियो । यो क्षतिको मूल्य सन् २०२० मा बिटक्वाइन मूल्यको १५६ प्रतिशत पुगेको थियो । यसको अर्थ बिटक्वाइनको मूल्यको प्रत्येक डलरमा जलवायुलाई १.५६ डलरको क्षति भइरहेको थियो । यो डरलाग्दो तथ्यांक पाएपछि शोधकर्ताले बिटक्वाइनको प्रुफ अफ वर्क माइनिङमा नियामकीय लगाम लगाउन जरुरी रहेको सुझाव दिए ।

बिटक्वाइनबाट भएको जलवायु क्षति सन् २०१६-२०२१ बीच त्यसको बजारमूल्यको औसत ३५ प्रतिशत थियो । त्यतिबेला यस्तो क्षति प्राकृतिक ग्यास ४६ प्रतिशत र कच्चा तेलद्वारा उत्पादित ग्यासोलिनको विषयमा ४१ प्रतिशत थियो । तर, बिफ उत्पादनमा यो क्षति बिटक्वाइनद्वारा भएको क्षतिभन्दा कम ३३ प्रतिशत थियो । प्रायः बिटक्वाइनलाई डिजिटल गोल्ड भनिन्छ । तर, स्मरण गर्नुपर्ने विषय, सुन उत्पादनमा सन् २०१६ देखि २०२१ बीच जलवायु क्षति त्यसको बजारमूल्यको चार प्रतिशत मात्र थियो ।

डिसेम्बर २०२१ मा बिटक्वाइनको मार्केट क्यापिटलाइजेसन लगभग नौ खर्ब ६० अर्ब अमेरिकी डलर थियो । यो पूरै क्रिप्टोकरेन्सी बजारमा यसको करिब ४१ प्रतिशत हिस्सेदारी थियो ।

३१ डिसेम्बरमा विदेशी मुद्राको विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३२.०६	१३२.६६
युरो	१४०.७८	१४१.४२
पाउन्ड स्टर्लिङ	१५८.९१	१५९.६३
अस्ट्रेलियन डलर	८९.६६	९०.०७
सिंगापुर डलर	९८.४७	९८.९२
क्यानेडियन डलर	९७.४३	९८.८७
चिनियाँ युआन	१९.४	१९.१३
साउदी रियाल	३५.११	३५.२७
कतारी रियाल	३६.१६	३६.३२
थाई भाट	३.८१	३.८३

नेपाल राष्ट्र बैंक

अर्थ व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा हामीलाई इमेल गर्न सक्नुहुन्छ । हामी सम्बन्धित विज्ञबाट त्यसको जवाफ खोज्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १७ पुस ०७९

तेस्रो अन्तर्राष्ट्रिय विमानस्थल आजदेखि सञ्चालन हुँदै

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिक उडान भए पनि बाह्य उडान तय भएको छैन, हेलिकोप्टर र अल्ट्राफ्लाइट पुरानो विमानस्थलबाटै

कास्कीमा **रोहितराज पराजुली**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आइतबारदेखि सञ्चालनमा आउने भएको छ। अंग्रेजी नयाँ वर्षको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आइतबार विमानस्थल उद्घाटन गर्दै छन्।

पोखरा महानगरले आयोजना गरेको पत्रकार सम्मेलनमा महानगरका प्रमुख धनराज आचार्यले उद्घाटन समारोह बिहान ११ बजेबाट सुरु हुने बताए। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको विमानस्थलमा ५ मंसिरदेखि १२ सम्म थाइल्यान्डबाट आएको एरोथाई कम्पनीको विमानले यान्त्रिक परीक्षण, २३ मंसिरमा दुर्घटना अभ्यास, ७ पुसमा यती एयरलाइन्स र बुद्ध एयरसँगै ८ पुसमा सौर्य एयरलाइन्सको जहाज अवतरण गरिसकेका छन्।

विमानस्थल उद्घाटनको सम्पूर्ण तयारी पूरा भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका निर्देशक विक्रम गौतमले जानकारी दिए। नयाँ विमानस्थलबाट आन्तरिक उडानहरू हुने भए पनि बाह्य उडानको भने तय भएको छैन। विमानस्थलमा आन्तरिक उडान र बाह्य उडानका लागि छुट्टाछुट्टै संरचना बनाइएका छन्। नेपालकै पहिलोपटक जहाजमा यात्रु चढाउन र झार्नका लागि एरोब्रिज बनाइएको छ। हाल विमानस्थल बिहानदेखि बेलुका पाँच बजेसम्म मात्र सञ्चालन हुने र आगामी २३ फेब्रुअरीपछि दैनिक १८ घन्टा सञ्चालन हुने उनले जानकारी दिए।

नयाँ विमानस्थल सञ्चालनसँगै हालको पुरानो विमानस्थलबाट हुँदै आएका सबै आन्तरिक उडान नयाँ विमानस्थलबाट हुनेछन् भने साना जहाज, हेलिकोप्टर र अल्ट्राफ्लाइटको उडान पुरानो विमानस्थलबाटै हुने गौतमले जानकारी दिए। नयाँ विमानस्थलको टावरले टाढा देखाउने र दिशा देखाउने उपकरण भने पुरानै विमानस्थलबाट प्रयोग गरिने उनले बताए। विमानस्थल सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापनसँगै अध्यागमन, भन्सार, मेडिकल, सुरक्षा, इन्धन, आवश्यक कागजपत्र तयारीलगायतका काम सबै सकिएको उनले जानकारी दिए। विमानस्थल सञ्चालनका लागि विशेष अर्थात् मुख्य काम सेफ्टी, सेक्युरिटी र सुविधाका कुराको व्यवस्थापन गरिसकेको गौतमको भनाइ छ।

बुद्ध एयरले भारतका तीन सहरमा उडान गर्ने तयारी गरेको छ। बुद्धसँगै हिमालय एयरलाइन्सले समेत अन्तर्राष्ट्रिय उडानका लागि कुरा गरिरहेको गौतमले जानकारी दिए। यसैगरी जजिरा, थाई स्माइल, कतार एयरवेज र फ्लाई दुबईले उडानका लागि क्यानसँग कुरा गरेको उनले बताए।



■ ४७ वर्षपछि पोखरेलीको सपना पूरा

विमानस्थल निर्माणका लागि पोखराको छिनेडाँडामा ०३२ सालमा ३१ सय ६ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। जग्गा अधिग्रहणको ४१ वर्षपछि १ वैशाख ०७३ मा विमानस्थल शिलान्यास गरिएको थियो। शिलान्यासपछि थप करिब आठ सय रोपनी जग्गासमेत अधिग्रहण गरिएको थियो। निर्माणको काम भने शिलान्यास गरेको १५ महिना १८ दिनपछि अर्थात् १८ साउन ०७४ बाट सुरु गरिएको थियो। विमानस्थल निर्माणको काम १० जुलाई २०२१ मा सक्ने भनिए पनि कोरोनाका कारण निर्माण समय एक वर्ष थप गरिएको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ नयाँ ल्यान्डफिल्ड साइट कुँडिटारमा बन्ने

विमानस्थल सञ्चालनका लागि अर्को समस्याका रूपमा रहेको ल्यान्डफिल्ड साइट हो। पोखरा नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि एसियाली विकास बैंकको ऋण सहयोगमा ०६१ सालमा पोखरा १८ वाच्छेबुढुवामा ल्यान्डफिल्ड साइट निर्माण गरिएको थियो। सो ल्यान्डफिल्ड साइट विमानस्थलबाट करिब दुई मिटरको दूरीमा रहेको छ। पोखरा महानगरपालिकाले सो ल्यान्डफिल्डमा फोहोर फाल्न बन्द गरी पुर्ने काम गरिरहेको छ।

पोखरा महानगरपालिकाका प्रमुख आचार्यले हालको ल्यान्डफिल्ड साइटमा फोहोर फाल्न बन्द गरिएसँगै नयाँ ल्यान्डफिल्ड पोखरा ३३ कुँडिटारस्थित झाकी खेलामा बनाउने निर्णय गरेको जानकारी दिए। एक अर्बभन्दा बढीको लागतमा करिब ७० रोपनी जग्गामा ल्यान्डफिल्ड साइट बनाउने उनले जनकारी दिए। नयाँ साइटमा हालको जस्तो गरी फोहोर डम्पिङ नगरिने आचार्यले बताए। अब व्यवस्थित हिसाबले प्रशोधन केन्द्रसहित राखिने भनाइ उनको थियो, हाल विभिन्न कम्पनीसँग यसका लागि छलफल भइसकेको उनले जानकारी दिए। हाललाई अस्थायी रूपमा पोखरा ३२ लामेआहालस्थित नदीले कटान गरेको क्षेत्र उकास्ने गरी फोहोरमैला व्यवस्थापन गरिने आचार्यले जानकारी दिए। कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले लामो प्रतीक्षापछि विमानस्थल सञ्चालनमा आएसँगै यसले पोखरा र यस क्षेत्रको समृद्धिको ढोका खोल्ने बताए।

लागत २१ करोड ७० लाख अमेरिकी डलर

पर्यटकीय सहर पोखरालाई विश्वका अन्य देशसँग सीधा हवाईमार्गले जोड्ने उद्देश्यसहित चीन सरकारको सहुलियत ऋण सहयोगमा विमानस्थल निर्माण गरिएको हो। विमानस्थल निर्माणका लागि चीनको एक्जिम बैंकले २१ करोड ७० लाख अमेरिकी डलर (करिब २२ अर्ब) ऋण उपलब्ध गराएको थियो। सन् २०२१ को जुलाईमा निर्माण सक्ने गरी ८ जेठ ०७१ मा चिनियाँ कम्पनी सिएएमसी इन्जिनियरिङसँग ठेक्का सम्झौता भएको थियो। अन्तर्राष्ट्रिय उड्डयन संस्था (आइकाओ)को मापदण्डअनुसार फोरडी मोडलमा निर्माण भएको विमानस्थलमा ४५ मिटर चौडाइ र दुई हजार पाँच सय मिटर लामो धावनमार्ग रहेको छ। जाहा बोइङ ७५७ र एयरबस ३२० वा सोसरहका जहाज आउजाउ गर्न सक्ने र ती विमानको क्षमता एक सय ४० देखि एक सय ८० को हुनेछ। विमानस्थलमा साना र ठूला गरी ११ जहाज पार्किङ गर्न सकिनेछ।

डाँडा कटानको काम जारी

विमानस्थल सञ्चालनका लागि मुख्य समस्याका रूपमा रहेको रिट्ठेपानी डाँडा कटानको काम जारी छ। विमानस्थलको पूर्वपट्टि रहेको डाँडा कटानको काम धमाधम भइरहेको छ। डाँडा कटान ४० मिटर गरिनेछ। विमानस्थलमा व्यावसायिक उडानका लागि डाँडाको दुईतिरबाट कटान हुने र एकातिरबाट ४० मिटर र अर्कोतिरबाट १२.५ मिटर कटान गरिने भएको हो।

आम्दानी २५ करोड, ३३ करोड ब्याज मात्र

हाल पोखराबाट आन्तरिक उडानहरू मात्र हुँदै आएकामा नयाँ विमानस्थल सञ्चालनसँगै अन्तर्राष्ट्रिय उडानसमेत हुनेछन्। आन्तरिक उडान मात्र गर्दै आएको हालको विमानस्थलले वार्षिक २५ करोड आम्दानी गर्दै आएको छ। आन्तरिक उडान मात्र भए नयाँ विमानस्थलले समेत सोही हाराहारीमा आम्दानी गर्ने गौतमको भनाइ छ।

विमानस्थल सञ्चालनमा आएसँगै नयाँ विमान कम्पनीहरूले समेत उडान सुरु गर्ने, नयाँ सुविधा थप्दै जाने, अन्तर्राष्ट्रिय उडानसमेत सुरु भएपछि आम्दानी बढेर ५० करोडको हाराहारीमा हुने र पछि वार्षिक आम्दानी एक अर्ब पुऱ्याउने गरी क्यानले काम गर्ने गौतमको भनाइ छ।

विमानस्थल निर्माणका लागि चीनको एक्जिम बैंकले २१ करोड ७० लाख अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ करिब २२ अर्ब ऋण उपलब्ध गराएको थियो। सो ऋणमध्ये ७५ प्रतिशत रकमको ब्याज तिनुपर्नेछ भने २५ प्रतिशतको ब्याज तिर्नुनपर्ने निर्देशक गौतमले जानकारी दिए। तिर्नुपर्ने ७५ प्रतिशत अर्थात् १६ अर्ब ५० करोडको वार्षिक २ प्रतिशत ब्याज तिर्नुपर्ने गौतमले जानकारी दिए।

उड्डयन क्षेत्र लयमा फर्कंदै



काठमाडौं/ कोभिड महामारीले धराशायी हुन पुगेको नेपालको उड्डयन क्षेत्र पुरानो लयमा फर्किने क्रममा रहेको पर्यटन सचिव सुरेश अधिकारीले बताएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकण (क्यान)को २४औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले एयरपोर्टको संख्या बढेसँगै उडान संख्या र हवाई यात्रु पनि बढाउँदै लैजानुपर्ने बताएका हुन्। अहिले देशका विभिन्न ठाउँमा ५३ विमानस्थल निर्माण भएका छन्। अन्तर्राष्ट्रिय विमानस्थलको संख्या नै तीन पुगिसकेको छ। क्यानले त्रिभुवन विमानस्थलको हवाई ट्राफिक व्यवस्थापन गरेर यात्रुको सहज उडानसँगै लागत पनि कम गरेको सचिव अधिकारीले बताए।

त्रिभुवन विमानस्थलको यात्रु सेवा पनि पछिल्लो तीन-चार वर्षमा उल्लेख्य सुधार भएको उनको भनाइ थियो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को पछिल्लो अनसाइट अडिटले पनि नेपालको उड्डयन क्षेत्र सुरक्षित देखाएको छ।

सन् २०२२ को नोभेम्बरसम्म गत वर्षको सोही अवधिको तुलनामा अन्तर्राष्ट्रिय यात्रु संख्या १०२ प्रतिशत र आन्तरिक यात्रु ५८ प्रतिशतले बढेको उनको भनाइ छ। सन् २०२२ को नोभेम्बरसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर २ ९ लाख ४५ हजारले अन्तर्राष्ट्रिय यात्रा र ५६ लाख ६९ हजार आन्तरिक हवाई यात्रा गरेका छन्।

निजगढमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने सुझावसहितको प्रतिवेदन विज्ञटोलीले दिइसकेको बताउँदै महानिर्देशक प्रदीप अधिकारीले परामर्शदाताले पनि निजगढ विमानस्थलको गुरुयोजना तयार गरेर पेस गरिसकेको जानकारी गराए। निजगढमा ठूला कार्गो विमानहरू उडान-अवतरण गर्न सक्ने ४५ सय मिटर लम्बाइको धावनमार्ग बनाउन प्रस्ताव गरिएको छ।

महानिर्देशक अधिकारीले त्रिभुवन विमानस्थलको विस्तारबाट एयर ट्राफिक व्यवस्थापन क्षमता करिब १५ प्रतिशतले बढ्न सक्ने अपेक्षा व्यक्त गरे। त्रिभुवन विमानस्थलमा हुँदै आएको रात्रिकालीन बिसान चाप न्यूनीकरण गर्न आन्तरिक विमानस्थलहरूमा वायुयानको बिसान गर्ने व्यवस्था मिलाइएको छ। यस्तै, त्रिभुवन विमानस्थलको अधिक उडान चापका कारण नियमित हुने गरेको फ्लाइट डिले, डाइभर्सन तथा क्यान्सिलेसनलाई न्यूनीकरण गरी हवाई यात्रुले भोग्दै आएको समस्या निराकरण गर्न विमानस्थलमा हाल प्रतिघन्टा विमानस्थलको क्षमताका आधारमा वैज्ञानिक स्लट व्यवस्थापन प्रणाली लागू गरिएको उनले बताए। त्रिभुवन विमानस्थलमा हवाई यात्रुका लागि तीन सय थान ब्यागेज ट्रली सुविधा पनि थप गरिएको छ।

भारतमा आन्तरिक विद्युत्लाई प्रसारण भाडामा छुट, नेपाली निर्यात प्रभावित हुन सक्ने

भारतका नयाँ आयोजनालाई ह्विलिङ चार्जमा १८ वर्षसम्म छुट

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतले आन्तरिक उत्पादनको विद्युत्लाई प्रसारण लाइनको भाडा (ह्विलिङ चार्ज) नलिने निर्णय गरेको छ। यसबाट नेपालको विद्युत्ले भारतीय बजारमा प्रतिस्पर्धी मूल्य गुमाउन सक्ने देखिएको छ।

भारतको ऊर्जा मन्त्रालयले त्यहाँका नयाँ जलविद्युत् आयोजनालाई अन्तरराज्य (प्रदेश) प्रसारण प्रणालीको भाडा (ह्विलिङ चार्ज) १८ वर्षसम्म नलिने निर्णय गरेको छ। यसबाट त्यहाँका आयोजनाको विद्युत् तुलनात्मक रूपमा सस्तो हुने देखिन्छ। जसबाट भारतीय बजारमा नेपाली बिजुलीले प्रतिस्पर्धी मूल्य गुमाउने सम्भावना भएको जानकारहरूले बताएका छन्। नेपालको विद्युत् भारतमा बिक्री भए पनि भनेजस्तो मूल्य नपाउने सम्भावना रहेको उनीहरूले बताएका छन्।

भारतको नयाँ नीतिले नेपाललाई तत्काल प्रभाव नपार्ने नेपाल विद्युत् प्राधिकरणका उपप्रबन्ध निर्देशक प्रदीपकुमार थिकेले बताए। तर, दीर्घकालीन रूपमा भने असर पर्न सक्ने उनले औंल्याए। 'प्रसारण शुल्कमा छुट दिने भारतीय नयाँ निर्णयले त्यहाँका विद्युत्को लागत घट्छ, सस्तो हुन्छ,' उनले भने, 'भारतीय बजारमा नेपालले प्रतिस्पर्धा (बढाबढ) गर्दा हामीले प्रस्पिर्धी मूल्य नपाउन सक्छौं।'

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष कृष्णप्रसाद आचार्यले पनि तत्काल आत्तिनुपर्ने अवस्था नरहेको बताए। तर, दीर्घकालीन रूपमा भने नेपालको विद्युत् निर्यात प्रभावित हुन सक्ने उनको विश्लेषण छ। नेपालले पनि त्यहाँका विद्युत्ले पाउने छुट सुविधा प्राप्तिका लागि पहल गर्नुपर्ने उनको भनाइ छ।

'भारतले आन्तरिक प्रयोजनका लागि यस्तो निर्णय गरेको हुनाले यसबाट आत्तिहाल्नुपर्ने अवस्था भने छैन। तर, त्यसको असर भने पर्न सक्छ,' आचार्यले भने, 'त्यो अवस्थामा कसरी हुन्छ, उचित मूल्यमा भारतमा विद्युत् बिक्री गर्ने गरी नेपाल अघि बढ्नुपर्छ। यसमा उचित निकास निकाल्न सरकारले भारतसँग पहलकदमी बढाउनुपर्छ।' अब नेपाली निजी क्षेत्रलाई समेत अन्तरदेशीय विद्युत् व्यापार गर्न दिनुपर्ने उनले बताए।

भारतले यसअघि सौर्य र वायु ऊर्जासम्बन्धी आयोजनालाई ह्विलिङ चार्ज नलिने निर्णय गरिसकेको थियो। अहिले आएर जलविद्युत् आयोजनालाई पनि यस्तो छुट दिने निर्णय गरेको भारतीय सञ्चारमाध्यममा उल्लेख छ। भारतले सन् २०३० भित्र आन्तरिक रूपमा पाँच सय गिगावाट स्वच्छ (गैरजीवाश्म) ऊर्जा उत्पादन गर्ने लक्ष्य लिएको छ, सोही लक्ष्य प्राप्त गर्न भारत सरकारले ह्विलिङ चार्जमा नयाँ नीति लिएको हो, जसबाट नेपाली विद्युत् निर्यात भने अप्रत्यक्ष रूपमा प्रभावित हुने देखिन्छ।

नेपालले भारतसम्म विद्युत् पुऱ्याउँदा अहिले जसरी नै ह्विलिङ चार्ज तिर्नैपर्छ। तर, अब भारतीय जलविद्युत् आयोजनाले अन्तरप्रदेशीय रूपमा विद्युत् प्रसारण गर्दा ह्विलिङ चार्ज तिर्नुपर्दैन। यसरी बजारसम्म पुग्दा भारतको बिजुली सस्तो हुन्छ भने नेपाली विद्युत् महँगो हुनेछ। फलस्वरूप नेपाली विद्युत्ले भारतीय बजारमा प्रतिस्पर्धी मूल्य गुमाउने संकेत देखिएको हो। नेपाल र भारतका विद्युत् व्यापार कम्पनीहरूले बिडिङमार्फत भारतीय खुला बजारमै विद्युत् खरिद-बिक्री गर्छन्। त्यो अवस्थामा भारतमा नेपाली विद्युत् बिक्री गर्न त सकिन्छ, तर लागत कम भएपछि भातरीय विद्युत्को मूल्य बिडिङमै सस्तो हुन्छ। त्यो अवस्थामा नेपाली बिजुली पनि सस्तोमै बिड गरेर बिक्री गर्ने बाध्यता आउने ऊर्जाविज्ञ बताउँछन्।

■ संयुक्त कार्यदलको बैठकमा आवाज उठाउने तयारी

भारतको यो नीतिमा सरकारी अधिकारीहरूले चिन्ता व्यक्त गर्न थालेका छन्। भारतको उक्त नीतिका कारण नेपाली विद्युत्ले उचित मूल्य पाउन नसक्ने उनीहरूको शंका छ, त्यो अवस्थामा यसबारे आगामी नेपाल-भारत ऊर्जासचिव-सहसचिवस्तरीय बैठकमा छलफल गर्ने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको तयारी छ। नेपाल-भारत ऊर्जासचिव-सहसचिवस्तरीय बैठक जनवरी २०२३ को अन्तिम साता भारतको नयाँदिल्लीमा हुँदै छ, उक्त बैठकमा यो विषय पनि उठाउने मन्त्रालयका एक अधिकारीले बताए।

वैदेशिक सहायता प्रतिबद्धता दोब्बर बढ्यो

काठमाडौं/ नेपालमा वैदेशिक सहायता प्रतिबद्धता दोब्बरले बढेको छ। चालू आर्थिक वर्षको पहिलो चार महिनामा एक खर्ब तीन अर्बको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। गत आर्थिक वर्षको पहिलो चार महिनामा ५५ अर्ब ९४ करोड रुपैयाँको प्रतिबद्धता आएको थियो। कुल सहायतामा ऋणको हिस्सा ८४.२ प्रतिशत र अनुदानको हिस्सा १५.८ प्रतिशत छ। गत आर्थिक वर्षको चार महिनामा ऋणको हिस्सा ८९.६ प्रतिशत थियो भने अनुदानको हिस्सा १०.४ प्रतिशत मात्रै थियो। सबैभन्दा बढी सहायता दिनेमा विश्व बैंकको हिस्सा ६३ प्रतिशत छ।

घट्दै छ सार्वजनिक ऋण


चालू आर्थिक वर्षको तीन महिनामा सार्वजनिक ऋण भने घटेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयअनुसार पहिलो त्रैमासमा गत असारको तुलनामा असोज मसान्तसम्म सार्वजनिक ऋण ०.२७ प्रतिशतले घटेको छ। गत असार मसान्तसम्म नेपालको कुल सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोडबराबर थियो। कार्यालयअनुसार पहिलो त्रैमासिक अवधिसम्म नेपालको कुल बाह्य ऋण १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण नौ खर्ब ५७ अर्ब ६१ करोडबराबर छ। गत असार मसान्तसम्मको तुलनामा बाह्य ऋण २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण २९ अर्ब ८३ करोडले घटेको हो।

चालू आर्थिक वर्षको पहिलो तीन महिनामा सरकारले कुल २४ अर्ब ७० करोडबराबर बाह्य ऋण प्राप्त गरेको छ। यही अवधिमा आन्तरिक ऋण उठाएको छैन। पहिलो त्रैमासमा पाँच अर्ब ८४ करोडबराबर बाह्य ऋण तिरेको छ। विदेशी मुद्रामा लिएको ऋण विनिमय दरमा भएको वृद्धिका कारण थप पाँच अर्ब ५२ करोड तिर्नुपर्ने पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

कसलाई कति ऋण तिर्न बाँकी ?

नेपालको सबैभन्दा ठूलो ऋणदाता विश्व बैंक समूहअन्तर्गत इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आइडिए) हो। आइडिएसँग नेपालले पाँच खर्ब २६ अर्ब एक करोड १८ लाखबराबर ऋण लिएको छ। त्यस्तै, एसियाली विकास बैंक (एडिबी) नेपालको दोस्रो ठूलो ऋणदाता हो। एडिबीलाई नेपालले तीन खर्ब २३ अर्ब ६४ करोड ९० लाख ऋण तिर्न बाँकी रहेको छ। नेपालले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)सँग ४८ अर्ब ४१ करोड ३४ लाख र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)सँग ४३ अर्ब ८९ करोड ५३ लाखबराबर ऋण लिएको छ।

एक्जिम बैंक लाइन अफ क्रेडिट-इन्डियासँग ३७ अर्ब ५६ करोड ६३ लाख, एक्जिम बैंक अफ चाइनासँग ३३ अर्ब ५१ करोड २८ लाख, इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्टसँग १० अर्ब २५ करोड ४४ लाख र ओपेक फन्ड फर इन्टरनेसनल डेभलपमेन्टसँग आठ अर्ब ३८ करोड ३३ लाखबराबर ऋण नेपालले लिएको छ। युरोपियन इन्भेस्टमेन्ट बैंकको पाँच अर्ब ६१ करोड ५५ लाख, एक्जिम बैंक कोरियासँग पाँच अर्ब ६२ करोड ८५ लाख, साउदी कोषको तीन अर्ब तीन करोड, नर्डिक डेभलपमेन्ट फन्डको एक अर्ब ८१ करोड ८५ लाख र कुवेतको एक अर्ब ५० करोड ५७ लाख ऋण तिर्न बाँकी छ। त्यसैगरी, नेपालले बेल्जियमसँग ५७ करोड ३६ लाख, युरोपियन इकोनोमिक काउन्सिलसँग १९ करोड ५३ लाख, नाजिक्सिक बैंक फ्रान्ससँग १३ करोड ९५ लाख र एसियन पूर्वाधार लगानी बैंकसँग तीन करोड ७० लाखबराबर ऋण लिएको देखिन्छ।



कुमारी बैंक लिमिटेड र साबिक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको
यस साझेदारीले हामीलाई अझै सशक्त र सुदृढ बनाउने छ।
विगतका दिनहरुमा झैं, आगामी दिनहरुमा पनि सेवाप्रति कटिबद्ध रही
यात्रा अझ प्रगाढ र सुनौलो बनाउने छौं ।

रु.२६.२३ अर्ब
चुक्ता पुँजी

रु.३०२ अर्ब
निक्षेप रकम

रु.२८० अर्ब
कर्जा रकम

३०६
शाखा सञ्जाल

४७
एक्स्टेन्सन काउन्टर

६२
शाखा रहित बैंकिङ्ग

३४५
ए. टी. एम.

विदेशी मुद्रा विनिमय अन्तर्क्रिया

काठमाडौं/ गरिमा विकास बैंक र विदेशी मुद्रा विनिमय संघ नेपालको संयुक्त आयोजनामा विदेशी मुद्रा विनिमयसम्बन्धी अन्तर्क्रिया सम्पन्न भएको छ। कार्यक्रममा विदेशी मुद्रा विनिमय, गो एएमएललगायतका विषयमा प्रशिक्षण गरिएको थियो।

मेगा बैंक नेपाल लिमिटेडको
तपशिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/०९/१७)

तपशिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरूलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउने तर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकारेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको फोटो	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको फोटो
१) ऋणी : आयशा खाद्य स्टोर प्रा.फ.र.नं. : १३६०८८/०७४/७५ ठेगाना : मध्यपुर थिमी १५, भक्तपुर **व्यक्तिगत जमानीकर्ताहरु :** **१. आशा वैद्य** (ना.प्र.नं. ०५२०२८/४७८५, मिति २०६७/०४/३१ मा जि.प्र.का. मोरङ्ग, उर्लाबारीबाट जारी भएको) पति : सुमित उदाश ससुरा : हिमाल उदाश **२. सुमित उदाश** (ना.प्र.नं. ९८१२/११०४, मिति २०६२/०३/२८ मा जि.प्र.का. संखुवासभाबाट जारी भएको) बाबु : हिमाल उदाश बाजे : फतेमान उदाश	आशा वैद्य सुमित उदाश	**२) ऋणी :** **सुपा देउराली सुन चाँदी उद्योग** प्रा.फ.र.नं. : ८६२/९७९६ ठेगाना : घोराही १५, दाङ **व्यक्तिगत जमानीकर्ताहरु :** **१. दिलाराम सुनार (वि.क.)** (ना.प्र.नं. २७/२०९५, मिति २०५२/०७/१० मा जि.प्र.का. दाङबाट जारी भएको) बाबु : कालो सुनार बाजे : संकरे सुनार **२. छमी कुमारी सुनार (वि.क.)** (ना.प्र.नं. ६६८/३६१, मिति २०६०/०३/०८ मा जि.प्र.का. दाङबाट जारी भएको) पति : दिलाराम सुनार (वि.क.) ससुरा : कालो सुनार	दिलाराम सुनार (वि.क.) छमी कुमारी सुनार (वि.क.)
३) ऋणी : जेवी स्टील फेब्रिकेशन लघु उद्यम दर्ता नं. : २५/०७४/०७५ ठेगाना : भरतपुर ९, चितवन **व्यक्तिगत जमानीकर्ताहरु :** **१. भिम राज गुरुङ** (ना.प्र.नं. ३५१०२५/१९०३, मिति २०६७/०७/१५ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : जित बहादुर गुरुङ बाजे : रेन बहादुर गुरुङ **२. जित बहादुर गुरुङ** (ना.प्र.नं. ७०५२, मिति २०४६/०७/१० मा जि.प्र.का. लमजुङबाट जारी भएको) बाबु : रेन बहादुर गुरुङ बाजे : सुबितमान गुरुङ **३. वेल माया गुरुङ** (ना.प्र.नं. ३९९०, मिति २०४५/०१/०९ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : जित बहादुर गुरुङ ससुरा : रेन बहादुर गुरुङ **४. यम बहादुर गुरुङ** (ना.प्र.नं. ३५१०२५/०३७३, मिति २०६९/०८/१३ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : जित बहादुर गुरुङ बाजे : रेन बहादुर गुरुङ	भिम राज गुरुङ जित बहादुर गुरुङ वेल माया गुरुङ यम बहादुर गुरुङ	**४) ऋणी : श्री न्यू संज्याल ट्रेडर्स एण्ड सप्लायर्स** प्रा.फ.र.नं. : ११४२/०७४/०७५ ठेगाना : सान्नी त्रिवेणी ०६, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. पियारी थारुनी** (ना.प्र.नं. ६५२०३२/१४४, मिति २०६५/११/२६ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) पति : गौरी संज्याल ससुरा : मणिराम संज्याल **२. गौरी संज्याल** (ना.प्र.नं. २९१७/६११०२४, मिति २०६४/०७/१३ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : मणिराम संज्याल बाजे : काशीराम संज्याल **३. धर्मराज संज्याल** (ना.प्र.नं. ६१३०२४/८२०, मिति २०६३/११/१४ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : मणिराम संज्याल बाजे : काशीराम संज्याल **४. दिपा साउद** (ना.प्र.नं. ६४-१०-६२-०२८९७, मिति २०६२/०१/१८ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : धर्मराज संज्याल ससुरा : मणिराम संज्याल	पियारी थारुनी गौरी संज्याल धर्मराज संज्याल दिपा साउद
५) ऋणी : दिव्या राजलक्ष्मी स्टेशनरी प्रा.फ.र.नं. : ११५५/०७४/०७५ ठेगाना : खाँडाचक्र ०१, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. प्रेम बहादुर शाही** (ना.प्र.नं. ६११०१३/१८४५१/३२६६, मिति २०६२/०४/३० मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : मंगल बहादुर शाही बाजे : पुरमल शाही **२. मंगल बहादुर शाही** (ना.प्र.नं. २२३, मिति २०४५/०२/०८ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : पुरमल शाही बाजे : मान बहादुर शाही **३. बिमला शाही** (ना.प्र.नं. ६१३०१३/५८८/५१५, मिति २०६३/१२/२६ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : मंगल बहादुर शाही ससुरा : पुरमल शाही	प्रेम बहादुर शाही मंगल बहादुर शाही बिमला शाही	**६) ऋणीहरू : तुलाराम धिताल र लक्ष्मी पाण्डे धिताल** ठेगाना : शुभकालिका ०३, कालिकोट **(क) तुलाराम धिताल** (ना.प्र.नं. २०३८, मिति २०५६/०४/२१ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : उज्जले जैसी (धिताल) बाजे : विस्ने जैसी **(ख) लक्ष्मी पाण्डे धिताल** (ना.प्र.नं. ६११०१२/३६२४, मिति २०७१/०३/२१ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : तुलाराम धिताल ससुरा : उज्जले जैसी (धिताल)	तुलाराम धिताल लक्ष्मी पाण्डे धिताल
७) ऋणीहरू : कमल बहादुर शाही र दुधा शाही ठेगाना : मान्म ०८, कालिकोट **(क) कमल बहादुर शाही** (ना.प्र.नं. ६११०१३/६८२८/२८४१, मिति २०६६/०६/२२ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : धनमल शाही बाजे : धनरुप शाही **(ख) दुधा शाही** (ना.प्र.नं. २९४, मिति २०४५/०२/०९ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : धनमल शाही ससुरा : धनरुप शाही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. जिन्दा शाही** (ना.प्र.नं. ६११०१३/११५, मिति २०६८/०१/२८ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : कमल बहादुर शाही ससुरा : धनमल शाही **२. दान बहादुर शाही** (ना.प्र.नं. २७६/२५२५, मिति २०६१/०२/१७ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : धनमल शाही बाजे : धनरुप शाही	कमल बहादुर शाही दुधा शाही जिन्दा शाही दान बहादुर शाही	**८) ऋणी : राज बहादुर शाही** (ना.प्र.नं. १२७१, मिति २०४५/०६/०१ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) ठेगाना : दाहा ०४, कालिकोट बाबु : जस बहादुर शाही बाजे : धनमल शाही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेन्द्र बहादुर शाही** (ना.प्र.नं. ६११०१०/१८७०६/२५६३, मिति २०६७/०६/१२ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : राज बहादुर शाही बाजे : जस बहादुर शाही **२. जानु कुमारी बम** (ना.प्र.नं. ६११०१६/३१११, मिति २०७१/०२/२७ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : सुरेन्द्र बहादुर शाही ससुरा : राज बहादुर शाही **३. अमनी शाही** (ना.प्र.नं. ६१३०१०/२०९, जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : राज बहादुर शाही ससुरा : जस बहादुर शाही	राज बहादुर शाही सुरेन्द्र बहादुर शाही जानु कुमारी बम अमनी शाही

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइट: www.megabanknepal.com


नेप्सेमा पाँच महिनापछि दुई हजारको प्रतिरोध तोडियो

नयाँ पत्रिका
काठमाडौं, १६ पुस

करिब पाँच महिनापछि नेप्से परिसूचकले दुई हजार बिन्दुको प्रतिरोधलाई तोडेको छ। गत साता नेप्से परिसूचकमा आएको नाटकीय सुधारसँगै नेप्सेले पाँच महिनादेखिको प्रतिरोधलाई तोडेर अघि बढेको हो।

नेप्से परिसूचक १० भदौ शुक्रबारका दिन उक्त दुई हजार बिन्दुको प्रतिरोधलाई तोडेर अघि बढेको थियो। उक्त समयमा नेप्से परिसूचक दुई हजार २२ दशमलव ६२ बिन्दुमा रहेको थियो। त्यसको पाँच महिनापछि नेप्से परिसूचक १४ पुस बिहीबार दुई हजार २९ दशमलव शून्य बिन्दुमा आइपुगेको हो।

साताको चार दिन भएको कारोबारमा नेप्से परिसूचक एक सय ६१ दशमलव ८२ अंकले बढेर दुई हजार २९ दशमलव शून्य ३ बिन्दुमा बन्द भएको छ। न्यूनतम एक हजार आठ सय ६८ दशमलव १८ बिन्दुसम्म पुगेर बजार पुनः उकालो लागेको थियो।



■ नयाँ अर्थमन्त्रीको आगमनसँगै लगानीकर्ता उत्साहित

चुनावको समयमा पनि घटेको बजारमा नयाँ अर्थमन्त्रीमा विष्णु पौडेलको आगमनसँगै लगानीकर्ता उत्साहित भएका छन्। नयाँ मन्त्रीलाई लिएर लगानीकर्ता उत्साहित हुँदा एक दिन करेक्सन भए पनि तीन दिन बजारमा उच्च अंकले हरियाली छाएको हो। लगानीकर्ता तथा ब्रोकर एसोसिएसनका अध्यक्ष सन्तोष मैनालीले लगानीकर्ता नयाँ मन्त्रीसँगको अपेक्षा, पुरानै सेन्टिमेन्ट जोडिएको हुँदा बजारमा प्रभाव देखिएको अनुमान गर्न सकिने बताए। उनले भने, 'उहाँकै पालामा नेप्सेले उच्च बिन्दु कायम गरेको रेकर्ड छ, त्यसको प्रभाव बलियो भएको हो।'

पौडेलले अर्थतन्त्रसँग जोडिएका सबै क्षेत्रलाई मिलाएर लैजाने बताएसँगै सेयर लगानीकर्ता आशावादी देखिएका हुन्। निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले पनि जाँदाजाँदै बैंकहरूले स्थानीय तहको खातामा भएको रकमको ८० प्रतिशत निक्षेपमा गणना गर्न पाउने अवधि थपिदिएपछि पनि बजार केही सकारात्मक बनेको अनुमान लगानीकर्ताले गर्दै आएका छन्।

पछिल्लो समय बैंकहरूको तरलतामा समेत सुधार आइरहेकाले पनि लगानीकर्ताको आत्मविश्वास बढ्दै गएको देखिन्छ। यही कारण गत साता कारोबार रकममा समेत एक सय २१ प्रतिशतले वृद्धि भएको छ।

अघिल्लो साता पाँच दिनको कारोबार चार अर्ब ९५ करोड रुपैयाँको भएकोमा यस साता बजार खुलेको चार दिनमा १० अर्ब ९९ करोडको कारोबार भएको हो। औसत ९९ करोड रुपैयाँको दैनिक कारोबार भइरहेकोमा गत साता दुई अर्ब ७४ करोड रुपैयाँको कारोबार भएको हो।

पहिलो अन्तर्राष्ट्रिय गायन र नृत्य रियालिटी सो हुँदै

विजेताले एक-एक करोड पुरस्कार पाउने



काठमाडौं/ इन्टा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा नेपालकै पहिलो अन्तर्राष्ट्रिय रियालिटी सो 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स' आयोजना हुने भएको छ। मेरियोट होटेलमा आयोजित घोषणा समारोहमा फाउन्डेसनले प्रतियोगिताका लागि विश्वभरका १८ वर्षमाथिका व्यक्तिले आवेदन दिन सक्ने जानकारी आयोजकले दिएको छ। फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारी भन्छन्, 'हामी हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ। हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति र दुःखमा परेकाहरूलाई मद्दत गर्नुमा छ। फाउन्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो।'


यो सोमा सहभागी हुन चाहने विश्वभरका नेपालीभाषीले अनलाइन आवेदन दिन सक्नेछन्। दुवै सोहरूको आवेदन दिने मिति जनवरीको अन्तिम तारिख तोकिएको छ।

कम्पनीका अनुसार 'मेरो भ्वाइस युनिभर्स'को निर्णायकमण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान छन्। साथै, मेरो डान्स युनिभर्स'को निर्णायकमण्डलमा भने मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बिसी, केकी अधिकारी, प्रियंका कार्की र नरमन राई हुने जनाइएको छ। यी सोहरू एलिन श्रेष्ठले निर्देशन गर्ने भएका छन्। फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस युनिभर्स'का विजेताले एक करोड पाउनेछन्। साथै, फस्ट रनरअपले ३० लाख र सेकेन्ड रनरअपले २० लाख पुरस्कार पाउनेछन्। यस्तै, 'मेरो डान्स युनिभर्स'का विजेताले पनि एक करोड पुरस्कार पाउनेछन् भने फस्ट रनरअपले ३० लाख र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउनेछन्।

फाउन्डेसनले नेपालबाहेक, म्यानमार, थाइल्यान्ड, भुटान, भारत, अस्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरेपेली देशहरूबाट पनि नेपालीभाषीको बृहत् सहभागिताको अपेक्षा राखेको छ।

नेपालमा भित्रियो विश्वप्रसिद्ध एकोर ग्रुप

'मर्क्युर'को नाममा 'दी मेट्रोपोलिटन'को व्यवस्थापन सम्हाल्ने





नयाँ पत्रिका
काठमाडौं, १६ पुस

होटेल व्यवसायमा विश्वप्रसिद्ध एकोर ग्रुप नेपालमा भित्रिएको छ। नेपाल उद्योग वाणिज्य महासंघको एनआरएन तथा द्विराष्ट्रिय समितिका सभापति देशबन्धु बस्नेत (अजित)ले उक्त ग्रुपलाई नेपालमा भित्र्याएका हुन्।

बस्नेतले नेपालमा आफूले सञ्चालनमा ल्याउन लागेको दी मेट्रोपोलिटन होटेल प्राइभेट लिमिटेडको व्यवस्थापनमा एकोर समूह भित्र्याएका हुन्। उक्त होटेललाई एकोर समूहले 'मर्क्युर'ब्रान्डको नाममा सञ्चालनमा ल्याउने भएको छ। भारतको नयाँदिल्लीमा उक्त ब्रान्डलाई नेपालमा भित्र्याउन एकोर र दी मेट्रोपोलिटनबीच सम्झौता भएको हो। सम्झौतामा दी मेट्रोपोलिटन होटेलका अध्यक्ष बस्नेत र एकोरका वरिष्ठ उपाध्यक्ष पुनित देवानले हस्ताक्षर गरेका हुन्।

उक्त सम्झौतापश्चात् दी मेट्रोपोलिटनका अध्यक्ष बस्नेतले एकोरसँगको सहकार्यले आपसी समझदारी र सहकार्यको दीर्घकालीन सम्बन्धको सुरुवात गरेको बताए। 'विश्वस्तरको ब्रान्डलाई नेपालमा ल्याउन पाउनु गौरवको विषय हो,' उनले भने, 'यसले नेपालमा आउने आगन्तुकहरूले विश्वस्तरीय हस्पिटालिटी सेवा लिन पाउने अवसर सिर्जना भएको छ।'

उक्त सम्झौताले नेपालको पर्यटनको विकासमा ठूलो सहयोग पुग्नुका साथै एकोरले नेपालमा आउने विदेशी पाहुनाहरूलाई विश्वस्तरीय सेवाको साथमा नेपाली परम्पराअनुसारको आतिथ्यता दिने एकोरका वरिष्ठ उपाध्यक्ष पुनित देवानले बताए।

एसिया, युरोप, अफ्रिका एवं मध्यपूर्वका एक सयभन्दा बढी देशका पाँच हजार तीन सयभन्दा बढी होटेलको व्यवस्थापन हेरिरहेको उक्त समूहले नेपालमा पहिलोपटक दी मेट्रोपोलिटनमा मर्क्युर ब्रान्डमा होटेलको व्यवस्थापन सम्हाल्ने भएको हो। उक्त पाँचतारे होटेल दी मेट्रोपोलिटनमा बस्नेतको लगानी रहेको छ। एकोरले नेपालमा मर्क्युर ब्रान्डको नामबाट १०५ कोठे पाँचतारे होटेल सञ्चालनमा ल्याउनेछ। काठमाडौंको सुकेधारामा निर्माणाधीन १० तले उक्त पाँचतारे होटेलमा जिम, स्विमिङपुललगायत पाँचतारे होटेलमा आवश्यक सबै सुविधा उपलब्ध हुनेछन्। सम्झौतामा होटेललाई सन् २०२३ भित्रै सञ्चालनमा ल्याउने उल्लेख गरिएको छ।

पनौतीको ६१ प्रतिशत माटोमा भेटियो अम्लीयपन

इन्द्रबहादुर थापा/नयाँ पत्रिका
काभ्रे, १६ पुस

काभ्रेको पनौती नगरपालिकाको ६१ प्रतिशत माटोमा अम्लीयपन रहेको पाइएको छ। ११ पुसदेखि १४ गतेसम्म गरिएको निःशुल्क माटो परीक्षणमा यस्तो पाइएको हो। माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेशको विज्ञसहितको प्राविधिक सहयोगमा गरिएको माटो परीक्षणमा ६१ प्रतिशत माटोमा अम्लीयपन फेला परेको नगरपालिकाका कृषि शाखा प्रमुख लीला सापकोटाले जानकारी दिए। 'केही वर्षयता नगरपालिकाले हरेक वर्ष गर्दै आएको निःशुल्क माटो परीक्षण कार्यक्रममा चार सय ७१ नमुना माटो परीक्षण गरेकोमा ६१ प्रतिशतमा अम्लीयपन पाइएको छ,' उनले भने, 'रासायनिक मल प्रयोगले माटोमा अम्लीयपन बढेको हो।' नगरपालिकाको सम्पूर्ण वडामा माटो परीक्षण गर्न इच्छुक किसानबाट वडा-वडामा माटो संकलन गरी परीक्षण गरेको उनले बताए।

अम्लीयपन घटाउन निःशुल्क चुन वितरण

नगरपालिकाभित्रको ६१ प्रतिशत माटोमा अम्लीयपन पाएपछि नगरपालिका र माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेशले किसानलाई चुन वितरण गरेको छ। माटोको अम्लीयपन घटाउन किसानलाई चुन वितरण गरेको सापकोटाले जानकारी दिए। 'नमुना माटो परीक्षण गर्दा पाएको अम्लीयपनका आधारमा किसानलाई निःशुल्क चुन वितरण गरेका छौं,' सापकोटाले भने, 'माटोको अम्लीयपन घटाउन नगरपालिका र प्रयोगशालाको साझेदारीमा किसानलाई चुन वितरण गरेका हौं।'

माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेशबाट २१ मेट्रिकटन र नगरपालिकाले नौ मेट्रिकटन चुन खरिद गरी किसानलाई निःशुल्क वितरण गरिरहेको सापकोटाले जानकारी दिए।

रासायनिक मलको बढी प्रयोगले माटोमा अम्लीयपन बढेको उनले बताए। माटोमा अम्लीयपन बढी हुँदा बालीनाली उब्जनीमा कमी आउने उनले बताए। केही वर्षदेखि पनौतीको माटो परीक्षण गरी चुन वितरण गर्दै आएको, तर चुन प्रयोग गरेपछि कतिको सुधार आयो भनेर परीक्षण नगरेको सापकोटाले बताएका छन्। 'नगरपालिकाले केही वर्षदेखि निःशुल्क माटो परीक्षण र निःशुल्क चुन वितरण गर्दै आएको छ,' उनले भने, 'अम्लीयपन भएको माटोमा चुन प्रयोग गरेपछि अम्लीयपन कति घट्यो भनेर पछि परीक्षण गरेका छैनौं।'



पनौती नगरपरिसरमा माटो परीक्षण गर्दै प्राविधिक। तस्बिर/नयाँ पत्रिका

धादिङबेँसीमा सहकारी बजार सञ्चालनमा

अर्जुन श्रेष्ठ/नयाँ पत्रिका
धादिङ, १६ पुस

धादिङबेँसीमा सहकारी बजार सञ्चालनमा आएको छ। किसानलाई उचित मूल्य दिलाउने र उपभोक्तालाई सुपथ मूल्यमा कृषिजन्य उत्पादन बिक्री गर्ने उद्देश्यले जिल्ला सहकारी संघले सहकारी बजार सञ्चालनमा ल्याएको हो।

सहकारी बजार विकास कार्यक्रम (सिएमडिपी)को आर्थिक तथा प्राविधिक सहयोगमा ७० लाख ८५ हजार लगानीमा संरचना निर्माण तथा मर्मत गरिएको धादिङ जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष रामचन्द्र आचार्यले बताए। कृषि ज्ञानकेन्द्र र सहकारी संघ धादिङको समन्वयमा जिल्लास्तरीय सहकारी बजार सञ्चालनमा आएको हो। उनले भने, 'किसानले भन्दा बिचौलियाले बढी मुनाफा लिइरहेका छन्। कृषिजन्य उत्पादन गर्ने किसान र उपयोग गर्ने उपभोक्ताबीचको मूल्यअन्तर असाध्यै धेरै छ। आफूले उत्पादन गरेका कृषिजन्य उत्पादनको उचित मूल्य किसानलाई दिलाउन र उपभोक्ताले पनि ताजा तथा सुपथ मूल्यमा किनेर खान पाउने वातावरण बनाउन सहकारी बजार सञ्चालनमा ल्याएका हौं।'

धादिङमा उत्पादित कृषिजन्य उत्पादन संकलन तथा बिक्री-वितरण गर्ने योजना रहेको अध्यक्ष आचार्यले बताए। १३ वटै पालिकामा उत्पादित कृषिउपज खाद्यान्न, तरकारी तथा फलफूल, दुग्धजन्य उत्पादनको बिक्री-वितरण, बजारीकरण गरिनेछ। उनले भने, 'हामीले सञ्चालनमा ल्याएको सहकारी बजारबाट बिक्री गर्छौं। यहाँ बिक्री नभएका कृषिजन्य उत्पादन नजिकका अन्य बजारमा लगेर बिक्री गर्छौं। तर, बिचौलियाले लिने मार्जिन कम गरी किसानको आयलाई वृद्धि गर्न दीर्घकालीन सोच रहेको छ।'

अन्य व्यापारीहरूले भन्दा धेरै कम मूल्यमा सहकारी बजारमा कृषिजन्य उत्पादन बिक्री-वितरण गरिएको छ। उनले भने, 'उदाहरणका लागि १५ रुपैयाँमा किसानसँग काउली खरिद गरेर उनीहरूले ७० रुपैयाँमा बेचेका छन्। किसान र उपभोक्ता दुवै मारमा छन्। तर, हामीले २० रुपैयाँमा किनेर ४० रुपैयाँमा बेचिरहेका छौं। हामीलाई फाइदाभन्दा पनि व्यवस्थापन खर्च चले हुन्छ। किसान र उपभोक्ताको हकहितका लागि यो सहकारी बजार सञ्चालन गरिएको हो।'

माओवादी बागमती प्रदेश दलको नेतामा जम्कट्टेल

जबर्जस्ती निर्णय लाद्न खोजेको भन्दै पौडेलको असहमति

मकवानपुर/ माओवादी केन्द्रको बागमती प्रदेश संसदीय दलको नेता चयनमा विवाद देखिएको छ। काठमाडौंमा शनिबार बसेको बागमती प्रदेश दलको बैठकले शालिकराम जम्कट्टेललाई दलको नेतामा चयन गरेको छ। तर, दलको बैठकमा सहमतिको प्रयास भइरहेका वेला जबर्जस्ती ढंगबाट जम्कट्टेलको नाम प्रस्ताव गरिएको भन्दै दलको नेताका आकांक्षी एवं बागमती प्रदेशका अध्यक्ष सरल सहयात्री पौडेलले बैठक नै बहिष्कार गरेका छन्।

बागमती प्रदेश सांसद कुमारी मोक्तानले माओवादीको बागमती प्रदेशको दलको नेतामा जम्मकट्टेल सर्वसम्मत चयन भएको दाबी गरिन्। उनले बैठकबाट सर्वसम्मत रूपमै जम्कट्टेल दलको नेतामा चयन भएको बताइन्। 'बैठकबाटै दलको नेतामा जम्कट्टेलको नाममा सहमति भएको हो। सर्वसम्मत नै भएको हो। कुनै पनि विवाद छैन,' मोक्तानले भनिन्।

बैठकमा दलको नेताको रूपमा जम्कट्टेलको नाम प्रस्ताव भएपछि प्रदेश दलको नेताका आकांक्षी पौडेल असहमति जनाउँदै बाहिरिएका थिए। उनले दलको नेता चयन सर्वसम्मतिबाट हुन नसके चुनाव गर्नुपर्ने प्रस्ताव गरेका थिए। तर, दलको नेता सर्वसम्मतिबाटै टुंगो लगाउने जिम्मेवारी पाएका बागमती इन्चार्ज हितमान शाक्य र नारायण दाहालले जम्कट्टेलको नाममा सहमति गर्न दबाब दिएपछि विवाद भएको एक नेताले बताए।

माओवादी बागमतीका अध्यक्ष पौडेलले दलको नेता चयनको विषयलाई लिएर सामाजिक सञ्जालमा समेत असन्तुष्टि व्यक्त गरेका छन्। उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'गेम जितिने स्वस्थ प्रतिस्पर्धाले हो। छिर्के लगाएर पनि गेम त जितिन्छ, तर मन जितिँदैन। जबसम्म मन जितिँदैन केही पनि जितिँदैन। म हरेकपटक छिर्के लगाएर लडाइए पनि धुलो टकटक्याउँदै कुदिरहेको धावक हुँ।'

■ नयाँ पत्रिका फलोअप

अदानचुली गाउँपालिकाको काम सुर्खेतबाट गरिएको भन्दै अख्तियारमा उजुरी

हुम्लामा **नरजन तामाङ**

हुम्लाको अदानचुली गाउँपालिकाका अध्यक्ष मोहनविक्रम सिंह, निमित्त प्रमुख प्रशासकीय अधिकृत मेघनाथ शाही र लेखापाल दत्तबहादुर थापामाथि 'पालिका अपहरण' गरेको आरोप लागेको छ। आरोप लगाउनेमा गाउँपालिकाका उपाध्यक्ष कर्णबहादुर रोकाया छन्। उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुर्खेत कार्यालयमा अध्यक्ष सिंहको चाहनामा ल्याइएका निमित्त प्रमुख प्रशासकीय अधिकृत शाही र लेखापाल थापाले पालिका अपहरण गरी सुर्खेतबाट सञ्चालन गरेको भन्दै मुद्दा दायर गरेका हुन्।


अध्यक्ष


मेघनाथ शाही

उपाध्यक्ष रोकायाले गत ११ मंसिरमा पालिका अध्यक्षले अनुचित कार्य गरेको भन्दै उजुरी हालेका हुन्। गत १० असारमा गाउँपालिकाको गाउँसभाले विनियोजन गरेका विभिन्न शीर्षकको बजेट कहाँ, कसरी र कति बाँडफाँड गर्ने भनेर अहिलेसम्म कुनै पनि निर्णय नभएको उनले बताएका छन्। कार्यपालिकामा कुनै निर्णय नगरी, नगराई प्रमुख प्रशासकीय अधिकृत शाही र लेखापाल थापाले सुर्खेतमा बसेर मनोमानी ढंगले चालू खर्चबाट तीन करोड २१ लाख २२ हजार दुई सय ८३ रुपैयाँ र पुँजीगत खर्चबाट ३० लाख ८४ हजार पाँच सय ७४ रुपैयाँ ग्लोबल आइएमई बैंक सुर्खेत शाखाबाटै निकासा गरेको आरोप लगाएका छन्।

'गत १० असारमा गाउँसभाको सर्वसम्मत निर्णय (एजेन्डा) को अवज्ञा गर्दै यस गाउँपालिकाका जननिर्वाचित जनप्रतिनिधि र गाउँ कार्यपालिकाको बेवास्ता गरी अधिकारमाथि पूर्ण हस्तक्षेप गर्दै कैयौँ रकम निकासा गरी व्यक्तिगत प्रयोजनमा खर्च भएको देखिएको छ,' अख्तियारमा हालिएको उजुरीमा भनिएको छ। साथै, व्यक्तिगत प्रयोजनमा खर्च गरी अनुचित कार्य गर्ने शाही र लेखापाल थापा गत भदौ महिनादेखि अहिलेसम्म पालिकामा हाजिर नभएको पनि उजुरीमा उल्लेख छ।

उपाध्यक्ष रोकायले प्रमुख प्रशासकीय अधिकृत र लेखापालले सुर्खेतमै बसेर मिलेमतोमा उतै व्यक्तिगत हाजिर लगाई तलब खाने र सुर्खेतबाट आफ्ना इच्छाएका व्यक्तिलाई करार पदमा नियुक्ति गरी गाउँपालिका कार्यालयमा हाजिरै नगराई तलबसमेत खुवाएको आरोप लगाएका छन्।

अख्तियारको उजुरीमा भने पालिका अध्यक्ष सिंहको नाम उल्लेख छैन। उपाध्यक्ष रोकायाले निमित्त प्रमुख शाही र थापाले 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम' अनुचित कार्य गरेकाले झिकाएर निकासा भएको रकमबारे अनुसन्धान गरी दोषीलाई कारबाही गर्न मागसमेत गरेका छन्। उनले अनुचित ठाउँमा हिनामिना भएको रकम शोधभर्ना तथा असुलउपर गरिदिनसमेत आग्रह गरेका छन्।

पालिका उपाध्यक्ष रोकायले निमित्त प्रमुख प्रशासकीय अधिकृत शाही र लेखापाल थापाले गत साउनदेखि मंसिरसम्म पटक-पटक गरी करोडौँ रकम निकासा गरेको उजुरीमा उल्लेख गरेका छन्। यो विषयमा ५ मंसिरमा मात्रै आफूलाई जानकारी भएको उनले बताए।

देउवा...

पृष्ठ १ बाट क्रमशः

धुम्बाराहीस्थित भाडाको निवासमा नेता-कार्यकर्तासँग भेटघाटमा देउवाले २२ पुसमा केन्द्रीय कार्यसमिति बैठकको तयारीबारे परामर्श गरिरहेका छन्। पछिल्लो राजनीतिक घटनाक्रमलाई लिएर इतर समूहले बैठकमा सभापतिको राजीनामा वा विशेष महाधिवेशनसम्मको माग गर्ने रणनीति बनाएपछि देउवाले निकट नेतालाई प्रतिवादको तयारीमा जुट्न निर्देशन दिएका छन्।

बिहीबार देउवालाई भेटेका निवर्तमान गृहमन्त्री बालकृष्ण खाणका अनुसार देउवा पछिल्लो घटनाक्रम र केन्द्रीय समिति बैठकलगायत विषयमा छलफलमा व्यस्त छन्। खाणका अनुसार उनी गठबन्धन जोगाउन नसकेकोमा सन्तुष्ट भने छैनन्। 'गठबन्धन जोगाउनुपर्थ्यो, सकिएन। विभिन्न कारणले बचाउन सकिएन। अब संविधान र लोकतन्त्रको रक्षाका लागि कांग्रेसले भूमिका खेल्छ,' भेटमा देउवाको भनाइ उद्धृत गर्दै खाणले नयाँ पत्रिकासँग भने।

सभापति देउवा खाण, निवर्तमान सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, उपसभापति पूर्णबहादुर खड्का र प्रवक्ता डा. प्रकाशशरण महतलगायत नेतासँग निरन्तर भेटघाट र छलफलमा छन्। धुम्बाराहीस्थित निवासमा सभापति देउवाले निरन्तर भेटघाट गरिरहेको कार्की बताउँछन्। 'नयाँ निवासमा निरन्तर भेटघाट भइरहेको छ,' उनले भने, 'भेटमा समसामयिक विषयमा छलफल हुने गरेको छ।'

आफू पहिलो कार्यकालमा प्रधानमन्त्री बन्ने देउवाको अडानपछि माओवादी अध्यक्ष प्रचण्ड अन्तिममा एमालेसँग सहकार्य गरेर प्रधानमन्त्री बनेका थिए। १० पुसमा प्रचण्ड संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री नियुक्त भएका थिए भने अर्को दिन शपथ भएको थियो। प्रधानमन्त्रीको शपथ सकिएलगत्तै देउवा पूरा कार्यक्रम नबसी निस्किएका थिए। शपथमा पनि उनको हाउभाउ असहज देखिन्थ्यो।

बुढानीलकण्ठस्थित निजी निवास मर्मत भइरहेकाले देउवाले प्रचण्ड प्रधानमन्त्री भएको तीन दिनपछि मात्रै सरकारी निवास छाडेका थिए। गत बुधबार उनी धुम्बाराहीस्थित भाडाको घरमा सरेका थिए। बुधबार बिहान १० बजे बालुवाटार छाडेका देउवा त्यसयता कुनै पनि कार्यक्रमका लागि बाहिरिएका छैनन्। 'भेटघाटमै व्यस्त हुनुहुन्छ। प्रधानमन्त्रीको शपथग्रहणमा सहभागी भएयता कुनै पनि कार्यक्रममा सहभागी हुनुभएको छैन,' स्वकीय सचिव भानु देउवाले भने।

शनिबार ४७औँ मेलमिलाप दिवसका अवसरमा पनि उनी कुनै कार्यक्रममा सहभागी बनेनन्। औपचारिक रूपमा शुभकामना समेत दिएनन्। विगतमा सभापतिले शुभकामना वक्तव्य जारी गर्दै आएकोमा शनिबार महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले वक्तव्य जारी गरे। कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार मेलमिलाप दिवसका अवसरमा ७७वटै जिल्लामा कांग्रेसले कार्यक्रम गरेको थियो। उनले सभापति कार्यक्रममा सहभागी भएको जानकारी आफूलाई नरहेको बताए। 'सभापतिज्यू धेरै नै व्यस्त हुनुहुन्थ्यो। कुन कार्यक्रममा पुगेर सम्बोधन गरे-नगरेको मलाई हेक्का रहेन,' उनले नयाँ पत्रिकासँग भने।

कांग्रेस नेताहरूका अनुसार सभापति देउवा २२ पुसको केन्द्रीय कार्यसमिति बैठकअघि औपचारिक कार्यक्रममा सहभागी नहुने मनस्थितिमा छन्। बुधबार र बिहीबार भेट गरेका नेविसंघ अध्यक्ष दुजाङ शेर्पाका अनुसार देउवा घरमै भेटघाटमा जुटेका छन्।

सम्भव भएसम्म केन्द्रीय समिति बैठकअघि नेविसंघको कार्यसमितिलाई पूर्णता दिन देउवाले निर्देशन दिएको शेर्पाले बताए। 'मैले बुधबार र बिहीबार सभापतिसँग भेटेको थिएँ। भेटका लागि अरू नेताहरू पनि निवासमा आउजाउ गरिरहनुभएको छ,' उनले भने।

शुक्रबार पूर्वमहामन्त्री सुनील थापा, पूर्वउपसभामुख पुष्पा भुसाल र नेता किरण गिरीलगायतले देउवासँग भेट गरेका थिए। पूर्वमहामन्त्री थापाले भेटमा पछिल्लो राजनीतिक घटनाक्रमबारे छलफल भएको बताए। उनका अनुसार देउवा केही दिन आराम गर्ने मनस्थितिमा छन्। 'सभापतिले निवासमै नेता-कार्यकर्तासँग भेटघाट गरिरहनुभएको छ। उहाँ अहिले रेस्टकै मुडमा हुनुहुन्छ,' थापाले नयाँ पत्रिकासँग भने।

पाँचदलीय गठबन्धन भत्कने र तुरुन्तै नयाँ गठबन्धन बनेर प्रचण्ड प्रधानमन्त्री बन्ने देउवाका लागि अनपेक्षित थियो। अचानक भएको घटनाक्रमका कारण देउवाले न बिदाइ सम्बोधन गर्न पाए, न त मन्त्रिपरिषद्को अन्तिम बैठक आह्वान गरे। तनावमा देखिएका देउवा आफ्नो सरकारको कामबारे केही नभनी बालुवाटारबाट निस्किए।

तीनै तहको निर्वाचन सकेका देउवाले सहज रूपमा सत्ता हस्तान्तरण गर्न पाएनन्। तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु देउवालाई आफ्नो नेतृत्वको १७ महिनामा सरकारको सफलताका रूपमा जस लिने विषय थियो। यसबाहेक कोरोना नियन्त्रण, एमसिसी पारितलगायत विषयलाई उनले सरकारको उपलब्धिका रूपमा राष्ट्रका नाममा सम्बोधन गरेर जस लिन सक्थे। विगतमा बिदाइ क्याबिनेट बैठक र राष्ट्रका नाममा सम्बोधन गरेर उपलब्धि सार्वजनिक गर्ने प्रचलन थियो। तर, देउवाले यसतर्फ कुनै चासो दिएनन्।

देउवा क्याबिनेटमा रहेका निवर्तमान गृहमन्त्री खाण समय पर्याप्त नहुँदा यी विषय हुन नसकेको बताउँछन्। 'सरकारको दाबीलगत्तै नयाँ प्रधानमन्त्री नियुक्त हुनुभयो, लगत्तै शपथ पनि भयो। सरकारका उपलब्धि भन्ने पर्याप्त समय भएन र समय पनि अनुकूल थिएन,' खाणले भने।

देउवा सरकारका अर्का एक मन्त्री भने सत्तासमीकरणमा आएको फेरबदल र सत्ताबाट कांग्रेस बाहिरिने अवस्थाका कारण देउवाको 'मुड अफ' हुँदा यी विषयमा चुकेको बताउँछन्। 'सार्वजनिक सम्बोधनमार्फत उपलब्धि जनस्तरमा अवगत गराउने अवसर थियो, तर सरकार निर्माणमा नाटकीय परिवर्तनका कारण कांग्रेस सत्ताबाट प्रतिपक्षमा रहने अवस्थाले उहाँले यी विषयमा ध्यान दिने जाँगरै गर्नुभएन,' ती मन्त्रीले नयाँ पत्रिकासँग भने।

तत्कालीन सरकारका प्रवक्तासमेत रहेका कार्कीले अन्तिम अवस्थामा सकारका उपलब्धि सार्वजनिक नभए पनि यो इतिहासमा दर्ज हुने र जनताले मूल्यांकन गर्ने दाबी गरे। 'जुन परिस्थितिमा सरकार बन्यो त्यसपछि हामीले ट्र्याकबाहिर गएको संविधानलाई ट्र्याकमा ल्याउन सक्यौँ। लोकतन्त्रमा प्राप्त उपलब्धि गुम्ने अवस्थामा थिए, त्यसलाई जोगाउन सक्यौँ,' उनले भने, 'कोरोना देउवा सरकारकै प्राथमिकताका कारण नियन्त्रणमा आयो। तीनै तहको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो। सन्तुलित विदेश नीति अपनायौँ। सबै मित्रराष्ट्रसँग सुमधुर र सन्तुलित सम्बन्ध कायम राख्न सफल भयौँ। डामाडोल अवस्थामा रहेको अर्थतन्त्रमा सुधार गर्‍यौँ। यसबाहेक धेरै काम हामीले गर्न सक्यौँ। देउवा सरकारको १७ महिने कार्यकाललाई जनता र इतिहासले मूल्यांकन गर्नेछ।'

बिरामी अहिले...

पृष्ठ १ बाट क्रमशः

भने, 'शल्यक्रियाको पालो आउँदासम्म जटिल समस्या देखिने हो कि भनेर चिकित्सकले दिएको औषधिसँगै फाइदा गर्छ भन्ने सुनेको भरमा गहतको दाल र आयुर्वेदिक औषधि पनि खाइरहेको छु।' तर, बबिनको मिर्गौलामा पत्थरीको समस्या बारम्बार देखिइरहेकाले स्टोन एनालाइसिस नगरी शल्यक्रिया गरेरसमेत पूर्णतया निको हुने सम्भावना नभएको चिकित्सक बताउँछन्। यसअघि पनि ०५८ र गत वर्ष गरी दुईपटकसम्म उनले शल्यक्रियाबाट पत्थरीको उपचार गरिसकेका छन्। 'केही महिनादेखि स्वास्थ्य समस्या देखिन थालेपछि फलोअपमा अस्पताल गएको थिएँ, फेरि शल्यक्रिया गर्नुपर्ने देखियो,' बबिनले भने, 'अब पटक-पटक निजीमा लाखौँ पैसा खर्च गर्न सकिँदैन। त्यही भएर वीरमै पालो कुरिरहेको छु।'

बिरामीको अत्यधिक भिडभाड हुने वीरमा शल्यक्रियाकै लागि वर्ष दिनसम्म पालो कुर्नुपर्ने यी प्रतिनिधि घटना मात्रै हुन्। देशका अन्य अस्पतालबाट समेत रेफर भएर वीरमा शल्यक्रियाका लागि आउने गर्छन्। युरोलोजी विभाग (मिर्गौला, पिसाबसम्बन्धी समस्या, एड्रेनल ग्रन्थी, पुरुष प्रजनन अंग आदिको उपचार) मा मात्रै ०८० कात्तिकसम्मका लागि शल्यक्रियाको मिति दिइएको छ। युरोलोजी विभागको तथ्यांकअनुसार साताको तीन दिन मात्रै सञ्चालनमा आउने विभागको ओपिडीमा पाँचदेखि ६ सयसम्म बिरामी उपचारका लागि पुग्छन्। तर, सातामा ४५ देखि ६० बिरामीको मात्रै शल्यक्रिया हुने गरेकाले बाँकीले पालो कुर्नुपर्ने हुन्छ। पुसदेखि आगामी कात्तिकसम्म दुई सय १७ जनाले शल्यक्रियाका लागि पालो लिएको अस्पतालको तथ्यांक छ।

ओपिडीको भिड नै थेगिनसक्नु भएकाले शल्यक्रियाका लागि पालोमा राख्नुको विकल्प नभएको चिकित्सक बताउँछन्। 'निजी अस्पतालमा शल्यक्रिया गर्दा वीरको भन्दा १०-१५ गुणा बढी खर्च हुन्छ। त्यसैले यहाँको स्रोत-साधन र जनशक्तिभन्दा झन्डै १० गुणा बढी बिरामी शल्यक्रियाका लागि आउँछन्। ओपिडीमै भिड हुने र इमर्जेन्सी केसलाई प्राथमिकतामा राख्दा पालो स्वतः लम्बिन्छ,' युरोलोजी विभाग प्रमुख डा. रविन बस्नेतले भने, 'ज्यान नै जोखिममा रहेको अवस्थाका, क्यान्सरका बिरामी, किड्नीमा संक्रमण वा किड्नी फेल हुने अवस्थाका जटिल केसको लगत्तै वा एक-दुई हप्तामा शल्यक्रिया गरिन्छ।'

वीरमा मात्रै होइन, त्रिवि शिक्षण अस्पताल (टिचिङ) महाराजगन्जमा पनि शल्यक्रियाका लागि पालो कुर्नेको लाइन छ। टिचिङको युरोलोजी विभागमा मात्रै शल्यक्रिया गर्नुपर्ने बिरामी दैनिक ४० जनासम्म पुग्ने गरेको तथ्यांक छ। तर, अस्पतालले दैनिक १० देखि १२ वटा मात्रै शल्यक्रिया गर्दै आएको छ। अन्य बिरामी आठ महिनादेखि एक वर्षसम्मको मिति लिएर पालो कुरिरहेका छन्।

अस्पतालका प्रवक्ता रामविक्रम अधिकारीका अनुसार हाल दुई अप्रेसन थिएटरमा दैनिक २० वटा शल्यक्रिया गर्ने क्षमता छ, जसमध्ये तुरुन्तै गर्नुपर्ने शल्यक्रियाका लागि आठदेखि १० केस इमर्जेन्सीका लागि छुट्याइएको छ। टिचिङका युरोलोजी विभाग प्रमुख डा. पवनराज चालिसे इमर्जेन्सीबाहेकका शल्यक्रियाका लागि लगत्तै पालो पाउने सुविधा नेपालमा मात्रै नभई विश्वभर नै नभएको बताउँछन्। उनका अनुसार सरकारी अस्पतालमा इमर्जेन्सीबाहेकका केसमा शल्यक्रियाका लागि स्वास्थ्य सेवाअनुसार पालो कुर्नु स्वाभाविक हो। 'शल्यक्रिया केही समय सार्दा स्वास्थ्यमा जटिल समस्या नहुने बिरामीलाई केही पछाडि पालोमा राख्नु स्वाभाविक हो। सबै शल्यक्रिया समयमै गर्नका लागि स्वास्थ्य प्रणाली नै प्राइभेट सिस्टममा जानुपर्छ,' चालिसेले भने।

रोग र स्वास्थ्य अवस्थाअनुसार तुरुन्तै गर्नुपर्ने, २४ घन्टाभित्र गर्नुपर्ने, केही दिन कुर्न सकिने वा ६ महिनादेखि एक वर्षसम्म कुर्न सकिने खालका हुने भएकाले इमर्जेन्सीबाहेकका केसलाई फलोअपमा छाड्न सकिने उनले बताए। 'बिरामीको स्वास्थ्य जाँचपछि चिकित्सकको सल्लाहमा शल्यक्रियाको मिति तोकिएको हुन्छ। बिरामीको भिड थेग्न नसकिने सरकारी अस्पतालमा शल्यक्रियाको पालो कुर्नेको संख्या बढी हुनु सामान्य हो,' उनले भने।

यस्तै, बानेश्वरको निजामती कर्मचारी अस्पतालमा पनि मिर्गौला र पिसाबसम्बन्धी समस्याको शल्यक्रियाका लागि आगामी २३ असोज ०८० सम्मका लागि पालो दिइएको छ। सातामा जटिल खालका पाँच र सामान्य पाँचवटासम्म शल्यक्रिया गर्दै आएको अस्पतालमा १५ पुसदेखि आगामी नौ महिनासम्मका लागि एक सय ९६ जना जटिल शल्यक्रियाका लागि पालोमा छन्। सामान्य शल्यक्रिया भने पालो मिलाएर गरिने युरोलोजी विभाग प्रमुख डा. बिपेन्द्र डिके राईले बताए। 'युरोलोजीको सर्जरीका लागि अहिले सातामा दुई दिन मात्रै पालो आउँछ। अप्रेसन थिएटरमा अन्य शल्यक्रिया पनि गरिने भएकाले जुनसुकै समयमा शल्यक्रिया गर्न मिल्दैन। तर, डेट लिएर शल्यक्रियाका लागि नआएका बिरामीको ठाउँमा पालो कुरेका बिरामीको शल्यक्रिया गरिरहेका छौँ। सीमित जनशक्ति र उपकरणले नभ्याउने बिरामीको चापका कारण लामो लाइन देखिएको हो,' उनले भने।

तर, अत्यधिक दुखाइ नहुँदासम्म स्वास्थ्य परीक्षणका लागि अस्पताल नजाने प्रवृत्तिका कारण धेरै समस्या देखिने गरेको बताउँछन् डा. राई। 'समय-समयमा फलोअपमा रहन सुझाव दिएका बिरामीसमेत समयमा अस्पताल आउँदैनन्, जसले गर्दा स्वास्थ्य जटिलता बढ्ने जोखिम रहन्छ,' उनले भने।

सरकारीमा पालो कुर्दाकुर्दै स्वास्थ्य जटिल बन्न थालेपछि महँगो शुल्क तिरेर निजी अस्पताल जान बाध्य छन् बिरामी

परीक्षणपछि केही समय औषधि प्रयोग गरेर शल्यक्रियाको मिति सार्न सकिने केसलाई पालोमा राख्ने बताइए पनि बीचमै स्वास्थ्य जटिलता देखिएपछि अधिकांश बिरामी महँगो शुल्क तिरेर निजी अस्पताल धाउन बाध्य छन्।

गत वैशाखमा मिर्गौलामा जटिल समस्या देखिएपछि कञ्चनपुर बेलौरी नगरपालिकाकी २४ वर्षीया भूमि नेपालीलाई धनगढीबाट काठमाडौं रेफर गरियो। मिर्गौलामा पत्थरी देखिएको र एउटा मिर्गौला सानो भएकाले शल्यक्रियाका लागि काठमाडौं पठाइएको थियो। वीर अस्पतालमा परीक्षणपछि औषधिको माध्यमबाट निको हुने र थप समस्या देखिएमा फलोअपमा रहने भन्दै फर्काइएको थियो। तर, मंसिरमा हातगोडा सुन्निने र पेटको दुखाइ बढेपछि उनी अस्पताल भर्ना भइन्। परीक्षणका क्रममा मिर्गौलामा संक्रमण फैलिएको देखियो। तत्काल शल्यक्रिया गर्नुपर्ने भयो, तर सरकारी अस्पतालमा पालो पाइनन्। त्यसपछि ललितपुरस्थित सुमेरु अस्पतालमा लगेर अप्रेसन गरिएको छ।

'वीरमा नियमित फलोअपमा रहे पनि शल्यक्रियाको पालो कुर्दा झन्डै दुईवटै मिर्गौला फेल भएन। पहिले नै एउटा मिर्गौला सानो भएको र पत्थरीका कारण समस्या देखिन सक्ने बताए पनि मिर्गौला नै झिक्नुपर्ने अवस्थाबारे जानकारी नै भएन। वीरमा पालो कुर्दा एउटा मिर्गौला झिक्नुपर्ने अवस्था आयो,' सुमेरुमा उपचाररत भूमिले भनिन्।

उनका अनुसार शल्यक्रिया र त्यसपछिको उपचारमा अहिलेसम्म दुई लाख सकिएको छ। वीरमा सस्तोमा उपचार हुने आसमा पालो कुरे पनि मिर्गौला नै फेल हुने अवस्था आएपछि ऋण काढेर निजीमा उपचार गराउनुपरेको उनको गुनासो छ।

भूमिजस्ता मारमा परेका बिरामी धेरै छन्। शल्यक्रियाका लागि काठमाडौंकेन्द्रित अस्पताल हुनु र सीमित अस्पतालले मात्रै सेवा दिनुले बिरामी मारमा परेको बताउँछन् चिकित्सक। खासगरी युरोलोजीअन्तर्गतका जटिल प्रकारमा शल्यक्रियाका लागि विशेषज्ञ चिकित्सकको समेत अभाव भएकाले वीर र टिचिङजस्ता अस्पतालमा अत्यधिक भिड हुने गरेको छ। हाल वीरमा कार्यरत युरो सर्जरीको टिमले परोपकार प्रसूतिगृह र नेपाल प्रहरी अस्पतालमा समेत सेवा दिँदै आएकाले पालो पाउनै मुस्किल छ।

वीरका युरोलोजी विभागका प्रमुख डा. बस्नेत भन्छन्, 'युरोलोजीमा पुग्ने झन्डै ७० प्रतिशत केस काठमाडौंबाहिरका छन्। उपत्यकाबाहिर शल्यक्रियाको सुविधा उपलब्ध नहुँदा वीरमा भार थोपरिएको हो। वीरमा जत्तिकै सस्तो र उपचारको सेवा प्रदेश अस्पतालहरूमा पनि दिन सकिए काठमाडौंमै धाउनुपर्ने अवस्था आउँदैन। बिरामीले समयमै उपचार पाउँछन्।

तर, शल्यक्रियाका लागि पालो कुर्नुपर्ने समस्या नेपालको मात्रै नभई विश्वभर नै व्याप्त रहेको चिकित्सक बताउँछन्। जटिल स्वास्थ्य समस्यापछि मात्रै अस्पताल पुग्ने भएकाले अस्पतालमा उपचारका लागि पालो नपाउँदा आमनागरिक सास्ती खेपिरहेका छन्। यस्तै, युरोलोजीमा मात्रै नभई स्त्रीरोग, आँखा, नाक, कान, घाँटी, जनरल सर्जरीलगायतमा पनि शल्यक्रियाका लागि महिनौँ पालो कुनुपर्ने अवस्था छ।

देउवालाई...

पृष्ठ १ बाट क्रमशः

संयमतापूर्वक समग्र घटनाक्रम र त्यसबाट उत्पन्न परिस्थितिको इमानदार समीक्षा गर्ने। दोस्रो, यसबीचमा हाम्रो असावधानी, कमजोरी र गल्ती जो भएको छ, त्यसलाई कुनै ढाकछोप नगरी स्विकार्दै खुला र पारदर्शी छलफलमार्फत कारण र कारकको प्रस्ट पहिचान गरेर अबको मार्गचित्र तय गर्ने,' वक्तव्यमा छ, 'कांग्रेसले गम्भीर आत्मसमीक्षा र आत्ममूल्यांकन गर्दै सुविचारित ढंगबाट अबको बाटो तय गर्नेछ। आत्मसमीक्षा गरेर मात्रै पुग्दैन, त्यसलाई सच्याउँदै आफू बदलिने र देशको मुहार बदल्ने सपना र संकल्प पनि देखाउन सक्नुपर्छ। जनताको मतबाट हामी पहिलो दलका रूपमा विजयी भएकै हौँ। तर, गठबन्धनको सरकार बनाउन पर्याप्त गृहकार्य र सावधानी पुर्‍याउन नसक्दा केवल सत्ताको राजनीतिमा योपटक पछि परेका मात्रै हौँ, हामी उच्च नैतिक बलका साथ दाबी गर्न सक्छौँ कि निर्वाचनका वेला एउटा गठबन्धन र एउटा बाचाबन्धन गरेर जाने, तर निर्वाचनपछि अर्कै बाटो हिँड्ने बेइमानी कम्तीमा हामीबाट भएन।' वक्तव्यमा कांग्रेसमा देखिएको अलमलको परिस्थितिलाई शक्तिमा बदलेर पार्टीलाई पुनर्जागृत गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। महामन्त्रीद्वयले बिपीको मर्मलाई आत्मसात् गर्दै एकताबद्ध भएर चुनौतीको सामना गर्नुपर्ने आवश्यकता औँल्याएका छन्। ०३३ मा 'राष्ट्रिय एकता तथा मेलमिलाप'को नीति लिएर बिपी कोइराला निर्वासनबाट स्वदेश फर्किएको दिनको सम्झनामा कांग्रेसले मेलमिलाप दिवसका रूपमा मनाउँदै आएको छ।

मापदण्डविपरीत...

पृष्ठ १ बाट क्रमशः

थियो। तर, महानगरभित्र यीबाहेक पनि दर्जनौँ संरचना मापदण्ड र नक्सापासविपरीत ठडिएका छन्, जसलाई कारबाही गर्नबाट महानगर रोकिएको छ। महानगरभित्र रहेका सरकारी कार्यालयहरूले नै भवन बनाउँदा नक्सापास गरेका छैनन्। काठमाडौं महानगरका अनुसार सिंहदरबारभित्रै वैद्यखानाबाहेक अन्य भवनको नक्सापास छैन। ती भवनमा प्रधानमन्त्रीको कार्यालयदेखि गृह मन्त्रालयसम्म छन्। महानगरको सहरी विकास विभागका निर्देशक सुरज शाक्यले सिंहदरबारका अधिकांश भवनको नक्सापास रेकर्ड महानगरसँग नभएको बताए। 'केही सरकारी भवनको नक्सापास हामीसँग छ, तर धेरैको छैन,' उनले भने, 'मलाई जानकारी भएअनुसार सिंहदरबारभित्र वैद्यखाना र हाल बन्दै गरेको संसद् भवनको मात्रै नक्सापास छ, अरूको छैन। ती भवन नक्सापासको मापदण्डमा नरहेकाले महानगरमा रेकर्ड नभएको हो।' उनले नक्सापास नभएका भवनहरूलाई नक्सापासमा आउन आह्वान गरे पनि नआएको बताए।

भवन निर्माण मापदण्डअनुसार नक्सापास निजी र सरकारी दुवै भवनका लागि अनिवार्य हो। तर, सरकारी भएको र आफ्नै निकायले आफैँलाई कारबाही गर्दैन भनेर संघीय राजधानी काठमाडौंमा बनेका अधिकांश सरकारी भवनको नक्सापास छैन। यसबाहेक काठमाडौं महानगरभित्र नक्सापास भएका भवनमध्ये पनि करिब ८० प्रतिशतले भवन मापदण्ड उल्लंघन गरेका छन्।

'नक्सापास र भवन मापदण्ड निजी तथा सरकारी दुवैलाई एउटै हो, तर सरकारी भवन बनाउँदा नक्सापासमा खेलाँची भएको छ,' महानगरका सहप्रवक्ता महेश काफ्ले भन्छन्, 'सरकारको नाममा रहेको भवन र जग्गा सरकार आफैँले भत्काउँदैन वा केही हुँदैन भन्ने मान्यताले सरकारी भवनले नक्सापास गर्दैनन्।'

सहरी विकास मन्त्रालयका प्रवक्ता प्रदीप परियारले पहिलेको ऐन-कानुनले नै सरकारी भवनलाई नक्सापासका लागि अनिवार्य नगरेको बताए। त्यस्ता भवनको नक्सापास गराउन आह्वान गरिरहेको उनको दाबी छ। 'राज्यका ठुल्ठूला भवन र कार्यालयले भवन निर्माण मापदण्ड पालना गर्नुपर्छ,' उनले भने, 'मापदण्ड सबैका लागि हो।'

सरकारी तथा अर्धसरकारी भवनको नक्सापास गर्न ताकेता नै भएन

काठमाडौं महानगरपालिकाले महानगरभित्र रहेका सबै सरकारी र अर्धसरकारी भवनको नक्सापास भए-नभएकोबारे यकिन गर्ने भने पनि त्यसलाई कडिकडाउ गरेको छैन। महानगरको सहरी विकास विभागले भदौ अन्तिम साता महानगरभित्र नक्सापास नभएका भवनलाई सूचनामार्फत नक्सापास दर्ता वा नियमित गर्न आह्वान गरेको थियो। तर, त्यसपछि ताकेता भने गरेको छैन। जसका कारण नक्सापास नभएका सरकारी र अर्धसरकारी भवनहरू नक्सापास नियमित गर्न आएका छैनन्।

'हामीले नक्सापास भए-नभएका भवन छुट्याएर उनीहरूको नक्सापास नियमित गर्ने भनेका थियौँ,' विभाग प्रमुख शाक्यले भने, 'उहाँहरू नक्सापास नियमित गर्न आउनुभएको छैन, अब उहाँहरूलाई नक्सापासको समय तोकिदिन्छौँ।'

महान्यायाधिवक्ताको कार्यालय, निर्माणाधीन संसद् भवन, नेपाल प्रहरी हेडक्वार्टर, टेकुस्थित निर्माणाधीन प्रहरी परिसर भवन, वैद्यखाना, खानी तथा भूगर्भ विभागको एउटा भवन, त्रिपुरेश्वरस्थित राहदानी विभाग, कन्सुलर विभाग, आर्मी अफसर क्लब, महाराजगन्जस्थित प्रहरी कार्यालय, नापी र मालपोत कार्यालयलगायतको मात्रै नक्सापास छ। अन्य सरकारी कार्यालयको नक्सापासको रेकर्ड महानगरसँग छैन।

'सरकारी भवन हुन् भन्ने सोचले अधिकांशले नक्सापास नै गरेका छैनन्,' महानगरका सूचना अधिकारी वसन्त आचार्यले भने, 'व्यक्तिगत भवनका चाहिँ नक्सापास छन्। सिंहदरबारभित्र रहेका लगभग सबै भवनको नक्सापास छैन। अब उनीहरूलाई नक्सापासको दायरामा ल्याउनुपर्छ।'

०६०/७० मा बनेका सरकारी भवन नक्सापासविपरीत

काठमाडौं महानगरपालिकाले ०७० यताका नक्सापास भएका भवनहरूको विवरण अनलाइन सिस्टममा राखेको छ। ०६० भन्दा अघि बनेका एक लाख ३८ हजार भवनको नक्सापास रेकर्ड पनि महानगरको वातावरण विभागस्थित टेकुको सर्भरमा राखिएको छ। त्यसमा निजी र सरकारी दुवैको रेकर्ड छ। महानगरका अनुसार पछिल्लो समय बनेका धेरैजसो भवनको नक्सापास भए पनि ०६०-०७० को बीचमा बनेका धेरै भवनको नक्सापास छैन। उक्त विवरण महानगरले पनि ढड्डामा राखेको छ। त्यसलाई अनलाइन सिस्टममा नराखिएकाले एक-एक गरी हेर्नुपर्ने विभागका निर्देशक शाक्यले बताए।

०५० भन्दा अघि नक्सापास गर्ने निकाय तत्कालीन नगर विकास समिति हालको (उपत्यका विकास प्राधिकरण) थियो। सो समितिले नै त्यतिवेला सरकारी भवनलाई नक्सापास गरेको थिएन। तर, ०५०-०५५ पछि भने प्राधिकरणले नक्सापास नियम लागू गराउन खोजे पनि पूर्ण कार्यान्वयन नभएको प्राधिकरणका पूर्वआयुक्त भाइकाजी तिवारीको भनाइ छ। त्यतिवेला पनि नक्सापास अनिवार्य भने थिएन। उनका अनुसार नगर विकास समितिभित्र पनि सिंहदरबार पुनर्निर्माण आयोजना भनेर छुट्टै कार्यालय थियो। जसले सिंहदरबारभित्र रहेका भवन संरचनाको पुनर्निर्माण र निगरानी गर्थ्यो। ०६७ मा आयोजना खारेज भएपछि उपत्यका विकास प्राधिकरणले भवन निर्माण र सहरी विकाससम्बन्धी अधिकार पायो।

०५५ मा भवन ऐन बनेपछि मात्रै थालिएको थियो सरकारी भवनको नक्सापास

०५५ मा भवन ऐन बन्यो। त्यसभन्दा अघि सरकारी कार्यालयहरूले नक्सापास गर्नुपर्ने ऐनमा व्यवस्था थिएन। तर, ०५५ को भवन ऐनले सबै सरकारी कार्यालयको नक्सापास अनिवार्य गरेको उपत्यका विकास प्राधिकरणका पूर्वआयुक्त तिवारीको भनाइ छ। '०५५ को ऐनले सरकारी भवनको नक्सापास अनिवार्य गरे पनि सरकारी भवन दर्ता वा मापदण्डमा ल्याउन दस्तुर नआउने भएपछि नगरपालिकाहरूले चासो दिएनन्,' उनले भने, 'उनीहरूलाई नक्सापास गर्नुपर्छ भनेर भनेनन्। त्यसैले हालसम्म पनि सिंहदरबारभित्र रहेका धेरैजसो भवनको नक्सापास हुन सकेको छैन।'

०५५ र त्यसपछिको भवन निर्माण ऐन-नियमले जुनसुकै सरकारी भवनको नक्सापास गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेका छन्। तर, उक्त ऐन सरकारी भवन निर्माणमा कार्यान्वयन भएको पाइँदैन। काठमाडौं महानगरपालिकाले महानगरभित्र रहेका भवनको नक्सापास अनिवार्य गर्न सकेको छैन।

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. १९९३/११/१५
स्वर्गारोहण: वि.सं. २०७८/९/२८

स्व. कमलेश्वरी श्रेष्ठ

हाम्रो आमा **कमलेश्वरी श्रेष्ठ** स्वर्गारोहणको बार्षिक पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै, साथै हामीलाई समवेदना एवं सहानुभूति प्रकट गर्नु हुने आफन्त, इष्टमित्र सबै शुभचिन्तकहरुमा आभार प्रकट गर्दछौँ।

छोरा/बुहारी
देबेन्द्र बहादुर श्रेष्ठ/पेरीना
कबिन्द्र बहादुर श्रेष्ठ

छोरी/ज्वाइँ
मीनु श्रेष्ठ/प्रमु राम श्रेष्ठ

तथा
समस्त श्रेष्ठ परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०२७/९/३
स्वर्गारोहण: वि.सं. २०७९/९/५

स्व. राजासुदन प्रधान

यस संस्थाका संचालक समिति सदस्य श्री राजासुदन प्रधानको ५२ बर्षको अल्पआयुमा असामयिक स्वर्गारोहन भएको आज १३ औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै दुखको यस घडिमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

त्रिपुरा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
कुलेश्वर, काठमाडौं

आइतबार १७ पुस ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/७३०

सन् २०२२ मा अन्तर्राष्ट्रिय खेलकुद

श्रीलोचन राजोपाध्याय

खेलकुदमा मिठा-नमिठा यादहरू छाड्दै वर्ष २०२२ हामीबाट बिदा भएको छ। दोस्रोपटक एसियाली भूमिमा विश्वकप आयोजना हुँदा अर्जेन्टिनाले ३६ वर्षपछि ट्रफी चुम्न सफल भयो। विश्वकपको चर्चा सेलाउन नपाउँदै विश्व फुटबलकै 'कालो मोती' उपनाम दिइएका पेलेको निधन भयो। टेनिसमा इतिहास रचेका दुई खेलाडी रोजर फेडेरर र सेरेना विलियम्सले सन्न्यास लिए। इंग्ल्यान्डले टी-२० विश्वकप क्रिकेट जित्यो। २०२२ को अन्तर्राष्ट्रिय खेलकुद यस्तो रह्यो :

अर्जेन्टिना तेस्रोपटक विश्वकप विजेता

फुटबलकै बृहत् प्रतियोगिता फिफा विश्वकप गत वर्ष नै भयो। मध्यपूर्वी एसिया कतारमा पहिलोपटक आयोजना भएको विश्वकपमा सहभागी ३१ राष्ट्रलाई पाखा लगाउँदै अर्जेन्टिनाले ३६ वर्षपछि उपाधि उचाल्यो। ९२ वर्षको विश्वकप इतिहासकै सनसनी र नाटकीय मानिएको फाइनलमा अर्जेन्टिनाले साबिक विजेता फ्रान्सलाई टाइब्रेकरमा ४-२ ले हरायो। अर्जेन्टिनाले विश्वकप जितेको यो तेस्रोपटक हो।

फाइनलमा अर्जेन्टिनासँग पराजित भएपछि 'ब्याक टु ब्याक' उपाधि जित्नबाट २०१८ को विजेता फ्रान्स वञ्चित भयो। विश्वकपमा ब्राजिल र इटालीले मात्र 'ब्याक टु ब्याक' उपाधि जितेको रेकर्ड छ। वर्तमान समयकै उत्कृष्ट खेलाडी मेसीको कलात्मक खेल र गोलरक्षक मार्टिनेजको उत्कृष्ट प्रदर्शनका कारण फ्रान्स यसपटक उपविजेतामै सीमित भयो। तर, फ्रान्सका युवा स्ट्राइकर केलियन एम्बाप्पेले आफ्नो नाममा रेकर्ड राख्न सफल भए। सन् १९६६ पछि विश्वकपको फाइनलमा ह्याट्रिक गर्ने एम्बाप्पे दोस्रो खेलाडी बने।

फाइनलमा ह्याट्रिक गरेर पनि उपाधि जित्न नसक्ने खेलाडी पनि एम्बाप्पे बनेका छन्। विश्वकपमा एम्बाप्पेले सर्वाधिक आठ गोल गर्दै गोल्डेन बुट हात पारे। एम्बाप्पेलाई पछ्याएका मेसीले सात गोल गरे, जसमा चारपटक पेनाल्टीमा गोल गरेका थिए। विश्वकपमा सर्वाधिक असिस्ट गर्ने कीर्तिमान मेसीले नै आफ्नो नाममा राखे। त्यसैगरी, क्रिस्टियानो रोनाल्डोले लगातार पाँच संस्करणमा गोल गर्ने कीर्तिमान आफ्नो नाममा राखे। यसपटकको विश्वकपमा अप्रत्याशित नतिजा धेरै निस्किए। विशेष गरी एसियाली तथा अफ्रिकन राष्ट्रले सनसनीपूर्ण नतिजा निकाले। जापानले स्पेन र जर्मनीमाथि २-१ को जित हात पाऱ्यो। साउदी अरेबियाले अर्जेन्टिनालाई २-१ ले स्तब्ध पाऱ्यो। सेनेगलले फ्रान्सलाई १-० ले हरायो।

दक्षिण कोरियाले पोर्चुगललाई २-१ ले पन्छायो। विश्वकपमा पहिलोपटक तीन एसियन राष्ट्रले प्रिक्वार्टरफाइनल स्थान बनाए। मोरक्कोले कतारमा इतिहास रच्दै सेमिफाइनल स्थान पक्का बनायो। अफ्रिकन राष्ट्रबाट सेमिफाइनलमा पुग्ने पहिलो राष्ट्र बन्ने क्रममा मोरक्कोले नकआउट चरणमा क्रमशः स्पेन र पोर्चुगललाई हरायो। जर्मनी लगातार दुईपटक समूह चरणबाटै बाहिरियो। ब्राजिल क्वार्टरफाइनलमा क्रोएसियासँग पराजित भयो। विश्वकप इतिहासमै महँगो आयोजना मानिएको कतारले दुई सय २० बिलियन डलर खर्च गरेको थियो। प्रतियोगितापूर्व आप्रवासीमाथि भएको व्यवहारको ठूलै विरोध भएको थियो। यद्यपि, कतारले ती सबै आलोचना बिर्साउने गरी सफलतापूर्वक विश्वकप आयोजना गऱ्यो।



फेडेरर र सेरेनाको सन्न्यास

टेनिस समर्थकहरूले २०२२ लाई बिर्सन सक्नेछैनन्। गत वर्ष विश्व टेनिसमा तहल्का मच्चाएका दिग्गज खेलाडीहरूले सन्न्यास लिए। पुरुषतर्फ स्विट्जरल्यान्डका रोजर फेडेररले सन्न्यास लिए। उनी २० पटक ग्रान्डस्लाम जित्ने पहिलो खेलाडी हुन्। त्यसैगरी, महिलातर्फ अमेरिकाकी सेरेना विलियम्सले सन्न्यास लिइन्। महिलातर्फ सर्वाधिक २३ ग्रान्डस्लाम जित्ने कीर्तिमान उनकै नाममा छ। यी दुवै खेलाडी उत्कृष्ट फर्ममा रहँदा अन्य खेलाडीले उनीहरूलाई हराउन अति नै मिहिनेत गर्नुपरेको थियो। सेरेनाले वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपन नै करिअरको अन्तिम प्रतियोगिता हुने बताएकी थिइन्।





फेडेररको बिदाइ निकै भावुक बनेको थियो। उनका समकालीन साथीहरू राफेल नाडाल र नोभाक जोकोभिकले फेडेररको अन्तिम प्रतियोगिता लेभर कपमा सहभागिता जनाएका थिए। पछिल्लो १५ वर्षमा टेनिस क्षेत्रमा यी तीनजना खेलाडीले ग्रान्डस्लाम र एटिपी मास्टर्स सिरिजमा कब्जा जमाए। संयोगले आफ्नो करिअरकै नम्बर एक प्रतिद्वन्द्वी नाडाललाई जोडी बनाएर फेडेररले प्रतिस्पर्धा गरेका थिए। २१ वर्षको करिअरमा फेडेररले १५ सयभन्दा बढी एकल खेल खेलेका थिए। फ्रान्सका जो वाइल्डफिल, स्पेनका जुआन मार्टिनडेल र एस्ली वार्टलीले पनि खेल क्षेत्रबाट सन्न्यास लिए। नाडालले कीर्तिमानी रूपमा २२औँ ग्रान्डस्लाम र जोकोभिकले २१औँ पटक ग्रान्डस्लाम गत वर्ष नै जिते।

चर्चित हस्ती गुमाएको वर्ष



सन् २०२२ मा समर्थकहरूले फुटबल र क्रिकेट विश्वकपको मजा लिए। त्यहीं नै उनीहरूले विश्व खेलकुदमा नाम कमाएका व्यक्तित्व पनि गुमाए। विश्व खेलकुदकै आदर्श खेलाडीका रूपमा लिइने ब्राजिलका पेले गत वर्ष नै संसारबाट बिदा भए। कीर्तिमानी रूपमा तीनपटक विश्वकप ब्राजिललाई दिलाएका पेले क्यान्सरबाट पीडित थिए। त्यसैगरी, क्रिकेटमा दुई विश्व च्याम्पियन खेलाडीको निधन भयो। टेस्ट क्रिकेटमा कीर्तिमान बलिङ गरेका सेन वार्न गत मार्चमा एक रिसोर्टमा मृत अवस्थामा भेटिएका थिए। टेस्ट खेलमा उनले सात सय आठ विकेट लिएका थिए। अस्ट्रेलियाका एन्ड्रयु साइमोन्डको कार दुर्घटनामा निधन भयो। यसैगरी, क्रिकेटका अम्पायर असद राउफको ६६ वर्षको उमेरमा हृदयाघातबाट निधन भएको थियो।

इंग्ल्यान्ड टी-२० विश्व च्याम्पियन

विश्व क्रिकेटमा लगातार एकदिवसीय र टी-२० विश्वकप जित्ने कीर्तिमान इंग्ल्यान्डले राख्यो। गत वर्ष अस्ट्रेलियामा आयोजना भएको आइसिसी टी-२० विश्वकपमा इंग्ल्यान्डले पाकिस्तानलाई पाँच विकेटले हराउँदै उपाधि हात पाऱ्यो। पाकिस्तान तेस्रोपटक फाइनल पुग्दा दुईपटक उपविजेता बन्यो। टी-२० विश्वकपमा अफगानिस्तानले सनसनी नजिता निकाल्यो। दक्षिण अफ्रिका नेदरल्यान्ड्ससँग स्तब्ध हुँदा पाकिस्तान सेमिफाइनलमा पुग्यो। प्रतियोगितामा भारतका विराट कोहली सर्वाधिक रनकर्ता बने। उनले दुई सय ९६ रन बनाए। श्रीलंकाली वानिन्दु हसरांगाले सर्वाधिक १५ विकेट हात पारे। व्यक्तिगत रूपमा पाकिस्तानका बाबर अजामले एकै वर्ष सर्वाधिक रन बनाउने कीर्तिमान आफ्नो नाममा राखे। विश्व चर्चित इन्डियन प्रिमियर लिग (आइपिएल) को उपाधि गुजरातले जित्यो। गुजरातले फाइनलमा राजस्थान रोयल्समाथि सात विकेटको जित निकाल्यो।

च्याम्पियन्स लिगमा म्याड्रिडको कीर्तिमान

गत वर्ष स्पेनिस क्लब रियल म्याड्रिडले कीर्तिमानी रूपमा १३औँ पटक उपाधि उचाल्यो। म्याड्रिडले फाइनलमा इंग्लिस क्लब लिभरपुललाई १-० ले हराउँदै उपाधि हात पारेको थियो। म्याड्रिडले १६औँ तथा लिभरपुलले नौपटक फाइनल खेलेका थिए। सन् २०१८ मा पनि लिभरपुल म्याड्रिडसँगै फाइनलमा पराजित भएको थियो। म्यानचेस्टर सिटीले इंग्लिस प्रिमियर लिगको उपाधि रक्षा गऱ्यो। रियल म्याड्रिडले बार्सिलोनालाई निराश पारी स्पेनिस ला लिगा हात पाऱ्यो। रियललाई च्याम्पियन्स लिग र ला लिगा जिताउन महत्त्वपूर्ण भूमिका खेलेका फ्रान्सका करिम बेन्जिमा वर्षको उत्कृष्ट फुटबलरका रूपमा 'बालोन डिअर' जित्न सफल रहे। इटालीको सिरिए लिगमा एसी मिलानले उपाधि जित्यो। जर्मनीमा बायर्न म्युनिखले लगातार ११ पटक बुन्डेस लिगाको उपाधि जित्ने रेकर्ड बनायो।

खेल संक्षेप

प्रिन्सलाई तीन स्वर्ण

कास्की/ प्रिन्स दाहालले प्रथम राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगितामा तीन स्वर्ण पदक जितेका छन्। शनिबार पोखरामा सम्पन्न खेलमा प्रिन्सले पुरुष एकल फाइनलमा नेपाल आर्मीका प्रफुल महर्जनलाई १९-२१, २१-१२ र २१-१४ को सेट पराजित गरेका हुन्। पुरुष एकलसँगै दाहालले मिक्स डबल र पुरुष युगलतर्फ गरी तीन स्वर्ण पदक हात पारेका हुन्। मिक्स डबलतर्फ दाहाल र निता लम्सालको जोडीले आर्मीका पविन लिडथेप र अनुमाया राईको जोडीलाई २१-१७ र २१-१४ को सोझो सेटमा पराजित गरे। पुरुष युगलतर्फ प्रिन्स र विष्णु कटुवालको जोडीले विधान अधिकारी र पविनको जोडीलाई २१-१६, २३-२५ र २१-१९ को सेटमा पराजित गरेका थिए।

महिला एकलतर्फ आर्मीकी रशिला महर्जनले नडसला तामाङलाई २४-२२ र २१-१३ को सोझो सेटमा पराजित गर्दै स्वर्ण पदक हात पारिन्। १७ वर्षमुनि पुरुषतर्फ आर्मीका डेभिड थापामगरले एपिएफका रोशन साउदलाई २१-९ र २१-१९ को सेटमा पराजित गर्दै स्वर्ण पदक हात पार्दा महिलातर्फ आर्मीकी सेस्ना सिर्पालीले आर्मीकै रेहाना शेरचनलाई २१-८ र २१-१७ को सेटमा पराजित गर्दै स्वर्ण जितेका हुन्। १२ वर्षमुनिको पुरुषतर्फ आर्मीका सुदेश राजकोटी र महिलातर्फ नेक्सस इन्टरनेसनल स्कुलकी सलिना श्रेष्ठले स्वर्ण पदक जिते।

प्रदीप र अभिलाषालाई उपाधि

कास्की/ प्रदीप खड्का र अभिलाषा विष्टले पोखरामा सम्पन्न १९औँ माछापुच्छे बैंक ओपन टेनिस प्रतियोगिताको उपाधि जितेका छन्। शनिबार भएको उपाधि भिडन्तमा प्रदीपले प्रनभ खनाललाई २-१ को सेटमा पराजित गरे। प्रनभ ६-३, १-६ र ७-५ ले पराजित भए। महिलातर्फको फाइनलमा अभिलाषाले सर्भानी श्रेष्ठलाई ६-२, ६-४ को सोझो सेटमा पराजित गरिन्। उपाधिसँगै प्रदीप र अभिलाषाले जनही ८० हजार प्राप्त गरे। उपविजेता प्रनभ र सर्भानीले जनही ४० हजार प्राप्त गरेका थिए।

यसैगरी, भेट्रान्स राष्ट्रिय टेनिस प्रतियोगिताको उपाधि जितेन्द्र परियारले जितेका छन्। ३५ वर्षमाथिको प्रतिस्पर्धामा जितेन्द्रले कमल भण्डारीलाई ६-० र ७-५ को सोझो सेटमा पराजित गरे। विजेता जितेन्द्रले ६० हजार र उपविजेता कमलले ३० हजार नगद पुरस्कार पाए। ४५ वर्षमाथिको प्रतिस्पर्धामा रोहित सुनुवारले विमल गुरुङलाई ६-४, २-६ र १०-४ ले पराजित गर्दै ४० हजार प्राप्त गरे। पराजित विमलले २० हजार पाए। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी सौगात विकले ३५ हजारबराबरको साइकल पुरस्कार पाप्त गरेका थिए।

बागमती गोल्डकप पुस २४ बाट

मकवानपुर/ बागमती गोल्डकप फुटबल प्रतियोगिता पुस २४ गतेबाट मकवानपुरमा आयोजना हुने भएको छ। बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हुने पाँचौँ संस्करणमा १० टोलीको सहभागिता रहनेछ। जनता माविको खेल मैदानमा हुने प्रतियोगितामा अमेरिकन क्लब भुटनिज युथ स्पोर्ट्ससहित नेपाल पुलिस, एपिएफ फुटबल, त्रिभुवन आर्मी फुटबल, मच्छिन्द्र, हिमालयन शेर्पा, चर्च ब्वाइज, जावलाखेल युथ र मकवानपुर-११ को सहभागिता रहनेछ। उपाधि विजेता टोलीले आठ लाख प्राप्त गर्दा उपविजेताले चार लाख पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५१ हजार प्राप्त गर्नेछन्। यसैगरी, विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही १० हजार र प्रत्येक खेलको म्यान अफ दी म्याचलाई नगद पाँच हजार प्रदान गरिनेछ।

लुम्बिनीको विजयी यात्रा समाप्त

नयाँ पत्रिका
काठमाडौं, १६ पुस

नेपाल टी-२० लिगको छैटौँ खेलमा आएर लुम्बिनी अल स्टार्सको विजयी यात्रा टुंगिएको छ। कीर्तिपुरस्थित त्रिवि खेलमैदानमा भएको प्रतियोगिताको १५औँ खेलमा लुम्बिनी पोखरा एभेन्जर्ससँग नौ विकेटले पराजित भएको हो। प्रतियोगितामा लुम्बिनीले पहिलो हार व्यहोर्दा पोखराले भने लगातार दोस्रो जित निकालेको छ। हारका बाबजुद लुम्बिनी ६ खेलबाट १० अंक जोडेर शीर्ष स्थानमा कायम छ। सात खेलमा चार अंक जोडेको पोखरा पाँचौँ स्थानमा यथावत् छ।

बलिङमा विपिन र जाहिरको दिन

बलिङतर्फ विपिन खत्री र जाहिर खान चम्किएपछि लुम्बिनी सस्तैमा समेटिएको थियो। टस जितेर ब्याटिङ रोजेको लुम्बिनी १९.५ ओभरमा सबै विकेट गुमाउँदा एक सय २७ रनमा समेटिएको हो। लुम्बिनीका भारतीय खेलाडी हरमित सिंहले २१ बलमा तीन चौका र तीन छक्काको मद्दतमा सर्वाधिक ३८ रन बनाए। यसैगरी, दक्षिण अफ्रिकाका साइले भान स्चालक्विकले १६, सुनिल धमलाले १५, योगेन्द्रसिंह कार्कीले १३ तथा ह्यारी टेक्टर र कप्तान दीपेन्द्रसिंह ऐरीले समान १० रन जोडे। लुम्बिनीलाई सस्तैमा समेट्न पोखराका विपिन र जाहिरले समान तीन विकेट लिएका थिए। आरिफ शेख, तुलबहादुर थापा र सिद्धान्त लोहनीले समान एक विकेट लिएका हुन्।



नेपाल टी-२० लिग

शेख दाजु-भाइको बलियो साझेदारी

आरिफ र आसिफ शेख दाजुभाइले बलियो ब्याटिङ साझेदारी गरेपछि पोखरा दोस्रो जित निकाल्न सफल भयो। लुम्बिनीले भने आफ्नो विजयी यात्रा कायम राख्न सकेन। लुम्बिनीले प्रस्तुत गरेको एक सय २८ रनको लक्ष्य पोखराले १० बल बाँकी हुँदा मात्रै एक विकेट गुमाउँदै भेट्टाएको थियो। पोखराका आसिफ शेखले ६२ बलमा नौ चौकाको मद्दतमा अविजित ७७ रनको योगदान गरे। उनी नै खेलको प्लेयर अफ दी म्याच घोषित भए। आरिफ शेखले अविजित १२ बलमा २५ रन जोडेका थिए। ओपनर सुमित महर्जन १३ रनमा पेभिलियन फर्किएपछि शेख जोडीले दोस्रो विकेटका लागि अविजित ९५ रनको प्रभावशाली साझेदारी गरेका हुन्।

जनकपुरको दोस्रो स्थान बलियो

समिउल्लाह सिनवारीको अलराउन्ड प्रदर्शनप्रेरित जनकपुर रोयल्सले विराटनगर सुपर किंग्सलाई ४९ रनले पराजित गरेको छ। चौथो जितसँगै जनकपुरले दोस्रो स्थान बलियो बनाएको छ। जनकपुरको पाँच खेलबाट आठ अंक रहँदा काठमाडौं नाइट्स, विराटनगर र पोखराको चार अंक छ। पुछारमा रहेको फार वेस्ट युनाइटेडको दुई अंक छ। शीर्ष चारमा रहेका टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्नेछन्।

चलेन विराटनगरको ब्याटिङ

एक सय ९० रनको लक्ष्य पछ्याएको विराटनगरले २० ओभरमा सात विकेट गुमाउँदै एक सय ४० रन मात्र बनाउन सक्यो। विराटनगरका हुसेन टलटले सर्वाधिक ४२ रन बनाए। पाकिस्तानका २६ वर्षीय टलटले २० बलमा चार चौका र दुई छक्का हिर्काएका थिए। यसैगरी, प्रदीप ऐरी ३६, गौरान्सु शर्माले ३३ तथा कप्तान आन्द्रे म्याकार्थीले १४ रन जोडे। प्लेयर अफ दी म्याच जनकपुरका समिउल्लाहले सर्वाधिक तीन विकेट लिँदा ललितनारायण राजवंशीले दुई विकेट लिएका थिए।

समिउल्लाहको आक्रामक इनिङ

अलराउन्डर समिउल्लाहले आक्रामक ब्याटिङ गरेपछि जनकपुरले बलियो योगफल तयार पारेको थियो। जनकपुरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ८९ रन बनायो। अर्धशतकीय इनिङ खेल्नेक्रममा समिउल्लाहले ४० बलमा ६ चौका र ६ छक्का मद्दतमा अविजित ७८ रनको योगदान दिएका थिए।

एपिएफ सेमिफाइनलमा



कास्की/ एपिएफ फुटबल क्लब आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार पोखरा रंगशालामा भएको पहिलो क्वार्टरफाइनलमा धरान फुटबल क्लबलाई २-० ले पराजित गर्दै साबिक विजेता एपिएफले अन्तिम चारमा स्थान बनाएको हो। विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ सीधै क्वार्टरफाइनलमा प्रतिस्पर्धा गरेको थियो।

धरानविरुद्ध एपिएफले दुवै गोल पहिलो हाफमा गरेको थियो। खेलको ३७औँ मिनेटमा बिकु तामाङले अग्रता दिलाएका थिए। मैदानको बीचभागबाट बुद्धिमान राईले मिलाएको लामो पासलाई सदुपयोग गर्दै बक्सभित्रबाट बिकुले गोल गरेका हुन्। खेलको म्यान अफ दी म्याच बुद्धिले नै पाए। पहिलो अग्रता लिएको तीन मिनेट बित्न नपाउँदै युवराज खड्काले एपिएफलाई २-० को अग्रता दिलाए। ४० औँ मिनेटमा रिबाउन्ड बललाई युवराजले पोस्टको दिशा दिए। दोस्रो हाफमा एपिएफले थप सुधारिएको प्रदर्शन गऱ्यो। तर, दुवै टोलीले गोलका अवसर सिर्जना गरेपछि सदुपयोग गर्न सकेनन्।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : www.narcononnepal.com.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com